# परिच्छेद : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **दाङ-तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जको नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दशौंपत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

लोक समाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्तिलाई नै लोककथा भनिन्छ । मानव सभ्यताको विकाससँगै यसको पनि विकास भएको पाइन्छ । लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । यसका आफ्नै विशेषताहरू छन् । मनोरञ्जनात्मकता, उपदेशात्मकता, सामाजिकता, काल्पनिकता, सरल भाषाशैली आदि यसका विशेषताहरू हुन् । लोककथामा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय, लोकतत्व आदि तत्वहरू पर्दछन् । दाङ जिल्ला नेपालका चौध अञ्चल अन्तर्गत राप्ती अञ्चलका पाँच जिल्ला मध्येको एउटा जिल्ला हो । यस जिल्लामा उन्चालीस् गाउँ विकास समिति र दुईवटा नगरपालिका रहेका छन् । यी दुई नगरपालिका मध्येको एक हो तुलसीपुर नगरपालिका । यहाँ एघारवटा वडाहरू रहेका छन् । यो प्राकृतिक, सांस्कृतिक, भाषिक तथा भौगोलिक विविधताले भरिपूर्ण नगरपालिका हो । यहाँ विभिन्न सम्प्रदायका मानिसहरूको बसोबास छ । यस नगरपालिकामा विशेष रूपमा दसैं, तिहार, तीज, माघेंसङ्क्रान्ति, शिवरात्री, होली आदि चाडपर्व मनाउने गरिन्छ । यहाँ लोककथा सुन्ने र सुनाउने परम्परा पाइएतापनि पहिलेको तुलनामा अहिले कमी भएको देखिन्छ । त्यसैले यस्ता लोककथाहरूको संरक्षण, सम्बर्द्धन र अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

लोककथाहरू देशका अमूल्य सम्पत्ति हुन् । यस्ता लोककथाहरूको अध्ययन-अनुसन्धान गरी संरक्षण र सम्बर्द्धन गर्नुपर्ने देखिन्छ । त्यसैले यस शोधपत्रमा तुलसीपु नगरपालिका क्षेत्रभित्र प्रचलित नेपाली लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र लोककथाहरू सुन्ने र सुनाउने परम्परा पाइएतापनि यस्ता कथाका बारेमा हालसम्म विशेष अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधपत्रको मुख्य समस्या भनेको दाङ जिल्लाको तुलसीपुर नगरपालिकामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु यस शोधपत्रको ध्येय रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरूको पहिचान गरिएको छ ।

क) तुलसीपुर नगरपालिकामा के-कस्ता लोककथाहरू रहेका छन् ?

ख) यहाँका लोककथाहरूलाई कति वर्गमा विभाजन गर्न सकिन्छ ?

ग) यहाँका लोककथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधपत्रको उद्देश्य

यस शोधपत्रको मूल उद्देश्य तुलसीपुर नगरपालिकामा प्रचलित नेपाली लोककथाका माध्यमबाट यस क्षेत्रको पहिचान एवम् यहाँका लोककथाहरूलाई राष्ट्रिय स्तरमा चिनाउनु हो । यसै गरी अन्य उद्देश्यहरू यस प्रकार रहेका छन् :-

क) तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन गर्नु ।

ख) संकलित लोककथाहरूको वर्गीकरण गर्नु ।

ग) संकलित लोककथाहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विविध विधाको अध्ययन नेपालमा धेरै विद्वानले गरेका छन् । यसक्रममा लोककथाको अध्ययन गर्ने कार्य पनि भएको छ तर दाङ  जिल्लाको तुलसीपुर नगरपालिका

क्षेत्रभित्र प्रचलित लोककथाहरूको छुट्टै अध्ययन भएको पाइएको छैन । तर तिनका विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष निम्नलिखित व्यक्तिहरूले गरेको अध्ययनको प्रस्तुति यस प्रकार रहेको छ :

क) तुलसी दिवसले **'नेपाली लोककथा** (२०३२)**'** नामक पुस्तकमा लोककथाको सिद्धान्तसहित अधिराज्यव्यापी लोककथा सङ्कलन गरेका छन् तर यी लोककथाहरूको विश्लेषण गरिएको छैन । दिवसकै **'नेपाली लोककथा केही अध्ययन** (२०३३)**'** नामक पुस्तकमा नेपाली लोककथाको वर्गीकरण र चर्चा गरिएको छ तर विस्तृत अध्ययन भने गरिएको छैन ।

ख) धर्मराज थापा र हंसपरे सुवेदीले **'नेपाली लोकसाहित्यको विवेचना** (२०४१)**'** नामक पुस्तकमा लोककथाका बारेमा चर्चा गरेका छन् तर दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाका बारेमा अध्ययन गरिएको छैन ।

ग) जीवेन्द्रदेव गिरीले **'लोकसाहित्यको अवलोकन** (२०५७)**'** नामक पुस्तकमा लोककथाको सामान्य चर्चा गरेका छन । गिरीकै **'नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन**( **२०६५**)**'** नामक अनुसन्धान कार्यमा नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन गरिएको छ तर दाङ जिल्लाको तुलसीपुर नगरपालिकामा प्रचलित लोककथाका बोरमा अध्ययन गरिएको छैन ।

घ) चूडामणि बन्धुले **'नेपाली लोकसाहित्य(२०५८)'** नामक पुस्तकमा लोककथाका बारेमा चर्चा गरेका छन् र केही लोककथाहरू पनि सङ्कलन गरेका छन् तर दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरू समावेश गरिएको छैन ।

ङ) **मधुपर्क** (२०५९) (**लोककथा विशेषाङ्क**) मा धेरै विद्वानहरूले लोककथाको सैद्धान्तिक परिचय दिनुका साथै धेरै लोककथाहरू पनि समेटिएको छ तर विश्लेषण गरिएको छैन ।

च) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेलले **"लोकवार्ता विज्ञान र लोकसाहित्य"** (२०६३) नामक पुस्तकमा लोककथाको सिद्धान्त सहित केही लोककथाहरू पनि समेटिएको छ तर विश्लेषण गरिएको छैन ।

छ) मोतीलाल पराजुलीले **"नेपाली लोककथामा अभिप्रायको अध्ययन** (**विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.२०५४**)**"** मा नेपाली लोककथाका अभिप्रायको अध्ययन गरिएको छ ।

ज) माधवप्रसाद  साप्कोटाले **'लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन**( २०६६) नामक पुस्तमा लोककथाको समाजशास्त्रीय अध्ययन गरेका छन् । तर तुलसीपुर नगरपालिकामा प्रचलित लोककथाको अध्ययन गरिएको छैन ।

## १.७ अध्ययनको औचित्य

दाङ जिल्लाको तुलसीपुर नगरपालिकामा परम्परादेखि जनजिब्रोमा मात्र सीमित रहेका लोककथाहरूलाई सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गरिएको हुनाले यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र मात्र सीमित रही लोकथाहरू सङ्कलन गरिएको छ र ती संकलित लोककथाहरूको वर्गीकरण र विश्लेषण पनि गरिएको छ । विश्लेषण गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा क्षेत्रीय अध्ययन पद्धतिको उपयोग गरिएको छ यस क्रममा तुलसीपुर नगरपालिकाका विभिन्न स्थानमा गएर त्यहाँ प्रचलित लोककथाहरू त्यस स्थानमा बसोबास गर्ने बुढाबुढी, युवायुवती, साक्षर, निरक्षर आदि विभिन्न तहका मान्छेसंग भेटघाट गरी भन्न लगाई सङ्कलन गरिएको छ । सैद्धान्तिक अध्ययनका लागि भने पुस्तकालयीय विधिको समेत उपयोग गरिएको छ ।

## १.१० शोध विधि

प्रस्तुत शोधकार्यका लागि वैज्ञानिक विधिको उपयोग गरिएको छ । यस क्रममा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई आवश्यकता अनुसार मूल शीर्षक र उपशीर्षकहरूमा समेत विभाजन गरी विषयवस्तुको अध्ययन र विश्लेषण गरिएको छ ।

परिच्छेद एक : शोधपत्र परिचय

परिच्छेद दुई : लोककथाको सैद्धान्तिक परिचय, नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

परिच्छेद तिन : दाङ-तुलसीपुर नगरपालिकामा प्रचलित लोककथाहरूको सङ्कलन

परिच्छेद चार : सङ्कलित लोककथाहरूको वर्गीकरण एवं विश्लेषण

परिच्छेद पाँच : उपसंहार

# परिच्छेद : दुई

# लोककथाको सैद्धान्तिक परिचय, नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

## २.१ लोककथाको परिचय

'लोक' र 'कथा' शब्दको संयोजनबाट लोककथा शब्दको निर्माण भएको छ । यसको अर्थ हुन्छ-लोकमा अथवा जनमानसमा प्रचलित कथा । यसलाई अंग्रेजीमा folktale भनिन्छ । भने हिन्दीमा कहानी भनिन्छ । समाजमा परम्परादेखि मौखिक रूपमा जीवित कथा नै लोककथा हुन् । लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । यो लोककथा लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसलाई बालक-वृद्ध, युवा-युवती लगाएतका विभिन्न उमेर समूहका व्यक्तिहरूले लोककथालाई भन्न र सुन्न मन पराउने हुनाले यसको लोकप्रियता दिनानुदिन बढ्दै गइरहेको छ । लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । लोककथाको प्रारम्भलाई कोट्याउने हो भने मानव सभ्यताको उषाकालसम्म पुग्न सकिन्छ । जब मानवले यस धर्तीमा पाइला टेक्यो र आफ्ना अभिव्यक्तिहरूलाई एकअर्कामा साटासाट गर्न सक्ने भयो, त्यसबेलादेखिबाट नै लोककथाको सुरुवात भएको हो । वेदमा यसका उदाहरणहरू भेटिनुबाट यस कुराको पुष्टि हुन्छ ।

संसारका सबै भाषा, जातजाति र क्षेत्रमा लोककथाको अस्तित्व पाइन्छ । यही सर्वव्यापकताका कारण लोककथालाई लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा लिइएको हो । लोककथा मौखिक परम्परामा जीवित रहने भएको हुनाले यसमा थपघट पनि भइरहन सक्छ । लोककथा भन्न र सुन्न जुनसुकै समयमा पनि भन्न र सुन्न सकिने भए तापनि उपयुक्त समय भने साँझ खाना खाइसकेपछिको समय हो । दिनभरीको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा सबैको बसिबियाँलो गर्ने दृष्टिकोणबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ । मनोरञ्जन, नैतिक शिक्षा, व्यवहारिक ज्ञान जस्ता पक्षहरू यसका उद्देश्य अन्तर्गत पर्दछन् । लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय यसका तत्वहरू हुन् । यसका विशेषताहरूमा लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन, विषयगत विविधता, थरीथरीका सहभागी आदि पर्दछन् ।

## २.२ लोककथाको परिभाषा

लोककथा लोकसाहित्यका विविध विधाहरूमध्ये अत्यन्त प्राचीन र महत्वपूर्ण विधा हो । लोकसाहित्यका कुनै पनि विधाको परिभाषा यही नै हो भनेर किटानीका साथ भन्न गाह्रो छ । त्यसैले लोककथाको परिभाषालाई पनि किटानीका साथ भन्न सकिँदैन । तैपनि यसलाई परिभाषित गर्ने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूले आ-आफ्नो तवरबाट प्रयास गरेका छन् । ती मध्ये केही विद्वानहरूका परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ । जुन निम्नानुसार छन्:-

क) लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थूल प्रतीकद्वारा अभिव्यक्ति गर्दछ । [१]

ख) लोककथाको नाम एक साधारण अर्थवाचक नामका रूपमा प्रयोग हुँदै आएको छ, जसको प्रयोग परम्परागत वृतात्मक र अन्य विविध व्यञ्जनाका रूपमा गर्ने गरिन्छ यसमा मौलिकताको अभाव हुन्छ । यो सुन्ने गरिन्छ र बारम्बार भन्ने पनि गरिन्छ । कहिलेकाहीँ कण्ठ-कण्ठ भएको लोककथामा नयाँ कथावाचकद्वारा केही परिवर्तन र परिवर्द्धन गर्ने गरिन्छ ।[२]

ग) लोककथामा लोकमानवका सबै प्रकारका भावना तथा जीवनदर्शन समाहित हुन्छ । अतीतलाई बुझ्ने जिज्ञासा, घटनाका सूत्र कोमल एवं पुरुष भावना, सामाजिक-ऐतिहासिक परम्परा, जीवनदर्शनका सबै सूत्र लोककथामा भेटिन्छन् ।[३]

घ) लोककथामा न त सामाजिक बैसम्यको वर्णन धुन्छ न आर्थिक शोषणको । राजनैतिक चहलपहल पनि यी कथामा पाइँदैन । यी प्राचीन लोककथाहरूमा जुन समाजको वर्णन छ, त्यो समाज सुखी हुन्छ ।[४]

ङ) लोकसाहित्यको मतलब हो, आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।[५]

---

१. सत्येन्द्र, लोकसाहित्य विज्ञान (आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी, १९७१), पृष्ठ १५० ।

२. श्रीराम शर्मा, लोकसाहित्यः सिद्धान्त और प्रयोग, तृ.सं. (आगरा : विनोद पुस्तक मन्दिर, १९९२) पृष्ठ १०६ ।

३. माधवप्रसाद सापकोटा, लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन, (काठमाडौं : सुजाता प्रकाशन २०६६) पृष्ठ ३६।

४. कृष्णदेव उपाध्याय, लोकसाहित्यकी भूमिका तृ.सं., (इलाहावाद : साहित्य भवन प्रा.लि.,१९७७) पृष्ठ १५९ ।

५. धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र त्रि.वि.२०४१) पृष्ठ २३३ ।

च) लोककथामा प्राचीन-अर्वाचीन अनेक विषयका कथाहरू छोटोमीठो रूपमा मौखिक परम्परामा अभिव्यक्त हुँदै आएका हुन्छन् । तिनमा लोकमानसको भावना अन्तर्निहित हुन्छ । ती मनोरञ्जक र सरल हुन्छन् ।[६]

छ) परापूर्वकालदेखि मौखिक रूपमा गाउँ-वस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो ।[७]

ज) मानव मनका सुख-दुःखका, कल्पना र भावना लोकका रुखासुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू, जो मनोञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुदैं आएका छन्, तिनलाई लोककथा भनिन्छ । [८]

झ) लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।[९]

ञ) विश्वका हरेक देशका मूल जातिको धर्म, संस्कृति, परम्परागत विश्वास, आचार-विचार, अन्धविश्वास, तन्त्रमन्त्र, जादू, टुनामुना एवं जीवनको हर्ष, विष्माद लोककथामा सुरक्षित छ । तसर्थः जीवनजगतको आख्यानमूलक लोकमनोरञ्जनपरक, गद्यात्मक प्रस्तुती नै लोककथा हो । [१०]

ट) लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।[११]

ठ) मौखिक परम्पराबाट प्राप्त अधिकांश कथाहरू लोककथा हुन् ।[१२]

---

६. जीवेन्द्रदेव गिरी, नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन, (भक्तपुर : विश्वविद्यालय अनुदान आयोग २०६५) पृष्ठ  ८ ।

७. कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, (काठमाडौं : वीणा प्रकाशन, २०५७) पृष्ठ १२ ।

८. मोतीलाल पराजुली, नेपाली लोकगाथा, (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृष्ठ १२ ।

९. चूडामणि बन्धु, नेपाली लोकसाहित्य (काठमाडौं : एकता बुक्स,२०५८) पुष्ठ-२८४ ।

१०. शम्भुप्रसाद कोइराला, लोकसाहित्य सिद्धान्त र विश्लेषण (विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५) पृष्ठ ९६ ।

११. तुलसी दिवस, नेपाली लोककथा केही अध्ययन, (काठमाडौं : ने.प्र.प्र. २०३३) पृष्ठ २-३ ।

१२. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३) पृष्ठ ३७२ ।

ड) मौखिक रूपमा सम्प्रेषित बेनामे रचनाकारको संक्षिप्त र सारगर्भित कथालाई लोककथा भनिन्छ । [१३]

ढ) रचनाकार अज्ञात रहेको मौखिक रूपमा सम्प्रेषित गद्यात्मक छोटो आख्यानलाई लोककथा भनिन्छ । [१४]

ण ) उत्पत्ति जहाँ भए पनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ । [१५]

त) परापूर्वकालदेखि ज्ञात रही संसारभर उपलब्ध रहेका र मौखिक रूपमा भनिने परम्परित कथाहरूलाई लोककथा भनिन्छ । [१६]

थ) विविध प्रकारका परम्परित आख्यानलाई बुझाउने सामान्य शब्दलाई लोककथा भनिन्छ ।[१७]

यसरी लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले परिभाषित गरेका छन् । ती विद्वानहरूले दिएका परिभाषालाई अध्ययन गर्दा समग्रमा लोककथाको परिभाषालाई यसरी परिभाषित गर्न सकिन्छ- लोकसमाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो ।

## २.३ लोककथाको स्वरूप

लोककथा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाने लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । यो भन्ने र सुन्ने परम्परामा हुर्कँदै अघि बढ्छ ।

---

१३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृष्ठ ३७२ ।

१४. ऐजन् ।

१५. ऐजन् ।

१६. ऐजन् ।

१७. ऐजन् ।

लोककथाका रचनाकार अज्ञात हुन्छन् । लोककथा लामा आकारका पनि पाइने भए तापनि अधिकांशतः छोटा आकारका नै हुन्छन् । यसर्थ यो संक्षिप्त हुन्छ । यसमा घटना, प्रसङ्ग, पात्र आदिका माध्यमबाट वर्णनात्मक र कालक्रमिक शैलीमा भनिने हुँदा यो आख्यानात्मक हुन्छ । लोककथा सामाजिक, ऐतिहासिक, अतिरञ्जित आदि विभिन्न किसिमका हुन्छन् । लोककथा 'एकादेशबाट' सुरु भएर 'सुन्नेलाई सुनको माला .....' मा गएर टुङ्गिन्छ । यसमा मानवीय पात्रदेखि लिएर मानवेतर, अतिमानवीय र पदार्थ समेतको अभिव्यक्ति हुन्छ । लोककथा मौखिक परम्परामा जीवित रहने भएकाले यो परिवर्तनशील हुन्छ । भाषा शैली वर्णनको तरिका आदिमा परिवर्तन भए पनि यसको मूल विषयवस्तु र सन्देशमा भने परिवर्तन पाइँदैन ।

## २.४ लोककथाका तत्वहरू

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा रहेको छ । यस्ता लोककथा बन्नको लागि आवश्यक पर्ने सामग्रीलाई लोककथाका तत्व भनिन्छ । तत्वलाई घटक, अवयव, संरचक आदि विभिन्न नामले पनि चिनाउने गरिन्छ । यी तत्वको अभावमा लोककथाको निर्माण हुन सक्दैन । अब यहाँ लोककथाका तत्वहरूका बारेमा चर्चा गरिन्छ ।

लोकतत्व

आख्यानतत्व

१. कथावस्तु

२. चरित्र

३. परिवेश

४. संवाद

५. उद्देश्य

६. भाषाशैली

७. अभिप्राय

### २.४.१ लोकतत्व

लोकजीवनमा विद्यमान रुढतत्व नै लोकतत्व हो । यसलाई सामूहिक अवचेतनको स्थिर तत्वका रूपमा लिइन्छ । चेतना जागृत नभैइसकेको साधारण मानवका विचार, भावना र कल्पना यसमा पर्दछन् । यस्तो मानवको सेरोफेरो, वेशभूषा, खानपान, कामधन्दा, उठबस आदिसंग संबन्धित परिवेश पनि लोकतत्व अन्तर्गत आउँछन् । अतिकल्पना, आत्मशीलता, जादू, टुनामुना, धम-अनुष्ठान, लोकविश्वास, लोकरितिरिवाज र परम्परित चिन्तन यसको अध्ययन क्षेत्रभित्र पर्दछन् ।

### २.४.२ आख्यानतत्व

साहित्यमा आख्यानलाई पूर्णता दिन सघाउने तत्वलाई नै आख्यान तत्व भनिन्छ । यस्ता तत्वका रूपमा मूलतः ६ वटा तत्वलाई लिइन्छ । ती हुन्: कथावस्तु, चरित्र, परिवेश, उद्देश्य, संवाद, भाषाशैली आदि । यिनै तत्वमा अभिप्रायलाई समावेश गर्दा आख्यानतत्वहरू निर्धारण हुन्छन् । अब यहाँ यिनै तत्वहरूको चर्चा गरिन्छ ।

#### २.४.२.१ कथावस्तु

लोककथामा कथावस्तुको महत्वपूर्ण स्थान हुन्छ किनभने कथावस्तुविना कथा निर्माण हुन सक्दैन । यसर्थ कथावस्तु भनेको कथा निर्माण गर्ने विषयवस्तु हो । कथावस्तुले नै लोककथालाई रोचक र विश्वसनीय बनाइदिन्छ । कथा एउटा कल्पनाको बीज रूप मात्र हो । कथानक चाहिँ त्यो बीज रूपबाट हुर्किएको, मौलाएको र फैलिएको रुख जस्तै हो । लोककथा कल्पनाद्वारा निर्मित हुने हुनाले कथावस्तुमा कल्पना र बौद्धिक तत्वले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । लोककथाको आख्यान पक्षलाई हेर्दा यो एउटा संगठित कथा शृङ्खलामा रचिएको हुन्छ । यसमा घटनाको आदि, मध्य र अन्त्यको सु-संगत हुन्छ । यसर्थ लोककथाको प्रमुख तत्वका रूपमा कथावस्तुलाई लिन सकिन्छ ।

#### २.४.२.२ चरित्र

लोककथामा कथानकलाई अगाडि बढाउन चरित्रको महत्वपूर्ण भूमिका हुन्छ । चरित्रको कथानकसंग घनिष्ठ सम्बन्ध हुन्छ । घटना घटित गराउने माध्यमका रूपमा चरित्र रहने भएकोले चरित्र र कथानकको निकट सम्बन्ध हुन्छ । लोककथामा विविध खालका

चरित्रहरू रहन्छन् । त्यस्ता चरित्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतलाई लिइन्छ । मानव चरित्रको रूपमा राजा, रानी, राजकुमारी, सामान्य मान्छे आदि पर्दछन् । मानवेतर चरित्रमा गाई, भैँसी, कुकुर, स्याल, बाघ, आदि पर्दछन् । यसै गरी अतिमानवीय चरित्रहरूमा अप्सरा, राक्षेस, देवता आदि पर्दछन् भने पदार्थ चरित्रको रूपमा ढङ्गा, माटो, रुख आदि पर्दछन् । लोककथा कल्पना प्रधान हुने हुँदा यसका चरित्रहरू पनि सामाजिक जीवनको यथार्थ धरातलबाट भन्दा काल्पनिक जगत्बाट बढी लिने गरिन्छ । यसर्थ लोककथामा आउने चरित्रहरूले प्रायः लोककथालाई लौकिक यथार्थभन्दा पर पुगेर प्रस्तुत गरेका हुन्छन् ।

## २.४.२.३ परिवेश

परिवेश लोककथाको अर्को महत्वपूर्ण तत्व हो । लोककथामा विभिन्न परिवेश आएको हुन्छ, जसमा ग्रामीण, दरबारिया, आञ्चलिक आदि परिवेश पर्दछन् । लोककथा लौकिक र अलौकिक परिवेशमा रचिएको हुन्छ । आँखाले देख्न सकिने घटना र पृथ्वीमा भएका घटना लौकिक परिवेश अन्तर्गत पर्दछन् भने आँखाले देख्न नसकिने केवल अनुभूति मात्र गर्न सकिने परिवेश अलौकिक परिवेश अन्तर्गत पर्दछन् । अलौकिक परिवेश अन्तर्गत देवलोक, नागलोक, परिलोक, जादूलोक आदि पर्दछन् । यही परिवेशले गर्दा पात्र अयथार्थ भएर पनि त्यसलाई यथार्थ नै हो भन्ने भ्रम श्रोतालाई पर्दछ । वातावरणको यही जीवन्त चित्रणले गर्दा लोककथा सुनौँ सुनौँ  लाग्ने हुन्छ ।

## २.४.२.४ संवाद

लोककथामा चरित्रहरू आपसमा कुराकानी गर्छन् । लोककथामा आएका मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतका पात्रहरू एक आपसमा संवाद गर्दछन् । यसरी संवाद हुने क्रममा मान्छे-मान्छेबीच, मान्छे र राक्षसबीच, जनावर र वनस्पति आदिका बीचमा पनि कुराकानी वा संवाद भएको सुन्न सकिन्छ । कहिलेकाहीँ गीत र श्लोक पनि संवादका क्रममा आउँछन् । चरित्रहरूका बीच भएको संवादको भाषा सरल, बोधगम्य र जीवन्त समेत हुन्छ ।

### २.४.२.५ उद्देश्य

हरेक कुराको आ-आफ्नो उद्देश्य भए जस्तै लोककथाको पनि आफ्ना उद्देश्यहरू हुन्छन् । लोककथालाई सार्थक तुल्याउने तत्व नै उद्देश्य हो । मूलतः लोककथाहरू मनोरञ्जन प्रदान गर्ने उद्देश्यले रचना गरिएका हुन्छन् तापनि यस भित्र मनोरञ्जनका अतिरिक्त धार्मिक, नैतिक शिक्षा वा उपदेश दिने कुराहरू पनि समावेश भएका हुन्छन् । यसर्थ उद्देश्य पनि लोककथाको अर्को महत्वपूर्ण तत्व हो ।

### २.४.२.६ भाषाशैली

लोककथाको भाषाशैली सरल हुन्छ । लोककथा मौखिक परम्पराबाट हस्तान्तरित हुने भएकाले यसको भाषाशैली पनि परिवर्तन भइरहन्छ । लोककथा ग्रामीण जनजीवनको झलक भएकाले यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग गरिन्छ, जसले गर्दा जनसाधारणले पनि सजिलै बुझ्न सक्छन् । लोककथाहरू मूलरूपमा वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ । तापनि अन्तःगर्भित र क्रमसंवर्धनात्मक शैलीको पनि प्रयोग गरेको पाइन्छ । लोककथाको मूल कथामा अन्य साना उपकथाहरू पनि आएका हुन्छन् भने त्यसलाई अन्तःगर्भित शैली भनिन्छ र एउटै कुरा बारम्बार दोहोरिएर आएमा त्यसलाई क्रमसंवर्धनात्मक शैली भनिन्छ । समग्रमा भन्नु पर्दा लोककथामा प्रायः वर्णनात्मक शैलीको प्रयोग पाइन्छ र भाषामा आलङ्कारिकता र पाण्डित्यको जटिलताबाट टाढा रहेको सरल र सजिव जनभाषाको प्रयोग गरिन्छ ।

### २.४.२.७ अभिप्राय

अभिप्रायलाई कथानक रुढि, कथानक तन्तु, निर्माण तन्तु आदि शब्दले पनि जनाउने गरिन्छ । यसको तात्पर्य रुढिपरम्परालाई संकेत गर्ने तत्व हो । अभिप्राय सामान्य किसिमका नभइ विशिष्ट किसिमका हुन्छन् । बिरालाले बाटो काट्नु, सौतेनी आमा, रित्तो गाग्री आदि जस्ता पदावली लोककथामा प्रयोग भएका हुन्छन् । यिनले लोककथामा अनौठोपना, आनन्द र विशिष्टता प्रदान गर्दछन् । यसर्थ अभिप्रायले लोककथाको अध्ययनमा महत्वपूर्ण स्थान राख्दछ ।

यसरी माथि उल्लेखित तत्वहरूले लोककथाको संरचनालाई स्पष्ट पार्दछन् । यी सबै तत्वहरूको संयोजनले लोककथा रोचक, रोमाञ्चक, मनोरञ्जक र पूर्ण बन्दछ ।

## २.५ लोककथाका विशेषताहरू

लोककथा मौखिक परम्परामा जीवित रहँदै आएको लोकसाहित्यको महत्वपूर्ण विधा अन्तर्गत पर्दछ । बूढाबूढीदेखि बच्चा बच्चीसम्मले यसलाई सुन्न र सुनाउन लालायित हुने भएकोले यसको लोकप्रियता स्वतः प्रमाणित हुन्छ । यो समाजमा मनोरञ्जन र अर्ती-उपदेश दिने महत्वपूर्ण साधनको रूपमा रहेको हुन्छ । मौखिक परम्परामा चल्दै आएको यस विधाको आफ्नो छुट्टै पहिचान छ । यसरी यसले आफ्नो पहिचान देखाउने क्रममा विशेषताहरू पनि ग्रहण गरेको हुन्छ । ती विशेषताहरू हुन्-

- लोकमानसको अभिव्यक्ति
- बोधगम्य भाषा
- मनोरञ्जनात्मकता
- उपदेशात्मकता
- रचनाकार अज्ञात हुन
- आदि-अन्त्यमा विशिष्ट कथन
- विषयगत विविधता
- सामाजिकता
- काल्पनिकता
- भाग्यवादी प्रवृत्ति
- धार्मिक विश्वास
- थरीथरीका सहभागी ।

अब यहाँ विशेषताहरूको क्रमशः चर्चा गरिन्छ ।

### २.५.१ लोकमानसको अभिव्यक्ति

लोककथामा शिक्षित व्यक्तिका परिष्कारपूर्ण अभिव्यक्ति नभएर लोकमानसकै अभिव्यक्ति रहेको हुन्छ । लोकजीवनमा प्रयुक्त अभिव्यक्ति नै लोककथामा प्रकट भएको हुन्छ । ती अभिव्यक्तिमा लोकजीवनका मूल्य, मान्यता र अन्य विविध पक्ष पनि समेटिएका हुन्छन् । यसर्थ ती लोकका निमित्त अस्तित्वान् हुन्छन् ।

### २.५.२ बोधगम्य भाषा

लोककथा ग्रामीण जीवनका अन्जान, अपठित र सिधासाधा मानिसहरूको रचना भएकाले यसमा सरल र सुबोध भाषाको प्रयोग भएको हुन्छ । यसर्थ यो सरल, सहज र सम्प्रेषणीय हुन्छ । लोककथा प्राय गद्य भाषामा निर्मित भए पनि कतै कतै पद्यको प्रयोग भएको भेटिन्छ ।

### २.५.३ मनोरञ्जनात्मकता

मनोरञ्जनात्मकता लोककथाको महत्वपूर्ण विशेषता हो । मनोरञ्जनात्मकताकै कारण कथा सुन्ने मानिस आफ्नो थकाई त्यतैतिर आकर्षित हुन्छ । लोककथामा श्रोतालाई मनोरञ्जन दिन पशुपात्रहरूको पनि उपस्थिति देखाई तिनलाई मानवीय भाषामा बोलाइन्छ । मानव र पशुमा एक आपसमा संवाद गराइएको हुन्छ । पदार्थ पात्रहरूले सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गरेको पनि देखाइन्छ । यी सबै क्रियाकलापले श्रोतालाई आनन्द प्रदान गर्दछ ।

### २.५.४ उपदेशात्मकता

लोककथामा विभिन्न उपदेशहरू हुन्छन् । लोककथाको प्रकृतिअनुसार यसका उपदेशहरू पनि फरक-फरक हुन्छन् । साहसी र वीरका कथाले वीर र साहसी बन्न, नैतिक कथाले नीतिवान् बन्न र धार्मिक कथाले धर्मप्रति आस्थावान बन्न प्रेरित गर्दछ । यसै गरी हास्यव्यङ्ग्यका कथामा पनि विकृतिबाट टाढा रहनु पर्दछ भन्ने उपदेश दिइएको हुन्छ ।

### २.५.५ रचनाकार अज्ञात हुनु

लोककथा लोकको रचना भएकाले यसमा कुनै एउटा लेखको प्रभाव रहँदैन । एउटा व्यक्तिले अर्को व्यक्तिलाई सुनाउने र त्यसले फेरी अर्कोलाई सुनाउने गर्दा कथालाई रोचक

पार्न त्यसमा थपघट समेत गरिन्छ । लोककथामा सामूहिक अवचेतनको प्रभाव रहने भएकाले यसको रचनाकार अज्ञात रहेको हो ।

### २.५.६ आदि-अन्त्यमा विशिष्ट कथन

लोककथाको आदि-अन्त्यमा विशिष्ट कथन हुन्छ । यसको प्रारम्भ 'एकादेशबाट' र अन्त्य चाहिँ 'सुन्नेलाई सुनको माला..' जस्ता शब्दावलीबाट गरिन्छ । यसरी विशिष्ट कथनबाट यसको आदि-अन्त्य गरिन्छ ।

### २.५.७ विषयगत विविधता

लोककथाहरू ऐतिहासिक, धार्मिक, सामाजिक आदि विविध विषयहरूमा सिर्जना गरिएका हुन्छन् । यही विषयगत विविधताका कारण लोककथाले समाजका अनेक पक्षलाई समेटेको हुन्छ । यसै गरी यसको विषयवस्तु लौकिक र अलौकिक दुवै हुन सक्छ ।

### २.५.८ सामाजिकता

लोककथाले समाजको यथार्थ थाहा पाउन महत्वपूर्ण भूमिका खेल्दछ । समाजका चालचलन, रीतिस्थिति, संस्कृति आदिको यथार्थ तस्वीर लोककथामा खिचिएको हुन्छ यसर्थ लोककथाले समाजको दर्पण भएर काम गरेको हुन्छ ।

### २.५.९ काल्पनिकता

लोककथा कल्पना तत्वले भरिपूर्ण लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । सामान्यतः सबै लोककथामा कल्पना तत्व प्रशस्त मात्रामा पाइए तापनि राक्षस, भूतप्रेत, परी, अप्सरा, देवीदेवता, वीरता, टुनामुना आदिसंग सम्बन्धित कथामा कल्पना तत्व अत्यधिक मात्रामा पाइन्छ । यस्ता कथामा अलौकिक पात्रहरू आएका हुन्छन् र तिनीहरूलाई काल्पनिक जगत्मा विचरण गराइएको हुन्छ । लोककथामा वास्तविक भन्दा परको कुरालाई प्रस्तुत गरिएको हुन्छ । यस अर्थमा अतियथार्थवादका कोणबाट लोककथालाई हेर्नु उपयुक्त हुन्छ ।

### २.५.१० भाग्यवादी प्रवृत्ति

लोककथामा भाग्यवादी चिन्तन प्रस्तुत गरिएको हुन्छ । भाग्यमा भए जुन काम पनि सफल हुन्छ भन्ने भाग्य सम्बन्धी विश्वास लोककथामा पाइन्छ, जसलाई लोकविश्वास

भनिन्छ । यसरी लोककथामा कर्म भन्दा पनि भाग्यमा विश्वास गर्ने वातावरण सिर्जना भएको हुन्छ ।

### २.५.११ धार्मिक विश्वास

समाज धार्मिक विश्वासमा अडेको हुनाले गर्न हुने कुरो के हो, र गर्न नहुने कुरो के हो, त्यसैका आधारमा लोककथा भनिएको हुन्छ । लोककथामा ऋषि, महर्षिहरूका वाणीहरू उल्लेख गरेर राम्रो काम गर्नेलाई वरदान दिने र नराम्रो काम गर्नेलाई दुःख दिने धार्मिक विश्वास सम्बन्धी धारणाहरू उल्लेख गरिएका हुन्छन् ।

### २.५.१२ थरीथरीका सहभागी

लोककथाको प्रकृत्ति अनुसार लोककथा सुन्ने र सुनाउने व्यक्तिहरू फरक-फरक उमेरका हुन्छन् । धार्मिक र सृष्टिका कथा भन्न र सुन्न बूढापाकाहरू अग्रसर हुन्छन् भने जीव र वनस्पति सम्बन्धी कथाहरूमा बालबालिकाहरू अग्रसर हुन्छन् यसर्थ लोककथामा थरीथरीका सहभागी हुन्छन् ।

यसरी लोककथाले मनोरञ्जनात्मकता, लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, उपदेशात्मकता, भाग्यवादी प्रवृत्ति, आदि-अन्त्यमा विशिष्ट कथन आदि विशेषताहरू ग्रहण गरेर आफ्नो यात्रा गरिरहेको छ । यो लोककथाको आत्म र स्पन्दनका रूपमा रहेको छ ।

## २.६ लोककथाको वर्गीकरण

लोककथा मौखिक परम्परामा जीवित रहेको लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले संसारका प्रायः सबै जाति, भाषा र क्षेत्रमा आफ्नो अस्तित्व कायम गरेको छ । यसको रचना लोकले गर्दछ । कथावाचकले श्रोतालाई हेरेर कथामा थपघट पनि गर्न सक्छ । यस्तो अवस्थामा केही परिवर्तन पनि आउँछ तर मूल भावमा भने केही फरक आउँदैन । यसको विषय क्षेत्र अत्यन्त फराकिलो छ । यसको विषय क्षेत्र फराकिलो हुँदाहुँदै पनि अध्ययनको सुविधाको लागि यसको वर्गीकरण गर्नु आवश्यक हुन्छ । लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ । संस्कृत साहित्यका आचार्यहरूले कथालाई विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी दुई भागमा विभाजन

गरेर काल्पनिक कथानक भएकोलाई कथा र सत्यघटनामा आधारित ऐतिहासिक विषयवस्तु भएकोलाई आख्यायिका भनेर विभाजन गरेका छन् ।

यसैगरी भारतीय विद्वान् कृष्णदेव उपाध्यायले लोककथालाई ६ भागमा विभाजन गरेका छन् ।[१८]

१. उपदेश कथा २. व्रतकथा ३. प्रेमकथा
४. मनोरञ्जन कथा ५. सामाजिक कथा ६. पौराणिक कथा

त्यसै गरी लोकसाहित्यका अध्येता मोतीलाल पराजुलीले ४ भागमा विभाजन गरेका छन् ।[१९]

१.पौराणिक लोककथा २. ऐतिहासिक लोककथा
३. सामाजिक लोककथा ४. अतिमानवीय लोककथा

आफ्नो परम्परागत रीतिरिवाज, चालचलन, रहनसहन, धर्म तथा मान्यताको विभेदको कारणले गर्दा लोक साहित्यको बनोट फरक फरक हुन्छ । यसर्थ नेपाली लोककथाको पनि आफ्नो छुट्टै बुनोट छ । सामाजिक, सांस्कृतिक, धार्मिक तथा अन्य विविध कुराहरूलाई ध्यान दिएर लोककथाको वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । मूल रूपमा लोकजीवनको सामाजिक र सांस्कृतिक पृष्ठभूमिलाई बिर्सनु हुदैन । यस पृष्ठभूमिमा नेपाली लोककथालाई तुलसी दिवसले १० भागमा विभाजन गरेका छन् ।[२०]

१. सांस्कृतिक ऐतिहासिक लोककथाहरू २. अर्ती उपदेशका लोककथाहरू
३. पशुपंछीका लोककथाहरू ४. मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू
५. अतिमानवीय लोककथाहरू ६. दैवी लोककथाहरू
७. फलफूलका लोककथाहरू ८. धार्मिक लोककथाहरू
९. साहस तथा बहादुरीका लोककथाहरू १०. विविध लोककथाहरू ।

त्यस्तै लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथालाई ५ भागमा विभाजन गरेका छन् । जुन यस प्रकार छन्-[२१]

---

१८. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृष्ठ १३१ ।

१९. मोतीलाल पराजुली, 'धर्मात्मा राजा' नेपाली लोककथा सङ्ग्रह १, २०५, पृष्ठ ४ ।

२०. तुलसी दिवस, पूर्ववत्, पृष्ठ ३८ ।

२१. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृष्ठ ३४६ ।

१. धार्मिक तथा सांस्कृतिक-ऐतिहासिक लोककथा

२. मानवीय तथा अतिमानवीय लोककथा    ३. पशुपंछीका लोककथा

४. दैवी लोककथा    ५. विविध लोककथा ।

माथि उल्लेख गरिएका विभिन्न विद्वान्हरूको वर्गीकरणलाई आधार मानेर लोककथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ -

१. सामाजिक लोककथा

२. ऐतिहासिक लोककथा

३. सांस्कृतिक तथा धार्मिक लोककथा

४. पौराणिक लोककथा

५. अतिरञ्जित लोककथा

६. पशुपंछी सम्बन्धी लोककथा

७. विविध लोककथा

## २.६.१ सामाजिक लोककथा

समाजका चालचलन, रीतिरिवाज, उठबस आदिसँग सम्बन्धित कुराहरू अभिव्यक्त भएका कथाहरू नै सामाजिक लोककथा हुन् । यस्ता लोककथाहरूमा मनोरञ्जन र नैतिक उपदेश दिने भावना पनि रहेको हुन्छ । सामाजिक कथाहरूमा मानवीय पात्रहरूको उपस्थिति रहेको हुन्छ । यस्ता कथाहरूमा सौता-सौताबीचको झगडा, भाइ-भाईबीचको झगडा आदि कुराहरू आएका हुन्छन् । सामाजिक लोककथाहरू मानिसलाई कुमार्ग छोडेर सुमार्गमा लागोस् भन्ने उद्देश्यले सुन्ने र सुनाउने गरिन्छ ।

## २.६.२ ऐतिहासिक लोककथा

ऐतिहासिक विषयवस्तु समावेश भएका लोककथालाई ऐतिहासिक लोककथा भनिन्छ । यस्ता कथाहरू अन्तर्गत वीर पुरुष, राजा, महाराजा आदिका कथाहरू पर्दछन् । ऐतिहासिक

लोककथामा वीरत्वको प्रसङ्ग आउने हुँदा यस्ता लोककथाहरूले श्रोताहरूलाई वीरत्वको भावनातर्फ अभिप्रेरित गर्दछन् ।

## २.६.३ सांस्कृतिक तथा धार्मिक लोककथा

समाजमा विद्यमान धर्म र संस्कृतिसँग सम्बन्धित कथाहरू नै सांस्कृतिक तथा धार्मिक लोककथाहरू हुन् । समाज धार्मिक विश्वासमा अडेको हुन्छ । पूजा-आजा गर्ने, मठमन्दिर जाने जस्ता धर्म अनुष्ठानसँग सम्बन्धित कुराहरू धार्मिक लोककथामा आएका हुन्छन् । यसैगरी राम्रो काम गरे स्वर्ग गइन्छ र नराम्रो काम गरे नरकमा गइन्छ भन्ने जस्ता धार्मिक विश्वास सम्बन्धी कुराहरू लोककथामा पाइन्छ । समाजमा विद्यमान जन्मदेखि मृत्युसम्मका संस्कारका कुराहरू सांस्कृतिक लोककथामा आउँछन् ।

## २.६.४ पौराणिक लोककथा

पुराण, महाभारत, रामायण आदिका कथाहरू नै पौराणिक कथा हुन् । यस्ता कथाहरूले श्रोताहरूलाई अर्ती-उपदेश दिन्छन् । सृष्टिचक्र र धार्मिक विश्वासका कथाहरू पनि पौराणिक लोककथामा आएका हुन्छन् ।

## २.६.५ अतिरञ्जित लोककथा

अलौकिक र काल्पनिक संसारका लोककथाहरू समावेश भएका कथाहरू नै अतिरञ्जित लोककथा हुन् । यस्ता लोककथाका पात्रहरूमा धामी, झाँक्री, बोक्सी, अप्सरा, राक्षस आदि पर्दछन् । यी पात्रहरूलाई काल्पनिक संसारमा विचरण गराएर यथार्थ भन्दा परको कुरा देखाइएको हुन्छ । अतिरञ्जित लोककथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

## २.६.६ पशुपंछी सम्बन्धी लोककथा

मानवेतर पात्रहरू पशु र चराचुरुङ्गी आदिका कथाहरू नै पशुपंछी सम्बन्धी लोककथा हुन् । यस्ता कथाहरूमा मानवेतर पात्रहरू एक आपसमा मानवको भाषामा संवाद गर्दछन् । यिनीहरूको संवाद सुनेर श्रोताहरू अचम्म पर्दै मनोरञ्जन लिन्छन् । यस्ता कथाका पात्रहरूमा बिरालो, भँगेरा, स्याल, गाई, काग, कुकुर आदि पर्दछन् ।

### २.६.७ विविध लोककथा

यी माथि उल्लेख गरिएका ६ वटा वर्गीकरण अन्तर्गत समावेश गर्न नसकिएका लोककथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । विभिन्न जातजाति, धर्मसंस्कृति, वृक्ष, वनस्पतिका कथा लगाएत अन्य थुप्रै प्रकारका कथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । बालकथालाई पनि यसै वर्गभित्र राख्न सकिन्छ ।

यसरी लोककथालाई माथि उल्लेख गरे अनुसार विभिन्न प्रकारमा वर्गीकरण गर्दै समेट्ने प्रयास गरिएको छ । लोककथाहरू विभिन्न प्रकारका भए तापनि यिनीहरूको मूल उद्देश्य भनेको मनोरञ्जन र अर्ती-उपदेश प्रदान गर्नु नै हो ।

## २.७ लोककथा र आधुनिक कथा

साहित्यका विभिन्न विधाहरू मध्ये लोककथा र आधुनिक कथा केही समानता भएका विधा हुन् । त्यसैले अहिलेको आधुनिक कथा लोककथाबाटै विकसित भएको पुष्टि हुन्छ । यिनीहरूमा तत्वगत र आकारगत समानता पाइन्छ । लोककथा र आधुनिककथा दुवैमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु आदि तत्वहरूमा समानता पाइन्छ । यसै गरी आकारका दृष्टिले पनि यी दुवै समान देखिन्छन् । लोककथा र आधुनिककथामा संवाद गौण रूपमा रहेको हुन्छ ।

लोककथा र आधुनिककथामा तत्वगत र आकारगत समानता बाहेक अरु सबै कुरामा भिन्नता पाइन्छ । यिनमा पाइने प्रमुख भिन्नता यस प्रकार उल्लेख गरिएको छ, जुन निम्नानुसार छन्-

| **लोककथा** | **आधुनिक कथा** |
|---|---|
| १) यो श्रव्य विधा हो, | १) यो पाठ्य विधा हो, |
| २) अज्ञात रचनाकार, | २) ज्ञात रचनाकार, |
| ३) यो सामाजिक सम्पत्ति, | ३) वैयक्तिक सम्पत्ति हो, |
| ४) यो परिवर्तनशील हुन्छ, | ४) यो अपरिवर्तित हुन्छ, |
| ५) यसमा आदर्शवादको प्रधानता हुन्छ । | ५) यथार्थवादको प्रधानता हुन्छ, |

| | |
|---|---|
| ६) यसमा आदिम जीवन र भावनाको अभिव्यक्ति हुन्छ, | ६) यसमा आधुनिक जीवन र भावनाको अभिव्यक्ति हुन्छ, |
| ७) यसमा कल्पनाको प्रधानता हुन्छ, | ७) यसमा वास्तविकताको प्रधानता हुन्छ, |
| ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको अभाव हुन्छ, | ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको महत्वपूर्ण स्थान हुन्छ , |
| ९) यो प्रायः सुखान्त हुन्छ, | ९) यो सुखान्त र दुःखान्त दुवै हुन्छ, |
| १०) यसमा रैखिक शैलीमा विन्यस्त कथानक हुन्छ, | १०) यसमा रैखिक वा वृत्तकारीय शैलीमा विन्यस्त कथानक हुन्छ, |
| ११) यसमा अलौकिक पात्रको पनि समावेश हुन्छ, | ११) यसमा अलौकिक पात्रको गौण समावेश हुन्छ, |
| १२) यो मनोरञ्जन प्रधान/नीतिप्रधान हुन्छ, | १२) यो मूलतः यथार्थ प्रधान हुन्छ, |
| १३) यसमा सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग हुन्छ । | १३) यसमा विशिष्ट र अलङ्कृत भाषाशैलीको प्रयोग हुन्छ, |
| १४) यो वर्णनात्मक हुन्छ, | १४) यो वर्णनात्मक र विश्लेषणात्मक दुवै हुन्छ, |
| १५) यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रधानता हुन्छ, | १५) यसमा प्रथम पुरुष र तृतीय परुष दृष्टिविन्दुको प्रधानता हुन्छ, |
| १६) यसको बीच-बीचमा गीत पनि आउन सक्छ । | १६) यसको बीचमा गीत समावेश गरिँदैन । |

यसरी यी माथिका विवरणका आधारमा लोककथा र आधुनिक कथाको स्वरूपलाई छुट्याउन सकिन्छ ।

## २.८ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

### २.८.१ पृष्ठभूमि

नेपाली लोकसाहित्यको अध्ययन परम्परा कहिलेदेखि सुरु भयो भनी ठोकुवा गर्न सकिँदैन । चुडामणि बन्धुले सुरुदेखि वि.सं.१९९८ सम्मको अवधिलाई सम्वर्द्धनकाल भनेका छन् । वि.स.१९९८ देखि २०२४ को अवधिलाई सङ्कलन काल र वि.सं.२०२४ देखि यताको

अवधिलाई अध्ययन-अनुसन्धान काल भनेका छन् । अध्ययन-अनुसन्धान परम्पराको सुरुवात महानन्द सापकोटाको गोर्खा संसारमा प्रकाशित 'नौलो कुरा' शीर्षकको लेखबाट हुन्छ । यसर्थ नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको इतिहासमा एउटा नयाँ युगको सुरुवात सापकोटाले गरेको स्पष्ट हुन्छ ।

नेपाली लोककथाको सङ्कलन परम्पराको इतिहासलाई पहिल्याउने हो भने बोधविक्रम अधिकारी र उनको **नेपाली दन्त्यकथा** (१९९६) सम्म पुग्नुपर्ने हुन्छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार विन्दु मानिन्छ । यसपछि पनि निरन्तर रूपमा नेपाली लोककथाको सङ्कलन गर्ने कार्य भइरहेको छ । तुलसी दिवसले वि.सं.२०२४ मा 'लोकवार्ताः गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशित पनि गरे । लोककथा पनि लोकसाहित्यको एउटा विधा भएकाले यसको अध्ययन परम्पराको आधार विन्दु पनि यही अवधिलाई मान्नु पर्ने हुन्छ । अब यहाँ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परालाई छुट्टाछुट्टै शीर्षकमा चर्चा गर्नु पर्ने देखिन्छ ।

## २.८.२ नेपाली लोककथाको सङ्कलन परम्परा

नेपाली लोककथाको सङ्कलन परम्परामा बोधविक्रम अधिकारीको नाम अग्र स्थानमा आउँछ । यस सन्दर्भमा उनको **नेपाली दन्त्यकथा (१९९६)** महत्वपूर्ण स्थान राख्न सफल छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार विन्दु मानिन्छ । १९९६ भन्दा अगाडि अन्य भाषाबाट नेपालीमा अनुवाद गरिएका दन्त्यकथाका संग्रहहरू भेटिन्छन् तर मौलिक परम्परामा जीवित नेपाली दन्त्यकथाहरूको सङ्कलन गर्ने कार्यको प्रारम्भ वि.सं.१९९६ देखि मात्र भएको हो । अब यहाँ नेपाली लोककथाको सङ्कलन कार्यलाई सूचीबद्ध गर्ने प्रयत्न गरिन्छ ।

बोधविक्रम अधिकारी **नेपाली दन्त्यकथा** (१९९६)

ललितजङ्ग सिजापति **दन्त्यकथा माला** (२००३)

सुवर्णशम्शेर जबरा **दन्त्यकथा** (२००५)

काजीमान कन्दङ्वा **आठ कक्षा** (२००११)

शिवमणि प्रधान र अमरमणि प्रधान **कथाकहानी** (२०११)

जुजुराम कुस्ले **सुनौला कथा** (२०१६), **बादलकी रानी** (२०१६)

इमानसिंह चेम्जोङ **किराँती दन्त्यकथा** (२०२१)

करुणाकर वैद्य, **नेपाली दन्त्यकथा सङ्ग्रह** (२०२२)

पासाङ गोपर्मा **बुहारी** (२०२४)

ललितजङ्ग सिजापति **नेपालका लोककथा** (२०२४)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क पहिलो माला** (२०२७ जेठ)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क दोस्रो माला** (२०२७ पुस)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क तेस्रो माला** (२०२८)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क चौथो माला** (२०२८)

वासु रिमाल **'यात्री' एकादेशमा** (२०२८)

करुणाकर वैद्य **नेपालका लोककथाहरू** (२०२८)

तुलसी दिवस **नेपाली लोककथा** (२०३२)

लीलासिंह कर्मा **हाम्रो लोककथा** (२०३८)

पूर्णप्रकाश नेपाल 'यात्री' **भेरी लोकसाहित्य** (२०४१)

तेजप्रकाश श्रेष्ठ **अछामी लोकसाहित्य** (२०४४)

शिवकुमार श्रेष्ठ **किराँती लोककथाहरू** (२०४७)

रामविक्रम सिजापति **नेपाली लोककथा सँगालो** (२०४८)

करुणाकर वैद्य **अञ्चल लोककथा** (२०५१)

शिवकुमार श्रेष्ठ **किराँती लोककथा सँगालो** (२०५१)

केयरसिंह गुरुङ **नेपाली लोककथा सङ्ग्रह** (२०५३)

कृष्णप्रसाद श्रेष्ठ **सुनौलो सिउर** (२०५४)

जुजुराम कुस्ले **सुनौलो कथा-सङ्ग्रह** (२०५७)

मोतीलाल पराजुली **धर्मात्मा राजा** (२०५९)

रत्नाकर देवकोटा **कर्णालीका लोककथा** (२०६३)

माथि उल्लेख गरिएको विवरणका साथै चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) र मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ता विज्ञान र लोकसाहित्य** (२०६३) लगाएतका पुस्तकमा पनि केही कथाहरू सङ्कलन गरिएका छन् ।

## २.८.३ नेपाली लोककथाको अध्ययन परम्परा

तुलसी दिवसले वि.सं.२०२४ मा 'लोकवार्ता: गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशन गरे । यसपछि वि.सं.२०२५ मा वासुदेव त्रिपाठीले लोकसाहित्य र लोकसाहित्यसम्बन्धी लेखहरू लेखेका छन् । **हाम्रो संस्कृति** (२०२७) पत्रिकाले पनि लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रदिप रिमालले **कर्णाली लोकसंस्कृति** (२०२८) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसैक्रममा वि.सं.२०२८ मा त्रि.वि. नेपाली विभागले स्नातकोत्तर तहमा लोकसाहित्यलाई समावेश गऱ्यो र लोकसाहित्यका अन्य विधाका साथै लोककथाको अध्ययन परम्परा पनि अघि बढ्दै गयो । नेपाली लोककथाको अध्ययन परम्परामा तुलसी दिवसको **नेपाली लोककथाका केही अध्ययन** (२०३३) नामक पुस्तक एक महत्वपूर्ण उपलब्धिको रूपमा देखापर्दछ । यस पुस्तकमा नेपाली लोककथाको वर्गीकरण गरिनुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वान्हरूले गरेको लोककथाको वर्गीकरणलाई पनि अगि सारिएको छ । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । उनको वर्गीकरणलाई आधिकारिक मानिन्छ । यसै गरी धर्मराज थापा र हंसपुरे सुवेदीले **लोकसाहित्यको विवेचना** (२०४१) नामक पुस्तकमा पनि लोककथाका बारेमा चर्चा गरेका छन् । तेजप्रकाश श्रेष्ठले **अछामी लोकसाहित्य** (२०४४) पुस्तकमा केही लोककथाहरू सङ्कलन गरी तिनको अध्ययन पनि गरेका छन् । मोतीलाल पराजुलीले **नेपाली लोककथाका अभिप्रायको अध्ययन** (विद्यावारिधि शोधप्रबन्ध २०५४, त्रि.वि.) मा लोककथाको अभिप्रायको गहन अध्ययन गरिएको छ । दोस्रो अध्यायमा 'अभिप्रायको स्वरूप र अध्ययन परम्परा' मूल शीर्षक अन्तर्गत अभिप्रायको सैद्धान्तिक अवधारणा अगि सारिएको छ । यसै

क्रममा लोककथाको चिनारी गराउँदै अभिप्रायलाई लोककथाको अनिवार्य तत्वका रूपमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा अभिप्रायको वर्गीकरण गरिएको छ भने चौथो अध्यायमा नेपाली लोककथामा पाइने अभिप्रायको विश्लेषण गरिएको छ । प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । अभिप्रायलाई आधार मानेर गरिएको यस अध्ययनले एक पृथक अस्तित्व राख्दछ । केशब सुवेदीले **नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्परा** (विशेष अनुसन्धान २०५५) नामक अनुसन्धानात्मक ग्रन्थले नेपाली लोकसाहित्यका अन्य विधाका साथै नेपाली लोककथाको अध्ययन-अनुसन्धान परम्परामा एक नयाँ ईटा थप्ने काम गरेको छ । शम्भुप्रसाद कोइरालाले **लोकसाहित्यः सिद्धान्त र विश्लेषण** (२०५५) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । लक्ष्मी सुवेदीले **धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५५) शीर्षकको शोधपत्रमा धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । त्यस्तै जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसै क्रममा लोककथाको अध्ययन परम्परामा चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकले महत्वपूर्ण स्थान राख्दछ । यस पुस्तकमा लोककथाको परिचय, प्रकार, विशेषता, उत्पत्ति, लोककथा र आधुनिक कथामा अन्तर, लोककथाको वर्गीकरण, लोककथाको परम्परा, नेपाली बाललोककथा, लोककथाको अध्ययन पद्धति, नेपाली लोककथाका प्रवृत्ति, अभिप्राय आदिका बारेमा चर्चा गरिनुका साथै केही नेपाली लोककथाहरू पनि सङ्कलन गरिएको छ ।

प्रेमबहादुर अधिकारीले **बाग्लुङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण** (२०५८) शीर्षकको शोधपत्रमा बाग्लुङ जिल्लाका लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । रेनुका राईले पनि लोककथाको अध्ययनको क्षेत्रमा योगदान गरेकी छन । उनले **नेपाली भाषाका प्रकाशित किराँत लोककथाहरूको वर्गीकरण र विश्लेषण** (२०५८) शीर्षकको शोधपत्रमा किराँती लोककथाको अध्ययन गरेकी छन् । मधुपर्क पत्रिकाले **लोककथा विशेषाङ्क** (२०५९) मा नेपाली लोककथाको अध्ययनमा महत्वपूर्ण स्थान राख्दछ । सायतमान राईले **किराँत (थुलुङ) राई समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५९) शीर्षकको शोधपत्रमा किराँत अन्तर्गत थुलुङ किराँत समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर त्यसको अध्ययन गरेका छन् । दधिराम पन्थीले **गुल्मेली लोककथाको अध्ययन** (२०६०) शीर्षकको शोधपत्रमा गुल्मी जिल्लाका लोककथाको अध्ययन गरेका छन् । अनितादेवी

भट्टराईले **पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६१) शीर्षकको शोधपत्रमा पाँचथर जिल्लाका लोककथाको अध्ययन गरेकी छन् । जीवन कुमार राईले **खोटाङ्गे पुमा राई समुदायमा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण** (२०६२) शीर्षकको शोधपत्रमा खोटाङ जिल्लाका पुमा राई समुदायमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । लोकनाथ रिजालले **धादिङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६२) शीर्षकको शोधपत्रमा धादिङ जिल्लाका लोककथाको अध्ययन गरेका छन् । कमलप्रसाद देवकोटाले **रुकुम जिल्लामा प्रचलित खसानी लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३) शीर्षकको शोधपत्रमा रुकुम जिल्लाका खसानी लोककथाहरूको अध्ययन गरेका छन् । देवेन्द्र लम्सालले **ज्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन** (२०६३) शीर्षकको शोधपत्रमा ज्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । सुनील आचार्यले **गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३) शीर्षकको शोधपत्रमा गोरखा जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । भक्तबहादुर राईले **नेपाली बालकथामा लोकसाहित्यको प्रभाव** (२०६३) शीर्षकको अनुसन्धान कार्यमा बालकथामा लोकसाहित्यको के-कस्तो प्रभाव छ भन्ने कुरा देखाइएको छ । नेपाली बालकथाको अध्ययनमा उनको यस कार्यले महत्वपूर्ण स्थान राख्दछ । यसै गरी भरतराज पौडेलले **लमजुङ् जिल्लाका लोककथाहरूको सङ्कलन र विश्लेषण** (२०६४) शीर्षकको शोधपत्रमा लमजुङ् जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । हरिभक्त सुवेदीले **तनहुँ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन एवं विश्लेषण** (२०६४) शीर्षकको शोधपत्रमा तनहुँ जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । धाना धामीले **दार्चुला जिल्लाको दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन** (२०६४) शीर्षकको शोधपत्रमा दार्चुला जिल्लाका दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गरेका छन् ।

जीवेन्द्रदेव गिरीको **नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन** (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रस्तुत अनुसन्धान कार्यमा लोककथामा प्रयुक्त नारी चरित्रहरूको विभिन्न कोणबाट अध्ययन गरिएको छ । यस अनुसन्धान कार्यको दोस्रो अध्यायमा मूल शीर्षक लोककथाको सैद्धान्तिक विवेचना अन्तर्गत लोककथाको परिभाषा, तत्व, प्रकार र विशेषताको चर्चा गरिएको छ । तेस्रो अध्यायमा मूल शीर्षक नेपाली लोककथामा नारी चरित्रहरू अन्तर्गत दैवी र

अतिमानवीय प्राणीका रूपमा नारी चरित्रहरू, सामान्य मान्छेका रूपमा नारी चरित्रहरू, परिवार र सरसम्बन्धभित्र नारी चरित्रहरू, वर्गीय दृष्टिले नारी चरित्रहरू, पेशा-व्यवसायमा नारी चरित्रहरू र नारी माथिका उत्पीडनका विविध रूपको चर्चा गरिएको छ । चौथो अध्यायमा नेपाली लोककथाका सबल नारी चरित्रहरूको विवेचना गरिएको छ ।

हिक्मत दमाईले **डडेलधुरा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन-विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा डडेलधुरा जिल्लाका लोककथाको अध्ययन गरेका छन् । टेकलाल अधिकारीले **कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको लोकतात्विक अध्ययन** (२०६५) शीर्षकको शोधपत्रमा कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको अध्ययन गरेका छन् । सीता पोखेलले **प्युठान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा प्युठान जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन तिनको वर्गीकरण र विश्लेषण गरेकी छन् । आनन्दकुमार लामिछानेले **दाङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा दाङ जिल्लाका लोककथाहरूको सङ्कलन गरेर तिनको वर्गीकरण र विश्लेषण गरेका छन् । नेबबहादुर रावतले **सल्यान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा सल्यान जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । माधवप्रसाद सापकोटाले **झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन** (२०६५) शीर्षकको शोधपत्रमा झापा जिल्लाका लोककथाहरूको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेका छन् । उनको यस अनुसन्धान कार्य नेपाली लोककथाको अध्ययन परम्परामा एउटा नविन उपलब्धिका रूपमा देखा पर्दछ । उक्त अनुसन्धान कार्यमा समाजशास्त्रको सिद्धान्त प्रस्तुत गरेर त्यही सिद्धान्तको कसीमा घोटेर लोककथाको अध्ययन गरेका छन् । यसरी अध्ययन गर्दा राज्य, परिवार, समाज र संस्कृतिलाई आधार मानिएको छ । यस अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । सिताराम घिमिरेले **ललितपुर जिल्लाको दक्षिण पूर्वी भेकमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६६) शीर्षकको शोधपत्रमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरूको अध्ययन गरेका छन् ।

## २.८.४ निष्कर्ष

लोककथा लोकसाहित्यका विविध विधाहरू मध्ये एउटा लोकप्रिय विधा हो । यो लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । लोककथामा लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई समेटिएको हुन्छ । यसका तत्वहरूमा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय आदि पर्दछन् । लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन आदि यसका विशेषताहरू हुन् । लोककथालाई सामाजिक, ऐतिहासिक, साँस्कृतिक आदि विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । यसका पात्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेत पर्दछन् । लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा र व्यवहारिक शिक्षा दिनु हो । लोककथामा परोपकार, सत्य, न्याय, कर्तव्यपालन आदि सकारात्मक भावना प्रकट भएका हुन्छन् । यी भावना लोककथा मार्फत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छन् । यसर्थ लोककथा मानव सभ्यताको संस्कृतिको संवाहक हो ।

त्यस्तै नेपाली लोककथाको सङ्कलन परम्पराको आधार विन्दुलाई नियाल्दा बोधविक्रम अधिकारी र उनको **नेपाली दन्त्यकथा** (१९९६) लाई मानिन्छ । यसपछि क्रमिक रूपमा लोककथाको सङ्कलन कार्य भएको देखिन्छ । नेपाली लोककथाको अध्ययन परम्पराको सुरुवात भने वि.सं.२०२४ देखि भएको हो । यसपछि निरन्तर रूपमा लोककथाको अध्ययन गर्ने कार्य भएको देखिन्छ । लोककथाको अध्ययन परम्परालाई गति दिने क्रममा संस्थागत तथा व्यक्तिगत रूपमा उपलब्धिपूर्ण कार्यहरू भएका छन् । यस कार्यमा त्रि.वि. नेपाली केन्द्रीय विभागको महत्वपूर्ण स्थान छ । यस कार्यमा महत्वपूर्ण योगदान गर्नेहरूमा तुलसी दिवस, चूडामणि बन्धु, मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरी, माधवप्रसाद सापकोटाको स्थान उच्च  छ । तुलसी दिवसले **नेपाली लोककथा केही अध्ययन** (२०३३) नामक पुस्तकमा नेपाली लोककथाको वर्गीकरण गर्नुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वानहरूले गरेका लोककथाको वर्गीकरणलाई पनि प्रस्तुत गरेका छन् । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकमा नेपाली लोककथाको अध्ययन परम्पराको बारेमा उल्लेख गरिएको छ । मोतीलाल पराजुलीको **नेपाली लोककथाका अभिप्रायको अध्ययन** (विद्यावारिधि शोधप्रबन्ध,

त्रि.वि.२०५४) मा लोककथाको चिनारी दिँदै अभिप्रायलाई लोककथाको महत्वपूर्ण तत्वका रूपमा चर्चा गरेका छन् । यसर्थ प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । जीवेन्द्रदेव गिरीको **नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन** (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्पराको कार्यमा महत्वपूर्ण स्थान राख्दछ । नेपाली लोककथाको अध्ययन परम्पराको पछिल्लो समयमा माधवप्रसाद सापकोटाले **झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय अध्ययन** (स्नातकोत्तर शोधपत्र, त्रि.वि.२०६५) मा झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेर नेपाली लोककथाको अध्ययन परम्परामा थप योगदान गरेका छन् ।

# परिच्छेद : तिन

# दाङ-तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन

## ३.१ तुलसीपुर नगरपालिकाको परिचय

दाङ जिल्ला लोकसाहित्यको क्षेत्रमा धनी छ । यहाँ लोकसाहित्यका विविध विधाहरू मध्ये लोकगीत पछि लोककथा नै लोकप्रिय विधाको रूपमा रहेको छ । यस परिच्छेदमा सीमाङ्कन गरिएका लोककथाहरू यस दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्रबाट सीमाङ्कन गरिएका हुन् । यी लोककथाहरू तुलसीपुर नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानको यात्रा गरी विभिन्न उमेर समूहका व्यक्तिहरूलाई कथा भन्न लगाई सीमाङ्कन गरिएको हो । लोककथाहरू सीमाङ्कन गर्दा विभिन्न पेशा व्यवसायका व्यक्तिहरू जस्तैः किसान, विद्यार्थी, शिक्षक, जागिरबाट अवकाश प्राप्त व्यक्ति आदि व्यक्तिहरूलाई भेट गरी कथा भन्न लगाई सीमाङ्कन गरिएको हो । सीमाङ्कन गर्दा स्थलगत रूपमा सम्बन्धित व्यक्तिको घरदैलो, खेतबारी, मेलापात लगाएतका स्थानहरूमा गएर सीमाङ्कन गरिएको हो । यहाँ सीमाङ्कन गरिएका लोककथाहरू धेरैजसो बुढापाकाहरूबाट नै सीमाङ्कन गरिएको छ ।

यस जिल्लाको तुलसीपुर नगरपालिका भेगमा शिशुस्याहार केन्द्र, प्रा.वि., नि.मा.वि. र उ.मा.वि. तथा राप्ती बबई क्याम्पस लगायतका शैक्षिक संस्थाहरू सञ्चालन भएको छ । यस क्षेत्रको उत्तरी भागमा पर्याप्त विद्यालयको अभावमा शिक्षा सुलभ छैन । अधिकांश जनताको प्रमुख पेशा कृषि नै रहेको छ । दिनरात दुःख गर्दा पनि खान लगाउन धौ धौ छ । दाङ जिल्लामा विभिन्न जातजातिका मान्छेको बसोवास छ । यहाँ ब्राह्मण, क्षेत्री, मगर, थारु, दलित, आदि विभिन्न जातजातिका मान्छेको बसोवास छ । त्यही स्थिति यस तुलसीपुर नगरपालिकामा पनि छ । यस क्षेत्रमा बसोवास गर्ने अधिकांश जनता हिन्दुधर्मालम्वी छन् । अधिकांश संस्कारहरू पनि हिन्दुधर्ममा आधारित छन् । विवाह, ब्रतबन्ध, छैँठी, मान्छे मर्दा जलाउने वा गाड्ने पनि चलन छ । यसै गरी पूजाआजा लगाउने धार्मिक कार्य पनि भएको पाइन्छ । यस्ता पूजाआजाहरूमा कथालगाउने लक्ष्यवर्तीका, पुराण, सप्ताह, होली, लाखेनाच, शिवरात्री, कृष्णजन्माष्टमी, श्रीपञ्चमी , मनाउने गर्दछन् । खानपान रहनसहनमा प्रमुख खाना दाल, भात, तरकारी, रोटी आदि खान्छन् भने सट पाइन्ट, दौरासुरुवालका साथै महिलाहरूले सटपाइन्ट, कुर्ता सुरुवाल, गुन्यु चोलो आदि यहाँको पहिरन हो । यस क्षेत्रमा शिवरात्री र कृष्णजन्माष्टमीमा धार्मिक मेला समेत

लाग्ने गर्दछ । त्यस्तै स्वास्थ्य सेवाको सुलभता छैन । भर्खरै स्थापना भएको राप्ती अञ्चल अस्पताल भए पनि भौतिक पूर्वाधार र पर्याप्त साधन स्रोतको अभावमा गुणस्तरीय सेवा सुविधा प्रवाह गर्न सकेको छैन । यहाँ प्राथमिक स्वास्थ्य केन्द्र र आयुर्वेदिक औषधालय पनि छ । स्वास्थ्य सेवाको सुविधा हुंदाहुंदै पनि भौगोलिक विकटताले गर्दा समयमै उपचार गर्न कठिनाई भएको छ । त्यस्तै अन्धविश्वास र रुढीवादी परम्पराले गर्दा अझै पनि धामीझाँक्री प्रति विश्वास गर्दछन । शहरीकरणको बढ्दो प्रभावले शहरी क्षेत्रभित्र जनघनत्व बढ्दै गइरहेको छ । यहाँ तुलसीपुर नगरपालिका क्षेत्रभित्र सीमाङ्कन गरेर ल्याइएका लोककथाहरूलाई यस प्रकार राखिएको छ ।

## ३.२ तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन

### १. मख्खीचुस राजा

एकादेशमा एउटा मखीचुस नाम गरेका राजा थिए । ती राजाले आफ्ना जनतालाई अनेक तरहले सताउने इरादाले मासिक कर उठाउने गर्दथे । त्यो उठाएको करभारले मात्र सताउन नपुगेर दरबारको ढुकुटी समेत बनाउन लगाउँथे । ढुकुटी बनाउँदा बनाउँदै सारा पलाट नै ढुकुटी -ढुकुटीले भरीभराउ हुन पुग्यो जसले गर्दा जनताहरूलाई खानिबस्नि ठाउँसम्म पनि भएन । त्यसो हुदाँ उनीहरूलाई महाकष्टदायक चिन्ता पर्‍यो । त्यस चिन्ताले गर्दा उनीहरूले ईश्वर भगवान पुकारा गर्न लागे । यसरी जनताले पुकारा गरेको देखेर दयालु भगवानमा करुणा जाग्यो र त्यस मखीचुस राजालाई मध्यरात्रीको बिचमा केही दिक्षा दिएर भन्न लाग्नु भयो -“हे मखीचुस राजा ! तिम्रो यस क्रियाकलापले गर्दा दरबारको दक्षिणतिरको ढोकामा भयानक मृत्युदण्ड दिने कालरूप आएर बसेको छ । ” भन्दै गाली गर्दै सपना दिनुभयो । त्यसपछि मखीचुस राजा डराउँदै चिन्ता गर्न लागे । राजाले विहान भएपछि सधैजसो सिकारीहरूलाई सिकार खेल्न जङ्गल पठाउने गर्थे । सधैँजसो गरी त्यस दिन पनि सिकारीहरू विन्द्रा वनमा सिकार खेल्न गए । उनीहरूले त्यस जङ्गलमा अति रमणीय गुफा देखे । त्यसपछि नजिकै गएर हेर्दा त्यस गुफाबाट एउटा आवाज आयो -“हे सिकारीहरू हो ? आज यस जङ्गलमा सिकार खेल्न पाइन्न ।” यस्तो आवाज सुनेपछि सिकारीहरू फिर्ता भएर मख्खीचुस राजा कहाँ गए र भने -“महाराज हामी त्यस जङ्गलमा गयौ र त्यहाबाट यस जङ्गलभित्र पस्न पाइदैन भन्ने आवाज आयो र हामी त्यहाबाट फर्केर आयौ ।” यस्तो कुरा सुनेपछि राजाले भने के कस्तो छ र? किन फर्केर आयौ ।” यस्तो राजाको कुरा सुनेपछि सिकारीहरूले भने -“ अद्‌भूत अवतार जस्ता भगवान त्यस गुफाभित्र प्रकट भएका छन । त्यसैले हामी फर्केर आयौँ, आफै नजरहोस्” भनेर भने । अनि राजाले सिकारीहरूलाई अह्राउदै

भने -"जाउ त्यसलाई छोपेर ल्याऊ ।" यति आज्ञा पाएपछि सिकारीहरू महात्मा भए ठाउँमा गए । सिकारीहरू फर्केर आएको देखेर महात्माले भने -" मलाई छोप्न भनेर आयौ तर तिमीहरूले छोप्न सक्तैनौ, फेरी म कहिकतै नजाने प्रतिज्ञा गरेको छु ।" महात्माका यति कुरा सुनेपछि शिकारीहरू फेरी फिर्ता भएर मख्खीचुस राजा कहाँ गए र भने -"महाराज ! हामी ती महात्मालाई गोली हान्न पनि सक्तैनौं ।" सिकारीको यो कुरा सुनेपछि राजा आफै महात्मा भए ठाउँमा गए र विस्तार गर्न थाले । राजा स्वयं आएको देखेर महात्माले भने -"तिमी वडापराक्रमी राजा रहेछौ, अब तिम्रो यहाँ बस्ने समय सकिसकेको छ, तिम्रो समय त ५-७ घन्टा मात्र बाँकी छ । राजा भएर राज्य भोग गरिसक्यौ, अब तिम्रो समय छैन । म त सत्यलोकदेखि आएको हुँ, उहाँ केही चिजको खाँचो परेको हुँदा त्यही चिज लिन आएको हुँ तर मलाई तत्काल जाने फुर्सद भएन, केही दिन बस्न पर्ने भयो । त्यसो हुदा तिमी तुरुन्तै जाने भएकोले यो चिज तिमीले नै उहाँ पौँचाइदिनुपर्‍यो ।" महात्माको यस्तो कुरा सुनेर राजाले भन्छन्-"मैले कसरी लगिदिउँला"। राजाको यस्तो कुरा सुनेर महात्माले भने -"सानो भन्दा सानो चिज छ, गह्रुङ्गो पनि छैन, तिमीले नै उहाँ पौँचाईदिनुपर्‍यो ।" महात्माको यस्तो वचन सुनेपछि राजाले त्यो चिज लगेर दरबार गए र सोच्न लागे-यो महात्माले दिएको चिज केमा र कसरी लैजाने मनमा सोच्न लागे तर पनि उपाए भेटिएन । आखिरमा राजाले त्यो चिज लगेर महात्मा कहाँ गए । राजाले त्यो चिज फिर्ता ल्याएको देखेर महात्माले भने-"यति सानो भन्दा सानो चिज पनि तिमी यत्रा वडापराक्रमी राजा भएर लैजान सक्तैनौ भने नामर्द हुनुपर्छ, लौ लैजाऊ ।" भनेर दरबार पठाए । त्यसपछि फेरी राजाले दरबार गएर सोच्न लागे-फालिदिउँ भने फाल्न नहुने नासो, अब के गरौँ त यस्तो छोएर फासो, भन्ने चिन्ता पर्‍यो । लैजाने ठाउँ भेटिएन र फेरी राजा महात्मा छेउ गएर भने -"हे प्रभु ! म यो चिज पौँचाउन समर्थ भैइन किन भने कतै लैजाने ठाउँ पाइएन त्यसो हुदाँ फिर्ता गर्न आएँ ।" राजाको यस्तो कुरा सुनेर महात्मा भन्छन्-" हे महाराज ! यस्तो चिज कतै लैजाने ठाउँ छँदै छैन भने तिमीले यत्रो धन दौलत किन थुपारेका हौ ? यत्रा ढुकुटी किन बनाएको हौ । सारा जनता सताएर, तिनीहरूलाई तहसनहस बनाएर कहाँ जाउँला र के लैजाउँला भनेका थियौ ? बरु तिमीले जसरी ज-जसको धन जम्मा गरेर ढुकुटी बनायौ त्यसरी नै तिनीहरूको धन फिर्ता दिएर उनीहरूलाई खुसी पार ।" यति भनेर महात्मा सत्यलोक गए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[1]

---

१. ब्रह्मानन्द सापकोटा, तु.न.पा.१ राम्री, दाङ ।

## २. धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू

एकादेशको कुनै एउटा शहरमा चार जना वैज्ञानिकहरू रहेछन् । एकदिन तिनीहरू एकै ठाउँमा जम्मा भएछन् र धन कमाउन जाने भन्ने सल्लाह गरेछन् । तिनीहरू धन कमाउन भन्दै हिँडेछन् । जाँदा जाँदै घरदेखि धेरै टाढा पुगेछन्, थकाई लागेर एउटा चउरमा बसेछन् । त्यही चउरमा बसेको बेलामा एउटा वैज्ञानिकले हड्डीको टुक्रा भेटाएछ र यो के होला ? कसको होला ? भन्ने विचार गरेछ । अब मेरो विद्याले यो हड्डीको परिचय गर्छु भन्ने सोँचेर त्यस हड्डीको टुक्राबाट सम्पूर्ण शरीरको तारतम्य जम्मा पारेछ । त्यो शरीरको तारतम्य देखेर अर्को वैज्ञानिकले भनेछ -"तिमीले यस्तो तारतम्य गरायौ भने मैले पनि आफ्नो पराक्रम्य देखाउँछु ।" भन्दै त्यस हड्डीको तारतम्यलाई मासु नसाले परिपूर्ण पारिदिएछ । यस्तो मासु नसाले परिपूर्ण पारेको देखेर अर्को वैज्ञानिकले भनेछ -"तिमीहरूले यति कृति गऱ्यौ भने मैले पनि मेरो पराक्रम्यले यसको प्राण भरिदिन्छु ।" भनेर प्राण भरिदिएछ । प्राण भरिदिएपछि त त्यो नङ्गा शरीर खडा भएर बोल्न लागेछ । त्यसपछि अर्को वैज्ञानिकले भनेछ -"ओहो ! तिमीहरूले आफ्नो पराक्रमले नङ्गा शरीरसम्म बनायौ, अब मैले वस्त्र अलंकार गहनाले परिपूर्ण पारिदिन्छु ।" भन्दै गहना, वस्त्र अलंकारले परिपूर्ण पारिदिएछ । वस्त्र अलंकारले परिपूर्ण भएपछि तिनी नेपाल सुन्दरी बनिन् । अब हामी धन कमाउन आएकाले जन कमायौँ । अब यिनी नेपाल सुन्दरीलाई के गर्ने भन्ने छलफल हुन थालेछ । छलफल गर्दा-गर्दा जुन पहिला हड्डी भेटाउने वालाले मैले उत्पत्ति गरे भनेछ । त्यसपछि दोश्रोले भनेछ  मैले हड्डीलाई मासु नसाले भरेर खडा गरिदिए । त्यसपछि तेस्रोले भनेछ मैले पो प्राण भरिदिएर शरीर पुरा भयो । त्यसपछि चौथोले भनेछ तिमीहरूले त नङ्गा शरीर मात्र खडा गरेका थियौ, मैले पो वस्त्र अलंकारले सु-सज्जित बनाएर परिपूर्ण पारिदिएँ । अब हामी सबैको प्रयासले धन कमाउन आएकाले जन कमायौँ । अब यिनको नाम नेपाल सुन्दरी राखौँ भनेर नेपाल सुन्दरी नाम राखे । अब यिनको नाम पनि राखियो, अब यिनलाई कसले मेरो भन्ने त भनेर छलफल गर्न लागे । छलफल गर्दा-गर्दा पहिलो हड्डी भेटाउनेवाला प्रकृति हुन गए । नसा-मासु भर्नेवाला बाबु हुने भए । प्राण भर्नेवाला आमा हुने भए । वस्त्र अलंकार लगाइदिनेवाला उनका पुरुष बन्ने भए । अब धन कमाउनेवालाले जन कमाए, जन कमाउनेवालाले अरुलाई धन दिए र उनीहरू घर गए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[२]

---

२. शोभाखर सापकोटा, तु.न.पा. १ राम्री, दाङ ।

## ३. मनको मालेगोरु

एकादेशमा एकजना मानिस बस्दा रहेछन् । उनको एउटा अति राम्रो मालेगोरु रहेछ । बेला बेलामा गाउँमा पशुचौपाया देखाउने प्रदर्शनी मेला लाग्ने गर्दोरहेछ । यस्तै प्रदर्शनी मेलामा त्यस मालेगोरुले राम्रो भएवापत पुरस्कार पनि पाउँदोरहेछ । मालेगोरु अति राम्रो रहेछ । उसलाई सबैले मन पराउँदारहेछन् । त्यस मालेगोरुले अरुले भनेको कुरा बुझ्दोरहेछ । एकदिन मेलामा गएका बेला एकजना मान्छेले नाच मालेगोरु भनेछ । मालेगोरु पनि आफ्नो मन्टो र पुच्छर हल्लाउँदै  नाच्न थालेछ । गोरु नाचेको देखेर वरपरका सबै मान्छेले अचम्म मान्दै हेरेछन् । आफ्नो यति राम्रो गोरु नाचेको देखेर गोरुको गोसाँले अरु हेरिरहेका मान्छेको नजिकमा आएर भनेछ -“यस्तो मनको मालेगोरु अरु कसैसित छैन, मेरो मात्रै हो । यस्तो मनको मालेगोरुको सबैले मनको मुल्य गरौँ” भनेछ । यो भनेको कुरा मालेगोरुले सुनेछ र सुन्नेवित्तिकै त्यो मालेगोरु मरिहालेछ । मालेगोरु मरेपछि गोरुको गोसाँले घोरचिन्ता गर्न लागेछ । चिन्ता गर्दा-गर्दै त्यो गोसाँ वेहोस भएर एकोहोरिँदै त्यही गोरुलाई मात्र सम्झेर अरु सबै बिर्सेछ । तत्व त्यसैमा, जपना त्यसैमा मात्रै भएर हे माले ! हे माले ! भन्दै जथाभावि दगुर्न थालेछ । आँखा चिम्लिएर त्यही मालेगोरुलाई जप्दा - जप्दा भगवान्लाई दया लागेर त्यो मालेगोरुलाई बचाईदिएछन् । मालेगोरु त उत्पन्न भयो तर अत्यधिक चिन्ताले उसको मानसिक सन्तुलन बिग्रेछ र त्यही जपना मै उसको प्राण गएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[३]

## ४. फटिङ्ग्रे जैसीको कथा

एकादेशको कुनै गाउँमा आमा र छोरी बस्दारैचन् । छोरीचाहिँको विवाह अर्को एउटा गाउँको गरीब केटासंग सानैमा भएको रैच । विवाह भएपछि केटीचाहिँ माइत गएर आमासँग बसेकी रैच । एकदिन केटाकी आमाले भनिच -“बाबु अब त बुहारी पनि ठुली भैइसकी होली लिन जा ” भनेर भनिच र केटो पनि स्वास्नी लिन जान भन्दै हिडेच । त्यसदिन माइतमा आमाछोरीले सेलरोटी पकाएर खाने विचार गरेका रैचन् । भित्र कोठामा आमाछोरीले सेलरोटी

३. बोधिप्रसाद सापकोटा, तु.न.पा.२ रानागाउँ, दाङ ।

पकाउँदै गरेका रैचन । त्यही बेला ज्वाइँचाहिँ पुगेच र बाहिर पेटीमा बसेच । भित्र पकाउँदै गएचन् र बाहिर उसले गन्दै गएच । रोटी पकाएर सिध्याएपछि  ताइ उतारेचन् । ठिक त्यसैबेला बाहिर पेटीमा जुत्ता बजेको आवाज आएच र हेर्न जाँदा त ज्वाइँ आएर बाहिर पेटीमा बसेको देखेचन् । त्यसपछि ज्वाइँलाई भित्र लगेर काम्लोमा बसालेचन् । टाढाबाट आउदाँ भोक लागेको होला रोटी खानुस् ज्वाइँ भन्दा ज्वाइँले भनेच -"जम्मा -जम्मी बिसवटा रोटी पकाउनु भएको छ । यति रोटी पनि के खाने भनेच । त्यसपछि सासुले भित्र गएर गन्दा त जम्माजम्मी बिसवटा रोटीमात्रै देखिच । त्यसपछि लौ मेरा ज्वाइँ त अति जान्ने सिद्ध जैसी पो रैचन् भनेर वरपर छरछिमेकमा हल्लाखल्ला गरिच । त्यो हल्ला चारैतिर फैलिएच । त्यही ठाउँको पल्लो गाउँमा एकजना मान्छेको हिराकञ्चनको माला हराएको रैच । त्यो मान्छेले पनि यो खवर सुनेर हेराउन भन्दै आएच । उता त्यो जैसी ससुराली आउदै गर्दा बाटोमा एकजना आइमाईले हिराकञ्चनको माला चोरेर ढिकीको पुच्छरमा लुकाउन लागेको देखेको रैच । त्यो हिराकञ्चनको माला हराएर छट्पटिएको मान्छेले पनि हात हेराउन थालेच । त्यसपछि जैसीले हात हेर्दै भनेच । तपाइँको त्यो हिराकञ्चनको माला त ढिकीको पुच्छरमा लुकाएको हुनुपर्च गएर हेर्नुहोला भनेर पठाएच । त्यो मान्छे पनि गएर जैसीले भनेझैं गरेर ढिकीको पुच्छरतिर खोजेच । नभन्दै हिरा कन्चनको माला त ढिकीको पुच्छरमा रहेको भुसको थुप्रोमा लुकाएर राखेको रैच । त्यो हिराकञ्चनको माला भेटिएपछि त ऊ झनै जान्ने जैसीको रूपमा कहलियो । एकदिन विहान सबेरै उठेर त्यो सिद्ध जैसी दिसापिशाब गर्न नजिकैको खोलातर्फ जादैं गर्दा बाटो छेउको उखुबारीमा एउटा घोडा चरिरहेको देखेको रैच । दिसापिशाव, नुहाइधुवाई गरिसकेपछि घरमा आएच । एउटा मान्छे घोडा हराएर तिन दिनदेखि छटपटिराखेको रैच । त्यो मान्छेले पनि छिमेकमा एकदमै जान्ने जैसी आएको कुरा सुनेच र हेराउन भन्दै आएच । जैसीले पनि हात हेर्दै तपाइँको घोडा त उखुबारीपट्टी गएको हुनुपर्च । त्यतै गएर खोज्नुहोला भनेर पठाइदिएच । गएर हेर्दा त घोडा मज्जासँग उखुबारीमा चरिरहेको रैच । हराएको घोडा भेटिएपछि त जैसी झनै चर्चामा आएच । त्यो कुरा चारैतिर फैलिएच । हुँदा हुँदा त त्यस देशका राजाले पनि सिद्ध जैसी भएको कुरा थाहा पाएचन् । र कत्तिको जान्दोरैच परीक्षा गर्नुपऱ्यो भनेर घोडामा चढी निस्केचन । राजाले जाँदाजाँदै बाटोमा एउटा फट्याङ्ग्रो छोपेर मुट्ठीमा समातेचन र जैसीको घरमा गएचन् । जैसीका घरमा पुगेपछि राजाले -" ए ज्योतिष ! तिम्रो खुब जान्ने भन्ने हल्ला छ, जान्ने भए भन त मेरो हातमा के छ ? ।" त्यसपछि ज्योतिषलाई समस्या परेच र भनेच -"च्वाइँ च्वाइँ गनि गनि सिद्ध कहाएँ, मिल्दाजुल्दा ढिकीमा

हिराकञ्चन देखें, उखुबारीमा घोडा चर्न लागेको देखें, अब आयो आयो फटिङ्ग्रे तेरो काल ।" त्यसपछि त राजाले ओहो ! जैसी त जैसी अति जान्ने जैसी पो रहेच भनेर राजाले उसलाई धरै धन दिएर दरबार फर्किएचन । त्यो जैसी पनि राजाले दिएको धेरै धन लिएर स्वास्नीसहित घर गएच र आनन्दपूर्वक बसेच ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[४]

## ५. फर्सीको ब्या

एकादेशमा किसानका बड्डा-बड्डी बस्थे गरे । उनीहरूका कुनै सन्तान थिएनन् गरे । सन्तान नभएकोमा उनीहरू आपसमा विरहका कुरा गर्थे गरे । सधैंभरी यस्तो कुरा गर्ने क्रममा एकदिन फर्सिले सुनेछ । बड्डो खेतमा काम गर्न गएको बेलामा अर्नी लगिदिन सधैं बड्डी जान्थी । एकदिन बड्डीलाई अचाक्ली धौ भएछ र गनगनाउँदै छोराछोरी भएको भए यस्तो दुःख हुने थिएन भनिछ । यस्तो भनेको फर्सीले सुनेछ र आमा म तपाइँको छोरो हुँ म लगिदिन्छु बालाई अर्नी भनेछ । बड्डीले तेरो हातखुट्टा छैन कस्तरी लान्छस् भन्दा भेट्नामा बान्दिनुस् अनि लग्न सक्छु भनेछ । बड्डीले पनि त्यसै गरी भेट्नामा बाँधिदिइछ । अनि फर्सी पनि गुर्किदैं गुर्किदैं खेतमा पुगेपछि बा म तपाइँको छोरो हुँ यी यो अर्नी खानोस् म जोत्छु भन्दै जोत्न कस्सेछ । बड्डाले तेरो हातखुट्टा छैनन् कस्तरी जोत्छस् भनेछ । फर्सीले जोत्न थालेछ र मज्जासँग जोतेछ । यसैगरी घरका सम्पूर्ण काममा उसले बड्डा-बड्डीलाई सहयोग गरेछ । एकदिन फर्सीले बड्डोलाई भनेछ -" बा म अब ब्या गर्छु । त्यै भएर आज म छोट्टी बस्न जान्छु ।" त्यसपछि बड्डोले उसलाई मादल दिएर छोट्टी बस्न पठाएछ ।

फर्सी छोट्टी बस्ने घरको पेटीमा बसेछ र मादल बजाउन लागेछ । भित्रबाट त्यो घरको बड्डीले आफ्ना तिनै छोरीहरूलाई क्रमैसँग बाहिर केले मादल बजायो हेर भनी पठाईछ । जेठी र माईलीले पत्ता लगाउन सकेनछन् तर कान्छी होनेले भने फर्सीले मादल बजाएको कुरा पत्तो लगाईछ । एकछिन पछि बड्डो पनि बाहिर आएछ । फर्सिलाई किन ह्याँ आएर मादल बजायौ भन्दा उसले म तपाइँको छोरी माग्न आएको हुँ जुन छोरी भए पनि हुन्छ भनेछ । फर्सीको कुरा बुझी बड्डोले सबै छोरीहरूलाई पालैपालो फर्सीसँग ब्या गर्न को

४. मेघा आचार्य, तु.न.पा.८ दुधेना, दाङ ।

मञ्जुर छ भन्दा कान्छीले मात्र मञ्जुरी जनाईछ र फर्सीले ब्या गरेर घरमा लगेछ र गृहस्थी गरेर सुखसँग बसेछ । बड्डा-बड्डीलाई पनि सन्तोष गराएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[५]

## ६. भावीको लेखोट

एकादेशमा एउटा गरिब किसान बस्थ्यो गरे । उसका छ भाई छोरा थे गरे । कान्छोचाहिँ छोरो जन्मेको पाचँ दिन मात्र भाथ्यो गरे । त्यई दिन विरमान राजा घुम्दै फिर्दै किसानको घरमा आयारैचन । अर्को दिन किसानको छोराको कर्म लेख्न भावी आयोछ । राजा भित्र बस्या बेला भावीले ढोका खोल्न लाग्दा राजाले तँ को होस् भनी प्रश्न गर्दा भावीले म यो बच्चाको कर्म लेख्न आहुँ भनेपछि राजाले कस्तो कर्म लेख्छस् त्यो आफुलाई बताउनु पर्ने सर्तमा ढोका खोली भित्र पस्न दिएछन् । त्यसपछि भावीले बच्चाको कर्म लेख्योछ । कर्म लेखेपछि राजाले अगिको सर्त अनुसार यसको कर्म कस्तो छ भनी सोद्धा भावीले यसको कर्म तपाइँको सम्पत्ति खानेछ भन्योछ । भावीको यस्तो कुराले राजालाई चिन्तित बनायोछ र किसानलाई पैसा दिएर उसको कान्छो छोरो किनी आफुले पालनपोषण लगाएत सम्पूर्ण कुरा गर्छु भन्दै घरमा लैजान भनी हिडेछ । राजाले आफ्नो सम्पत्ति यसलाई किन खान दिने अब यसलाई नमारिकन हुन्न भन्ने विचार मनमा आयोछ र बिच बाटो मै एउटा नदीमा बगाईदिएछन्  र आफु घरमा गएछन् । नदीमा फालेको त्यो बच्चाको रोईरहेको आवाज सुनेपछि गाई चराउन गएका ग्वालाहरूले भेटाएको खबर किसानको स्वास्नीले थापाएपछि घरमा लगेर पालेछन् ।

त्यो बच्चा ठुलो भएपछि राजा एकदिन फेरी घुम्दै त्यई किसानको घरमा गएछन् तर किसानले चिनिनछ । राजाले तिम्रा कति भाई छोरा छन् भन्दारी उसले छ भाई छन्, कान्छो होने यस्तो यस्तो कारणले यत्रो भयाछ भनेपछि राजा बक्क पर्दै अब त्यसलाई मार्ने बुद्धि खेलाउँदै किसानको कान्छो छोरालाई एउटा चिठी दिँदै यो चिठी मेरो घरमा लग्दे भने । त्यो चिठीमा चिठी ल्याएर आउने मान्छेलाई घरमा पुग्ने वित्तिकै मार्नु भन्ने थियो । राजाको आज्ञा अनुसार ऊ चिठी लगेर राजाको घरमा गयो । तर चिठी राजाको स्वास्नी र छोरोको हातमा

---

५. तिलकराम खनाल, तु.न.पा.१० दमारगाउँ, दाङ ।

नपरी छोरीको हातमा पऱ्योछ । छोरीले त्यो चिठीलाई खोली र त्यसमा यो केटो आयो भने छोरी दिनु र ब्या गरी दिनु भनी लेखिछ । राजाको चिठीको यस्तो लेखाई देखे पछि राजाका स्वास्नी र छोराले उसलाई ब्या गर्देछन । राजा आउँदा त्यो किसानको छोरालाई टिकाटाला लाएर बसेको देख्दा के भयो भनी सोधे र स्वास्नी र छोराले सबै वृत्तान्त बताएछन । त्यसपछि राजाले अब यसलाई नमारिकन हुन्न भन्ने विचारले एउटा सार्की हुनी गएर उसलाई भने - "म एउटा मान्छेलाई जुत्ता लिन पठाउँछु जो भए पनि त्यसलाई हतौराले हानेर मार्नु, तँलाई इनाम दिम्ला ।" राजाको बचन मान्दै सार्कीले मञ्जुर गऱ्योछ । घरमा आएपछि राजाले मैले तपाइँको निम्ति सार्कीको घरमा जुत्ता सिलाउन द्याछु ल्याउन जानोस् ज्वाइँ भनेपछि ऊ सरासर जुत्ता ल्याउन जादाँ बाटोमा जेठानले भेट्योछ र काँ जान लाग्नुभयो ज्वाइँ भनी प्रश्न गर्दा उसले जुत्ता ल्याउन जान लाछु भन्योछ । जेठानले ज्वाइँ जस्तो मान्छेलाई जुत्ता ल्याउन किन पठाए भन्दै म जान्छु जुत्ता ल्याउन भन्दै ज्वाइँलाई घर पठायो र आफु जुत्ता ल्याउन गयोछ । राजाको आज्ञा अनुसार सार्कीले उसलाई माऱ्योछ । उता घरमा ज्वाइँ फर्केको देखेपछि राजाले के भो?, किन फर्कनु भो भनी भन्दा जेठानले फर्काउनु भो र उहाँ आफै जानु भो भनेपछि राजाको सातोपुत्लो उड्यो । राजा सार्कीको घरमा पुग्दा सार्कीले राजाको छोरालाई मारिसक्याथ्यो । त्यसपछि राजाको कुनै उपाय नचलेपछि आखिरमा किसानको छोरोले सम्पत्ति खाएरै छाड्योछ । जति गरेपनि भावीले लेखेको मेटिन सकिनछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[६]

## ७. स्याल र खरायो

एकादेशमा स्याल र खरायो रैचन् गरे । उनीहरूले एकदिन मीत लगाउने विचार गरेछन् र मीत लगाएछन् । तिनीहरूले एकदिन खीर पकाइन खाने विचार गरेछन् । स्यालले खरायोलाई भनेछ-" मीत अब खीर पाक्न लाग्यो तपाइँ चाल्नो लगिन पानी ल्याउन जानुस् ।" त्यसपछि खरायो पानी ल्याउन खोलामा गयोछ तर उसले चाल्नामा पानी ल्याउन सकेनछ र धेरै कोशिश गर्दा पनि नसकेपछि फर्केर आयोछ र मीतलाई यसमा पानी ल्याउन सक्दैन

---

६. पुस्कर शर्मा, तु.न.पा.११ अश्वरा, दाङ ।

भन्योछ । स्यालले जसरी भएपनि ल्याउनुस् भनेपछि ऊ मीतको कुरा काट्न नसकी पानी ल्याउन फेरी गयोछ ।जति गर्दा पनि चाल्नामा पानी ल्याउन नसकेपछि ऊ रित्तै फर्केर आयोछ । त्यसबेला स्यालले खीर खाएर अलिकति मात्र बचाइन भाँराको तलबाट दिसा गरेर माथिबाट अलिकति खीर छरिदियोछ र मीतलाई खीर खानुस् भनी द्योछ तर बाठो खरायोले त्याँ दिसा छ भन्ने कुरा थाहा पायोछ र त्यो खाइनछ । खरायो भोकै भएपछि मीठो खरको जरा खान थाल्योछ । त्यो देखेपछि स्यालले सोध्योछ-“मीत तपाइँले के खानुहुन्छ ?” खरायोले जवाफ द्योछ -“मीत म मेरो हातखुट्टा खाँदैछु । तपाइँ पनि आफ्नो हातखुट्टा खानुस् तो कति मीठो हुन्छ ।” त्यसपछि स्यालले पनि आफ्नो हातखुट्टा खान थाल्योछ तर दुखेपछि भन्योछ- “मलाई त अच्चली दुख्यो अब के गर्ने ?” उत्तरमा खरायोले भन्योछ-“त्यस्तो भए चुकबारीमा जानुस् ऐले सञ्चो हुन्छ ।” मीतको कुरा सुनी स्याल चुकबारीमा गयोछ तर त्याँ गएपछि टोकेको घाउ चर्किन थाल्योछ र मीत अच्चली चर्किन लाग्यो अब के गर्ने होला भन्योछ । खरायोले अब ऊ त्यो क्वाँमा पानी छ त्यसमा हाम फाल्नुस्, पानीले सबै ठिक हुन्छ भन्योछ त्यसपछि स्याल हत्तपत्त क्वाँमा हाम फाल्योछ र मऱ्योछ भने खरायो आफुलाई खीर भनी दिसा ख्वाउन खोज्ने बदमास मीतलाई मार्न सफल भएकोमा खुसी हुँदै सुखसँग बस्योछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[७]

## ८. बालाराम बाउन

एकादेशमा बालाराम बाउन बस्थ्यो गरे । बाउनले सँधै अरु अन्नको खेती गर्थ्यो तर एकपटक जौं को खेती गर्ने र भैंसी पाल्ने विचार गऱ्योछ र त्यो जौं पाकेपछि त्यही जौं को सातु र मोई खाने विचार गऱ्योछ । तर बाउनका जुङा लामा थे । त्यई भएर जुङामा सातु लाग्ने हुँदा जुङा पनि फाल्योछ । केही दिनपछि स्वास्नी माइत गयोछ । माइत गएर आफ्नो आमासित हामले त मोइ र सातु खाने भनेर जौं छऱ्याछम् भन्योछ । त्यसपछि आमाले त्यस्तो भएसी छोरी यी यो भुर्की लैजा र यसमा घिउ सँगाल्देस् भन्योछ । छोरीले पनि आमाको कुरामा सहमती जनाउँदै भुर्की ल्याएर घरमा आयो छ । घरमा आउँदा पोइले के ल्याइस् भन्दा आमाले घिउ संगाल्देस् भन्याछन् त्यई भएर यो भुर्की ल्याछु भनेपछि बालाराम बाउनले भन्योछ - “मेरो पारो मारी मारी तेरो जेइलाई घिउ ।” यति भन्दै तुरुन्तै स्वास्नीलाई लतक

७. शिवा शर्मा, तु.न.पा.९, दाङ ।

द्योछ अनि स्वास्नी घरमा फेरी नआउने गरेर माइत गयोछ । त्यसपछि बालाराम बाउन एक्लै भयोछ । जोइ पनि भएन, जौं पनि छरिन । यस्ता अवस्थामा पुगेको बालाराम बाउनले टोलाउँदै भन्योछ । -“जोइ न जुङा मोइ न सातु ।”

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[८]

## ९. बुढा र बुढी

एकादेशमा दुई जना बुढाबुढी बस्थे गरे । उनीहरू गरिब भया हुनाले मीठो खान पान्नथे गरे । एकदिन ती बुढाबुढीले दुःख गरी कमाको पैसा जम्मा गरी चिल्लोरोटा खाने विचार गरेछन् र बुढीले तिनवटा रोटा पनि हाल्योछ । रोटा खाने वेला ती दुईमा बाझाबाझ पऱ्योछ । बुढाले भन्योछ -“म दुईटा खान्छु ।” बुढाको यस्तो कुरा सुनी बुढीले आफुले दुईटा रोटा खान पाउनुपर्छ भन्योछ । उनीहरूको यस्तो विवादको टुङ्गोको लागि भोलि बिहान जो ढिलो उठ्छ उसले दुईटा खान पाउनेछ नतरी एउटा मात्र खान पाउनेछ । यस्तो सहमती पछि उनीहरू सुतेछन् ।

भोलिपल्ट व्यान घाम लाग्योछ, गाउँका सबै मान्छेहरू उठेछन् तर उनीहरू उठिनछन् । बार बजिसक्योछ तर पनि उनीहरू उठिनछन् । त्यसपछि गाउँका मान्छेहरू के भयो भनी उनीहरूका घरमा आएछन् र उठाउन लाग्दा पनि ती बुढाबुढी उठिनछन् । यस्तो अवस्था देखेपछि गाउँलेहरूले तीनलाई मरेको ठानी जलाउन भनी चितामा लगेछन् र चितामा राखी आगो बाल्दा बुढाले भन्योछ-“भो भो म एउटै खान्छु ।” बुढाले म एउटै खान्छु भनेको सुनेपछि बुढीले भन्योछ-“ म दुईटा खान्छु, म दुईटा खान्छु ।” त्यसपछि गाउँलेहरूले तिनीहरूलाई चिताबाट बाहिर निकालेछन् र सबै कुरा बुझेछन् र सबैजना पेट मिचि-मिचि हाँस्न थालेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[९]

---

८. पुनम के.सी., तु.न.पा.२, दाङ ।

९. रेखा बाँठा मगर, तु.न.पा.५, दाङ ।

## १०. पापिनी सासू

एकादेशमा एउटी बड्डी रैच गरे । उसको एउटो छोरो पनि रैच गरे । छोरो बर्दै गएसी आमाले उसको ब्या गर्दिछ । उसको घरको अवस्था कमजोर भया हुनाले आमाले छोरालाई कमाइ गर्न लाउर पठाइछ । छोरो लाउर गएपछि घरमा अब सासू ब्वारी मात्रै भएछन् । घरमा बसेर खान नपुग्ने भया हुनाले उनीहरू सधैं बारीमा काम गर्न जान्थे गरे । एकदिन बारीमा काम गर्दै गर्दा ब्वारीले नानी पाइछ । साँझपख सासू-ब्वारी नानी ल्याइन घर आएछन् । अर्को दिन सासू-ब्वारी नानी लगिन बारीमा सधैँको जस्तो काम गर्न गएछन् । नानीलाई बारीको घारीमा सुताइन काम गरिर्‍या बेला नानी रोइछ । ब्वारीले नानी रोइ बज्यै दूध ख्वाउन जान्छु भन्दा सासूले यो मेलो सकेपछि जालिस भनिछ । त्यो मेलो सकेपछि फेरी यो मेलो सकेपछि जालिस् भनिछ । यस्तै गरी धेरै मेलो काम गराइछ । निकैवेर भएपछि त्यो नानी दूध खान नपाई न्याउला चरो बनेर उडिछ । उरेर दुधलाको रुखमा र तिमिलाको रुखमा गर्दै बसिछ । उसकी आमा पनि आत्तिदैँ उसको पछिपछि दगुरी तर भेटाउन सकिन । अन्तिममा नानीलाई असाध्यै भोक लागेपछि त्यही दुधला र तिमिलाको रुखको दूध(चोप) खानु पर्‍योछ र उसलाई मर्न पर्‍योछ । त्यही मरेको अवस्थामा आमाले नानीलाई भेट्टाउन सकिछ तर मरेको नानी भेट्टाएर केही काम नभएपछि निराश भएर सासूलाई सराप्दै घर फर्केछ । उता उसको लोग्ने पनि परदेशबाट त्यसै दिन आइपुग्योछ । घरको अवस्था देखेर ऊ पनि चिन्तित भयोछ । त्यही चिन्ताले लोग्ने र स्वास्नी पनि मरेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१०]

## ११. पापिनी भाउजू

एकादेशमा छ भाइ राजाकी एउटी बैनी रैच गरे । एकदिन त्यो बैनीलाई मेला जानेस लाग्योछ । मेलामा जारो हुने भया हुनाले आफ्नो जेठी भाउजूसित बर्की मागिछ । भाउजूले बर्कीलाई पट्याएर त्यसभित्र कुकुरको दिसा राखेर यसमा केही पनि फोर नगर्नुहोला भन्दै दिइछ । नन्दले हुन्छ भन्दै बर्की लगेर मेला गइछ । मेलामा गएपछि उसले भाउजूले भनेको कुरा सम्झेर बर्की मैलेला भनी जस्तो लगेको त्यस्तै फर्काएर घरमा ल्याएर भाउजूलाई

१०. इन्द्रा बुढा मगर, तु.न.पा.४, दाङ ।

दिइछ । भाउजूले नन्दकै अगाडि बर्की खोलेर देखाउदा त्यहाँ कुकुरको दिसा देखेपछि नन्दलाई गाली गर्दै यो कसरी भयो, तपाइँलाई त्यति भन्दारी पनि भैन भन्दै गाली गरिछ र नन्दलाई यो अब कसैले धुनारी पनि जान्न त्यसैले नदीमा गएर पम्फाको फुल खोजेर ल्याउनुस् भनिछ । त्यसपछि नन्द पम्फाको फुल खोज्न नदीमा गइछ । नन्द फुल खोज्न नदीमा पसी भने अरु दाइ भाउजूहरूले ढिकमा बसेर हेरे । पानी घुँडासम्म आयोछ तर उसले पम्फाको फुल भेटिन भन्दारी भाउजूले अलि पर जानुस् भनिछ । नदीको बिचमा पुगेपछि उसलाई डुबाउन लाग्दा धौ भएर भनिछ-"पानीले ज्यान लग्न लाग्यो छ भाइ दाजु, भेट्दैन पम्फा फुल ।" त्यसपछि पानीले डुबाई ऊ मरिछ । मरेको त्यो बैनीलाई निकाली सबैले मासु खाएछन् र घर गएछन् । तिनीहरू गएको केही समयपछि छिमेकको एउटा मान्छेले त्यहाँ बचेको हारखोर जम्मा गरी एउटा खाडलमा गाऱ्योछ । केही समयपछि त्यसमा एउटा बाँस उमऱ्योछ । बाटा हिड्ने मान्छेले कस्तो राम्रो बाँस रैच भनी काट्न खोज्ने रैचन तर त्यो छिमेकी मान्छेले काट्न दिने रैनच । एकदिन त्यो मान्छे नभएको मौकापारी एउटा मान्छेले त्यो बाँस काटी मुरली बनायोछ । ऊ दिनभरी ग्वाला जादाँ त्यसलाई भारमा राखी जाने रैच र फर्किदा घरको भात-भान्सा जम्मै गरेको हुने रैच । यो कसले गर्ने रैच भनी ऊ दङ्ग पर्ने रैच । यसको लागी उसले एकदिन चेवा लागेर हेर्दा त त्यही मुरली मान्छे बनेर काम गरेको देख्योछ, त्यो पनि आफ्नै मरेकी स्वास्नी । आफ्नो मरेको स्वास्नीलाई देखी खुशी हुँदै, अंगालो मार्दै स्वास्नीलाई यो कसरी भयो भन्दा स्वास्नीले आफु मरेको कारण बताइछ र आफुबाट जागेको कुरा पनि भनिछ । त्यसपछि दुईजना मिलेर बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[११]

## १२. छट्टु स्याल

एकादेशमा एउटा बघिनी रैच गरे । उसका बच्चाहरू एक्लै भएको बेला स्याल आएर ती बच्चालाई तिमुरको आमा खै भन्दा बच्चाहरूले आमा त जङ्गलमा सिकार खोज्न गयाछन भने छन । त्यसपछि स्यालले आफ्नो रिस देखाउदै भन्योछ -"त्यसलाई भेटाए त लात्ति-लात्तिले खाद्नेथैं ।" यति भनेपछि स्याल त्याँबाट हिड्योछ । साँझ बघिनी जङ्गलबाट आएपछि बच्चाहरूले एउटो स्याल आएर यसो-यसो भन्यो भनेछन । यस्तो कुरा सुनेपछि बघिनी

---

११. स्रोत : लालमती पराजुली, तु.न.पा. ३, दाङ ।

अर्कोदिन सिकार खोज्न नगै स्याललाई बथाना बस्योछ । स्याल पहिलेकै समयमा बघिनीको खोरमा आएर बच्चाहरूलाई बघिनी खोई भनी सोद्धा एउटा कुनाबाट बघिनी फुत्त निस्केर स्याललाई चार्न थाल्योछ चार्दा-चार्दा स्याल एउटो लरा भयाको भ्याङमा पस्योछ । बघिनी पनि त्यसैमा पस्योछ र स्यालको खुट्टा समात्योछ । स्यालले बाठो हुदै भन्योछ-"खुब मेरो खुट्टा समातेँ भन्याहोलास् त्यो त रुखको जरा हो ।" त्यसपछि बघिनीले आफुले समातेको स्यालको खुट्टा छोद्र्योछ । र स्याल फुत्त निस्केर भाग्योछ भने बघिनी त्यही रुखको लरामा अल्भ्योछ । स्यालले मौका यही हो भनी बघिनीलाई लात्ति-लात्तिले खाँदुला भन्या हो कि हैन भन्दै खाँद्न थाल्योछ । त्यसपछि बघिनीलाई निकै धौ भएपछि स्यालले हान्न छोर्‍योछ अनि बघिनीले भन्योछ -"लौ मैले तिमीसित हारेँ, अब म तिमीसित ब्या गर्छु ।" त्यसपछि स्यालले बघिनीलाई ब्या गर्‍योछ ।

एकदिन स्याल र बघिनी सिकार खेल्न गाई चर्ने जङ्गलमा गएछन् । स्यालको ठुला गाईलाई मार्ने हिम्मत नआएपछि एउटो बाच्छोलाई मार्न लाग्दा बाच्छाले लात्तिले मुखमा हान्योछ र मुखबाट रगत बग्न थाल्योछ । हतार-हतार उसले मुख छोप्योछ । त्यो देखी बघिनीले किन मुख छोप्यौ भन्दा केही हैन भन्योछ अनि फेरी बघिनीले त्यो रातो के हो तो भन्दा पान खाको हो भन्योछ । एकछिन पछि बघिनीले एउटो बल्ल मार्‍योछ । स्याललाई अब के बोक्छौ ? खुट्टा बोक्छौ ? टाउको बोक्छौ ? करङ बोक्छौ ? भनी प्रश्न गर्दा स्यालले मत मर्द हुँ, त्यस्ता केही पनि बोक्दैन, मत फोक्सो बोक्छु भन्योछ र दुवै आ-आफ्नो भाग बोकी बाटो लागेछन । बाटामा ठुलो चिरो रैच । बघिनीले फट्केर चिरो नाघ्योछ भने स्यालले सकिनछ । बघिनीले मर्दले किन नाघ्न सकिनौ त भन्दा तँलाइ जस्तो हो मलाई, मलाई त को सित भेटुनुपछै, को सित भेट्नुपर्छ भन्दै काँराको भ्याङबाट घुमेर आउदा फोक्सो जम्मै काँराले च्यातेर डाँख्लो मात्रै बच्योछ । बघिनीले के भयो यस्तो, किन डाँख्लो मात्रै भनी सोद्धा स्यालले भन्योछ-"तँलाई के था, मेरा इष्टमित्र कति छन् कति तिनलाई बाड्नुपर्छ, त्यई भएर यस्तो भया हो ।" त्यसपछि बघिनीलाई रिस उठ्योछ र खै काँ छन तिम्रा इष्टमित्र, छन भने बोलाउतो भने पछि स्याल बास्न सुरु गर्‍योछ अनि सबै स्याल जम्मा भएछन । स्यालको बगाल देखेर बघिनी जिल्ल पर्‍योछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१२]

---

१२. रमेश घर्ती, तु.न.पा.४, दाङ ।

## १३. लिखाटोकेनीको कथा

एकादेशमा एउटा गाँउमा एकजना मान्छे बस्थ्यो गरे । उसका स्वास्नी र एक छोरी पनि थे गरे । एकदिन उसको स्वास्नी हैजाले मऱ्योछ । त्यसपछि छोरी टोकेनी भयोछ । स्वास्नी मरेपछि उसले अर्को ब्या गऱ्योछ । कान्छी आमा आएपछि लिखाटोकेनीलाई दिन बिताउन निकै धौ भयोछ किनभने कान्छीआमाले उसलाई देखिसहन्नथ्यो । हेरचाह गर्ने मान्छे नभएपछि उसका टाउकोमा जुम्रा र लिखा मात्र परेकारैचन् । केही समयपछि कान्छी आमाले दुईवटा छोरी पायोछ । एकदिनको कुरा हो दशैंको बेला थ्यो सबैले रमाइलो गरिऱ्यारैचन् । विचरा ! लिखाटोकेनीलाई भने चाडपर्व भन्ने के हो था नै हुन्नथ्यो । कान्छी आमाका छोरीहरूले आफ्नो बाउसँग कपडा, जुत्ता आदि विभिन्न किसिमका सामान किनि दिन भनेछन भने लिखाकोकेनीलाई बाउले के ल्याइदिने हो भन्दा मलाई त म जस्तै टोकेनी बाखो ल्याइदिनुस् भन्योछ अनि बाउले पनि त्यसै गरी कान्छीबाटका छोरीहरूलाई तिनीहरूले भने अनुसारका सामान ल्याइद्योछ भने लिखाटोकेनीलाई पनि उसले भने जस्तै टोकेनी बाखो ल्याइद्योछ । त्यसपछि लिखाटोकेनी सधैं बाखो चराउन जान थाल्योछ । लिखाटोकेनी अच्चली दुब्लेको देखेपछि बाखोले तिमी किन यस्तरी दुब्ल्याछौ भनेपछि लिखाटोकेनीले भन्योछ-"हेर बाखा ! मेरो आमा छैनन् मलाई कान्छी आमाले राम्रो खान दिन्नन् खाली कनिका रोटा मात्रै खान दिन्छिन, त्यइ भएर म दुब्ल्या हुँ ।" लिखाटोकेनीको कुरा सुनी बाखाले भन्योछ-"तिमी जस्तै म पनि टोकेनी हुँ, तिमी र म एकैरैचम्, अब तिमलाई दुःख पऱ्याछ, तिमले मेरो वरिपरी घुम र मलाई बिचमा पारी झर चिल्लो रोटा झर् झर् भन मैले तिमलाई चाहेजति चिल्लो रोटा झार्दिन्छु ।" त्यसपछि लिखाटोकेनी अच्चली खुसी भयोछ र बाखाले भनेजस्तै गऱ्योछ र लिखाटोकेनीले मीठामीठा चिल्ला रोटा दिनदिनै खान पायोछ । केही दिनमै लिखाटोकेनी मोटायो, घरमा मीठो केही पनि खान पान्न भनेर कान्छी आमालाई डाहा भयोछ र आफ्नो छोरीलाई कसैसँग नभनी मलाई मात्र ह्याँ आइन भन भनी लिखाटोकेनीको चाला बुझ्न उसैसँग बाखो चराउन गएछन् । लिखाटोकेनीले बैनीले भन्दैन होला भन्ने ठानी उसलाई पनि चिल्लो रोटा द्योछ तर साँझ घर आउनासाथ उसले आमासित सबै कुरा भन्योछ । त्यसपछि कान्छीआमा विरामी भयाको बाना पारी खाटमा सुत्योछ र ऐया-ऐया गर्न लाग्योछ । कान्छीआमाको यस्तो अवस्था देखेपछि बाउ हेराउन धामी काहाँ जान भनी हिंऱ्योछ । बाउ हिँरेपछि विरामीको बाना पारेकी कान्छीआमा छोटोबाटो दौडादौड गर्दै बाउ भन्दा अगि गएर धामीलाई घरमा भयाको बाखो काटेपछि मात्र सञ्चो हुन्छ भन म तिमलाई तिमले भनेजति

पैसा दिम्ला भनी तुरुन्त घरमा फर्क्योछ । बाउले धामीलाई हेराउदा कान्छीआमाले सिकाए अनुसार बाखो काटेपछि मात्रै सन्चो हुने कुरा गऱ्योछ । बाउ हेराएर घर गएर सबै कुरा स्वास्नीलाई भन्योछ । यो सबै कुरा लिखाटोकेनीले सुनीऱ्यारैछ । त्यसपछि लिखाटोकेनी रुँदै गएर बाखोलाई भन्योछ-" हेर अब तिमलाई काट्ने भए, म कसरी बाच्ने ?,अब यो संसारमा मेरो कोही पनि हुन्न ।" त्यसपछि बाखोले भन्योछ-" हेर नानी ! तिमले चिन्ता नगर मलाई काटेपछि तिमले मेरो मासु नखानु, सबैले खाइसकेपछि मेरो हारखोर लगेर एक ठाँउमा गार्नु, पछि त्यस ठाँउमा सुनको खामो उम्रिनेछ । त्यो कसैले उखेल्न नसकेपछि तिमलाई राजाले आफ्नो छोरासँग ब्या गराई राजकुमारी गराउनेछन् ।

अर्कोदिन धामी बस्ने तयारी भयोछ र धामीले बाखो पनि काट्योछ । बाखोको मासु चारजनाले खाएछन् तर लिखाटोकेनीले खाइनछ । सबैले खाएपछि हारखोर लगेर एक ठाँउमा गाऱ्योछ । केही समयपछि त्यस ठाँउमा सुनको खामो उमऱ्योछ । राजाले सबैलाई त्यो खामो ओखल्न पठाए तर कसैले ओखेल्न नसकेपछि राजाले जसले यो खामो ओखेल्न सक्छ त्यसलाई छोरो मान्छे भए छोरी दिने र छोरी मान्छे भए ब्वारी बनाउने शर्त पनि राखेछन् । सबै मान्छेहरू फेरी कस्सिएर पालैपालो ओखेल्न प्रयास गरे तर सकिनछन् अन्तिममा टोकेनी मात्र बच्योछ । उसले सक्दैन भन्दा पनि सबैले कर गर्दा उसले छुने वित्तिकै त्यो सुनको खाँमो ओखल्योछ । त्यसपछि शर्त अनुसार राजाले लिखाटोकेनीलाई आफ्नो छोरासँग ब्या गर्देछन । उता कान्छी आमा लिखाटोकेनी राजकुमारी भयाको थापाएपछि आफुलाई धिकार्दै बस्योछ भने लिखाटोकेनीले दरबारमा राजकुमारी भएर सुखसँग दिन बिताउन थाल्योछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१३]

## १४. गिद्ध र फौजहरू

एकादेशमा राजाका फौजहरू बस्थे गरे । लराइँ मच्चेपछि राजाले फौजहरूलाई दुष्मनलाई मार्न पठाएछन । फौजहरू जाँदा-जाँदा बाटामा एउटा रुखमा गिद्धलाई आफ्नो स्वास्नी र भर्कर जन्मेको छोरासित देखेछन । गिद्धले फौजहरूलाई भन्योछ-"ए फौजहरू म ठुलो संकटमा परेँ, मेरो स्वास्नी सुत्केरी छ, म बहत्तर बर्षको बड्डो छु । हामी त भोकले मर्ने भइम् । त्यसैले लराइँमा मान्छेको जन्म लिएर मरेको मान्छे मलाई ल्याइदिनु होला ।" गिद्धको

१३. धन बहादुर पुन, तु.न.पा.७, दाङ ।

यस्तो कुरा सुनेपछि फौजहरूले मान्छेको जन्म लिएर मरेका  मान्छे कसरी चिन्ने भन्दा गिद्धले आफ्नो प्वाँख दिदैं भन्योछ -"यी यो प्वाँखबाट हेर्नुहोला अनि त्यस्तो मान्छे चिनिन्छ ।" त्यसपछि फौजहरू गिद्धको कुरामा सहमती जनाउँदै आफ्नो बाटो लागेछन ।

अर्कोदिन ब्यान सबेरै फौजहरू लराइँको मैदानमा पुगेछन । त्यहाँ दुष्मनसित लरेर उनीहरूलाई नाश गरे । लराइँ सकेपछि गिद्धको आहारा लग्नुपर्छ भनी प्वाँखबाट हेर्दा त्यहाँ जम्मा दुईवटा मात्र मान्छेको जन्म लिएर मरेका मान्छे भेटिए । अरु जम्मै कोही साप, कोही छेपारा, कोही गाई, भैसी, आदि देखिए । ती दुई मरेका मान्छेलाई मात्र फौजहरूले गिद्धलाई दिए अनि आफ्नो बाटो लागे । आफ्नो काम सबै सफल भएकोमा फौजहरू निकै खुसी हुँदै राजाले बहादुरी र बक्सिस दिएपछि मात्र जाने बिचार गरी बिच बाटोमा झुण्डी बानेर बसे । तर राजाले उनीहरूलाई कुनै वास्ता गरेनन् । राजा चुप लागेको देखेर फौजहरूले यतिका दुष्मनलाई मार्दा पनि राजा किन चाल गरिनन् लौ अब हाम्रा राजा साँच्चै मान्छे रैचन् कि अरु कुनै जनावरको जन्म भएका रैचन् भनी त्यस गिद्धको प्वाँखबाट हेर्दा राजा त राँगाको रूपमा देखिएछन् । त्यसपछि फौजहरूलाई निकै रिस उठ्यो र लौ अब यहाँबाट उठम् भनी बाटो लागे । बिच बाटोमा एउटो केटी टोलाएर बसेको देखेपछि के भयो भनी सोद्धा उसले आफुलाई आमाले जे काम गर्दा पनि जस नदिएको कुरा बतायो । अनि फौजहरूले गिद्धको प्वाँख दिँदै भने-"यी यो प्वाँखले तिम्रो आमालाई हेर र हेर्दा उनी कस्तो देखिन्छिन । यदि मान्छेको रूपमा देखिए भने ठीक छ । आमाले भनेको मान्नु तर अन्य जनावर देखिएमा नमान्नु ।" त्यसपछि उसले आमालाई त्यस प्वाँखबाट हेर्दा कुकुर्नीको रूपमा देख्यो र मेरो आमा ठीक रैनछ भनेर आफ्नै सुरमा चल्न थाल्यो । आमाले भनेको केही पनि मानिन् । पछि यो सबै कुरा फौजहरूलाई भन्यो । फौजहरूले पनि खुसी हुँदै गिद्धलाई प्वाँखले यति ठुलो काम गरेकोमा स्याबासी दिन गिद्ध हुनी जान भनी हिँडे । गिद्ध हुनी फौजहरू पुगेपछि गिद्ध खुशी भयोछ र पछि फेरी भेट हुने बाचा गर्दै फौजहरू दरबारतिर लागेछन् । गिद्ध भने त्यहीँ बस्योछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१४]

---

१४. मोहनलाल थापा, तु.न.पा.६, दाङ ।

## १५. बाउनीका आमाछोरा

एकादेशमा बाउनीका आमाछोरा बस्थे गरे । तिनीहरू एकदमै गरिब थे गरे । गरिब भए पनि कसैको काम गर्न भने जान्नथे । मागेर नै गुजारा चलाउने गर्थे । एकदिन स्वर्गबाट बिष्णु र सरस्वती नामका देवीदेवताहरू पृथ्वीको हेरचाह गर्न आएछन । पृथ्वीमा उनीहरूलाई देवता हुन् भनेर चिन्न नसकेपछि खान बस्न दिएनन् तर बाउनीका आमाछोराले सम्मानपूर्वक आफ्नो पराले झुपडीमा राखेछन । झुपडीमा आमाछोरालाई बनाएको खानामात्र थ्यो तर ती देउताहरूको भित्री शक्तिले सबैलाई प्रशस्तै पुग्योछ । यस्तै सुत्ने समस्यालाई पनि उनीहरूको शक्तिले काम गर्‍योछ । बाउनीका आमाछोराको यस्तो राम्रो व्यवहार देखेर देवताहरू खुसी भई बाउनीलाई छोराको ब्या गर्ने हउ भनी सोद्धा उनले गरिबलाई कसैले टेर्दैन हजुर भनेपछि देवताहरूले बाउनीलाई अचम्मको शक्ति दिई एउटा गाउँमा एउटा बाउनको कान्छी छोरी माग्न पठाएछन । त्यसपछि बाउनी उडेर त्यहाँ पुगिन । पहिला त उनलाई सबैले को हो भनेर लखेटेछन् तर पछि अलौकिक शक्ति भएको मान्छे भन्ने थापाएपछि उनलाई बाउनले आफ्नो छोरी दिए र उनले छोराको ब्या गर्दिइन । त्यसपछि आमाछोरा र बुहारी भएर मजासँग बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१५]

## १६. भैराभैरीको कथा

एकादेशमा भैराभैरी बस्थे गरे । उनीहरूका एउटो छोरो र एउटो छोरी रैचन् गरे । एकदिन छोरोहोनेले बारी ज्योतिर्‍या बेलामा बाटा हिड्ने बटुवाले सोध्योछ -"दाइ यो बाटो कता जान्छ ?" भैराले जवाफमा भन्योछ-"यो बल्ल जेइको माइतबाट ल्याको हो र यो होने बल्ल जोइको माइतबाट ल्याको हो ।" त्यसपछि त्यो बटुवा यस्तो मान्छेसित के कुरा गर्ने भनेर आफ्नो बाटो हिड्योछ । केहीबेर पछि उसको स्वास्नी अर्नि ल्याएर आयोछ । स्वास्नीलाई देख्ने वित्तिकै भन्योछ -"हेर बड्डी आज मैले तिमी सासूब्वारीको इज्जत राख्द्याछु । एउटा बटुवा आएर यिनी बल्ल काँबाट ल्याया हौ भन्यो । मैले एउटा जेइको माइतबाट र अर्को जोइको माइतबाट ल्याया हो भने । त्यसपछि जवाफमा उसको भैरी स्वास्नीले भन्योछ-

---

१५. धर्मराज वि.क., तु.न.पा.११, दाङ ।

"तपाईको आमाको ढङ्ग त्यस्तै मलाई गाली गर्ने ? तरकारी के मैले पका हो र ? त्यसपछि ऊ रिसले आगो हुँदै घरमा आयोछ र आफ्नो सासूलाई भन्योछ -"कस्तो तरकारी पकाउनु भया हो ? तपाईको छोराले मलाई कस्तो गाली गर्नु भो ।" त्यसको जवाफमा फेरी भैरी सासूले भन्योछ-"होरे बड्डा  मेरो मुखमा मोसो लाया छ रे ? त्यसपछि बड्डाले आफ्नो छोरीतिर फर्केर भन्योछ-"होरे छोरी मैले भारमाथिको कनिका रोटा झिकिन खाया हुँ रे ?" यो प्रश्नको जवाफमा छोरीले भन्योछ-" अँ बा जाँ दिउला तीँ जाना ।"

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१६]

## १७. शृङ्ग ऋषि र भृङग ऋषिको कथा

एकादेशमा शृङ्ग ऋषि र भृङग ऋषिका बाउछोरा बस्थे गरे । बाउ शृङग ऋषि र छोरा भृङग ऋषि दश बर्षको लागि नदीको किनारामा तपस्यामा बसेछन । एकदिन सुनको सिक्रि लगाएका परिसत राजा शिकार खेल्दै त्यहीबाटो आएछन । उनले ऋषिलाई देखेपछि कसैले नगर्ने तपस्या गर्ने भ्याको काठा भन्दै शृङग ऋषिलाई सर्पको माला गुठाइदेछन् । राजाको यो व्यवहार तपस्यामा बसेको ऋषिलाई था भएन । राजा फेरी छोराहुनी गएर तेरा बाउलाई कोले सर्पको माला गुठाइद्याछन्  भन्ने कुराको जानकारी देएपछि उसले राजालाई आजको सातदिनमा तँ लाई तक्ष्य नागले टोकेर मारोस् भन्ने सराप देयोछ । यो सबै कुरा छोराले बाउ ऋषिलाई भन्योछ । छोराको यस्तो कुरा सुनेपछि बाउहोनेले किन यस्तो गरिस् लौ अब राजालाई खबर दिनुपर्छ भनेर खबर गर्न मान्छे पठायोछ । ती मान्छेले राजालाई सबै कुरा भनेपछि राजा कालबाट जोगिनको लागि सेना तैनाथ गरी सप्ताह लगाउन थालेछन् । सप्ताहको सातौं दिनमा तक्ष्य नाग राजालाई मार्न भनी मान्छेको भेषमा आउँदै गर्दा बाटोमा सर्पको विष झार्ने बैद्यसंग भेट भयोछ । दुवैको आपसमा कुराकानी हुँदा वैद्यले भन्योछ-"म राजालाई डसेर मार्ने सर्पको विष झार्न जानलाछु , इति गरेमा राजाले मलाई थुप्रै धनसम्पत्ति दिन्छन् ।" मान्छेको भेषमा आएको सर्पले पनि भन्योछ -" म शृङग ऋषिले सराप दिएको राजालाई डसेर मार्न जानलाछु ।" त्यसपछि नागले वैद्यलाई त्यसो भए म यो पीपलको रुखलाई डसेर सुकाउँछु र यसमा भ्याको चरा चुरुङ्गी पनि मार्छु । तपाइँ विष झारेर ठीक

---

१६. स्रोत : इन्द्रा बुढा, तु.न.पा.६, दाङ ।

पार्न सक्नुहुन्छ ? भनी प्रश्न गर्दा उसले सक्छु भन्दै तत्कालै ठीक पारेर रुख लगायत चराचुरुङ्गीलाई पनि पहिले जस्तै हराभरा र जिउँदो बनायोछ । त्यसपछि तक्ष्य नागले वैद्यलाई राजाले दिने धन म दिन्छु तपाइँ यहीबाट फर्किनुस भनेपछि वैद्य धनपैसा लगेर गयोछ । एकदिन पछि नागले मनमनै सोच्यो बाउनका जात लोबी हुन्छन् । यो वैद्य फेरी फर्केर आउन सक्छ भनेर त्यसलाई मार्ने विचार गरी वैद्य हिँड्ने बाटामा सर्पको मुख भ्याको सुनको लट्ठी फाल्द्योछ । त्यो लट्ठी वैद्यले भेटायोछ र खुसी हुँदै आफ्नो कुममा भ्ुण्ड्यायोछ । एकैछिनमा त्यो सर्पको मुख भ्याको लट्ठीले उसलाई डस्योछ । अप्ठ्यारो ठाउमा डसेकोले आफै वैद्य भएपनि विष झार्न नसकेपछि ऊ मर्‍योछ । तक्ष्य नाग राजाको सप्ताह भ्याको ठाउँमा मान्छेको भेषमा गयोछ र एउटा थालीमा अछेता राखी यो शुङग ऋषिले द्याको अछेता हो भनि त्याँ भएका मानिसलाई त्यो अछेता सप्ताहको चारैतिरको मन्दिरमा घुमाउन भन्दै आफु त्यसैमा भुसुना भएर बस्योछ र मानिसहरूले त्यो अछेताको थालीलाई घुमाउदै गर्दा राजाहुनी पुग्दा भुसुनाको रूपमा गयाको नागले टोक्योछ र राजा मरेछन।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला । [१७]

## १८. धर्मे छोरो

एकादेशमा सन्तान नभएका बूढाबूढी बस्थे गरे । तिनीहरूले बुढेसकालको लागि साहारा होला भनेर एउटो धर्मे छोरो पाल्यारैचन् । छोरो ठुलो भएपछि उसलाई कमाउन पठाउने विचार गरेछन् । छोरो पनि त्यसमा मञ्जुर भयोछ । त्यसपछि बूढाबूढीले उसलाई पाँच/छ पाथी चामल खर्चदिएर पठाएछन् । छोरो जाँदै गर्ने बेलामा बाटामा एउटा नदी भेटायोछ र आफूले ल्याको चामल त्यही नदीका माछालाई दिएर घर फर्क्योछ । बूढाबूढीले फेरी पनि त्यति नै चामल दिएर कमाउन जा भनी पठाएछन् । यस पटक पनि माछालाई नै दिएर आयोछ । अर्कोपटक पनि त्यसैगरी पठाएछन् । यसपटक भने बूढी अब यसले सक्ने भयो भनी कराई तर बूढाले भने जे भएपनि हाम्रो अरु कोही छैन भनी बूढीलाई सम्झायोछ ।

छोराले माछालाई चामल दिन लाग्दा माछाको राजाले यसले यसरी हामीलाई चारो दिन्छ भने हामीले पनि यसलाई केही दिनुपर्छ भनी सुनको औंठी दियोछ । त्यो ल्याएर ऊ

१७. डिलमान नेपाली, तु.न.पा.६, दाङ ।

घरमा आयो र बूढाबूढीलाई दियोछ । त्यो औँठी बूढाले लगाउँदा बूढो जवान हुन्थ्यो भने बूढीले लगाउँदा बूढी जवान हुन्थ्यी । त्यसपछि छोरालाई अरु यस्तै औँठी ल्याउन सक्दैनस् छोरा भन्दा उसले सक्छु भन्योछ र लिन गयोछ तर नपाएपछि त्यही नदीमा हाम फाल्योछ । नदीमा त्यसरी हाम फालेर मर्न लागेको देखेपछि माछाको राजाले तपाइँले हाम्रो सेवा गर्नुभयो तपाइँलाइ म बचाउँछु भनी नदीबाट निकालेर कैलाशमा लगेर आरामसँग बसाल्योछ । बूढाबूढी भने त्यही भएको छोरो पनि हराएकोले चिन्तै चिन्ताले मरेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१८]

## १९. कर्म खोज्ने मानिस

एकादेशमा वड्डा वड्डी रैचन गरे । तिनीहरूका दुईवटा छोरा पनि रैचन् गरे । कान्छो छोरो आमा-बासित बस्योछ भने जेठोहोने एक्लै भयोछ । आफू एक्लै भ्याहुनाले कर्म खोटी रैच भन्दै कर्मको खोजीमा घरबाट हिँड्योछ । घरबाट धेरै टारा गएपछि त्याँ एउटो मान्छेको घर भेटायोछ । त्यसमा एउटो मान्छे मात्रै बस्ने रैच । उसले त्यस मान्छेलाई भन्योछ-" हजुर मलाई बास दिनुपऱ्यो ।म कर्मको खोजीमा हिँरेको मान्छे हुँ ।" त्यसपछि त्यो मान्छेले उसलाई भन्योछ-"म तिमलाई वास दिन सक्दैन किनभने जब रात पर्च तव मेरो शरील फुल्लिन्छ र यो घरमा आग्नै मलाई धौ हुन्छ । मेरो शरिलको मासु खोपाबाट बाइर जान लाग्छन् । त्यसैले तिमी बस्ने ठाउँ कत्ति पनि हुन्न म किन यस्तो भएँ । मेरो समस्या पनि भगवानलाई भन्नु र आफ्नो समस्या पनि भन ।" त्यसपछि त्यो मानिस त्याँबाट हिँड्योछ । जानाजानै एउटो पीपलको रुखमा पुग्योछ र पीपललाई मलाई समस्या पऱ्यो आज राती जस्तरी भए पनि बास दिनुपऱ्यो भन्योछ । उसको कुरा सुनी पीपलले भन्योछ-"हेर मानिस ! म तिमीलाई वास त दिने थैँ तर के गर्ने म रातमा सुक्ने गर्छु । त्यसैले म तिमीलाई वास दिन सक्दैन, बरु हेर मानिस म किन यस्तो दुःखमा परेँ यो सबै कुरा भगवानलाई भनी मलाई यो समस्याबाट छुट्करा पाउने काम गर्नु पऱ्यो ।" त्यसपछि त्यो मानिस कर्मको खोजीमा भगवानकहाँ गयोछ र आफ्नो सम्पूर्ण कहानी बतायोछ साथै त्यो रातीमा फुल्लिने मानिस र पीपलको समस्या पनि भन्योछ । उसको कुरा सुनी भगवानले भनेछन्-"हेर मनुष्य !

---

१८. डिल बहादुर बस्नेत, तु.न.पा.७, दाङ ।

तिम्रो कुरा मैले बुझें अब तिमी ह्याँबाट जाऊ र त्यस फुल्लिने मानिसलाई उसँग भ्याको विद्या मलाई दिने गरे अनिमात्र तिमी ठीक हुन्छौ भन र पीपलको रुखलाई पनि तिमीसँग भ्याको कौरी पैसा मलाई देऊ अनिमात्र तिम्रो समस्या हरान्च र त्यसपछि तिम्रो कर्म पनि सप्रिन्छ ।" त्यसपछि त्यो मानिस पनि त्याँबाट फर्क्योछ र भगवानले भन्याजस्तरी सबै काम गर्‍योछ । त्यो फुल्लिने मानिसबाट विद्या पायोछ भने पीपलबाट थुप्रै धन पनि पायोछ र फुल्लिने मानिस र पीपलले आफ्नो समस्याबाट छुट्कारा पाएछन् । यसरी कर्म खोज्ने मानिसको कर्म सप्र्योछ र सुखसँग बस्योछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[१९]

## २०. जानपातेको कथा

एकादेशमा आमा र छोरा बस्थे गरे । आमाले त्यइ एउटो छोरालाई पनि घरमा भ्याको खानेकुरा दिन्नथ्यो गरे । एकदिन आमाले उसलाई घाँस काट्न पठायो र आफूले झाने रोटा हालेर खाने र खाएर बचेको लुकाउने विचार गर्‍योछ । तर छोरा भने घाँस काट्न नगई आमाले के गर्ने रैचन् भनी लुकेर हेरिरह्योछ । आमाले आफूले सकेजति रोटा खाई बचेको चालीसबटा भारमा लुकायोछ । यो सबै उसले देख्योछ । साँझ परेपछि आमासित रोटा माग्यो तर आमाले के अचम्मको कुरा गर्छस् तँ, रोटा काँ छ र ? भन्योछ । त्यसपछि उसले मन्त्रबाट सबै थापाएको कुरा भन्योछ र आफू ज्योतिष बनिसकेको कुरो पनि भन्योछ । छोराको कुरा सुनेर आमा खुसी भई गाउँघरमा छोरो जान्ने भ्याको कुरा सबैलाई बतायोछ ।

एकदिन गाउँमा एक जना मान्छेको सुनको औंठी हरायोछ । त्यसपछि गाउँलेहरूले जानपातेलाई खोज्न लगाउनुपर्छ भन्दै उसलाई औंठी भेटाइदे भनी मानसम्मानका साथ घरमा ल्याई बसालेछन् । जानपातेलाई खानपनि गराई सुताउने तरखरमा लाग्दा उसले म छुट्टै सुतेपछि मात्र मलाई ज्ञान आउँछ भन्योछ र उसलाई छुट्टै एउटा कोठामा सुताएछन् । सुत्ने वेलामा उसले सोच्योछ-" अब कसरी औंठी पत्ता लाने ? आमाले रोटा हालेको त लुकेर हेर्‍याथेँ र पो चाल पाएँ" यस्तै कुरा सोच्दै गर्दा उसलाई नीद लाग्योछ र आफ्नो आँखालाई

---

१९. कुलराज बाँठा मगर, तु.न.पा.५, दाङ ।

भन्योछ- "ऐले त सुत् आँखे भोलि था पाउलास् ।" यो बोली त्यही घरको आँखे नाम गरेको नोकर्नीले सुन्योछ । त्यसपछि औंठी चोर्नी त्यस नोकर्नीले डराउदै आइ जानपातेलाई बिन्ती गर्दै लौ प्रभु यो औंठी राख्नुहोस् मलाई जसरी भएपनि बचाउनुहोस् मेरो इज्जत जोगाइदिनुहोस् । नोकर्नीको काम कुराबाट खुसी भएर जानपाते मजासँग सुत्योछ ।

भोलि व्यान सबेरै जानपाते उठ्योछ र औंठी भेटाइद्याछु भनी औंठी दियोछ । उसको यस्तो काम देखेपछि उसलाई इनाम दिएर विदा गरेछन् । केही दिन पछि फेरी गाउँमा पानीको हाहाकार भयोछ । सबै ठाउँमा खडेरी भयोछ । यसको समाधानका लागि गाउँलेहरूले त्यँही जानपातेलाई नै हेराउने भएछन् र त्यो हुनी गएछन् । यसपटक पनि त्यो समस्या समाधान गर्न निकै सोच्नुपर्ने भयोछ । गाउँलेहरूको त्यस समस्या समाधानका लागि सभामा बसेकै वेलामा ऊ पिसाव फेर्ने निहुँमा बाहिर निस्क्योछ । अलि पर जाँदा एउटा गँगटो खोला बाहिर पाखामा भाग्दै गरेको देख्योछ । उसलाई देखेपछि जानपातेले भन्योछ-"गँगटो भाई तिमी किन यसरी भागिराछौ ?" गँगटोले भन्योछ -"हेर दाई अबको तीन दिनपछि ठूलो पानी आउनेछ, त्यइ भएर म भागिर्‍याछु ।" त्यसपछि जानपाते सभामा गएर तीन दिनपछि पानी आउने कुरा निश्चित गर्द्योछ । र त्यहाँबाट पनि सम्मानकासाथ विदा भयोछ । त्यसैगरी एउटा गाउँमा हात्तीले अचाक्ली सताएको रैच । यो समस्या समाधानको लागि फलानो ठाउँमा जानपाते ज्योतिष छ भन्ने कुरा था पाएपछि उसलाई बोलाउन लगाएछन् । जानपातेको आमाले फापरको रोटा हाल्नको लागि चाँखीमा फापर पिस्न लाग्दा त्यसमा साप रैच । त्यो पनि पिठोसंगै पिस्योछ । त्यही पिठाको रोटा हालेर उसलाई आमाले हात्तीको समस्या समाधानको लागि पठायोछ तर छोरालाई हात्तीले मार्देला भनेर निकै चिन्तित भयोछ । यसका साथै जानपातेलाई पनि उत्तिकै डर थ्यो । ऊ हात्तीको नजिक पुगेपछि सोच्योछ-" पहिला यो आमाले द्याको रोटा अर्नी खान्चु किनभने मरे पनि अर्नी खाएर मर्नुपर्‍यो ।" त्यसपछि उसले अर्नी खानुपर्‍यो भनी रुखमा टङ्गाएको अर्नीको पोको हेर्दा अर्नी सबै हात्तीले उत्तिखेरै खाइद्योछ र हात्ती त्यस सापको रोटा खाएका कारण विष लागी मर्‍योछ । त्यसपछि जानपातेले रमाउँदै आफूले हात्ती मारिदिएको कुरा बताउँदै गाउँलेहरूलाई देखायोछ । उसको यस्तो अचम्मको शक्ति देखेपछि यो साँच्चैको जानपाते पो रैच भनी उसलाई थुप्रै इनाम दिएर सम्मानसहित विदाई गरेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु मुखमा आउला ।[२०]

---

२०. स्रोत : अरुणा बुढा, तु.न.पा.५, दाङ ।

# परिच्छेद : चार

## सङ्कलित लोककथाहरूको वर्गीकरण एवं विश्लेषण

लोकसाहित्यको एउटा प्रमुख विधाको रूपमा रहेको लोककथा प्राचीन कालदेखि भन्ने र सुन्ने परम्परामा आश्रित हुँदै आइरहेको पाइन्छ । लोकजीवनमा धेरै प्रकारका कथाहरू पाइन्छन् । यस्ता लोककथाहरू पनि स्थान, समय र कथयिताको शैली अनुसार फरक-फरक हुन्छन् । यस्ता लोककथाहरूलाई विभिन्न विद्वानहरूले आ-आफ्ना तरिका अनुसार वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

लोकसाहित्यको क्षेत्रमा पनि दाङ जिल्ला धनी छ । यस जिल्लामा लोकसाहित्यका सबै विधाहरू उत्तिकै प्रचलनमा रहेकाछन् । यहाँ प्रचलित लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोकगीत पछि लोककथा नै मुख्य रूपमा प्रचलनमा रहेको पाइन्छ । लोककथा मनोरञ्जन र अर्ती-उपदेश दिने साधनको रूपमा रहेको छ । दाङ जिल्लाको तलसीपुर नगरपालिका क्षेत्रभित्र पनि विभिन्न प्रकारका लोककथाहरू प्रचलनमा रहेका छन् । ती प्रचलित लोककथाहरूमा राक्षस, बोक्सी, पशुपंछी, मानव आदि लोककथाहरू पर्दछन् । लोककथालाई विभिन्न विद्वानहरूले गरेको वर्गीकरणका आधारमा यहाँ सङ्कलित लोककथाहरूको पनि वर्गीकरण गरिएको छ, जुन यस प्रकार छन्-

१. सामाजिक लोककथा

२. धार्मिक तथा सांस्कृतिक लोककथा

३. रिस-डाहाका लोककथा

४. उपदेशात्मक लोककथा

५. अतिरञ्जित लोककथा

६. पशुपंछी सम्बन्धी लोककथा

७. विविध लोककथा

## ४.१ सामाजिक लोककथा

समाजमा भएका सामाजिक विषयवस्तुहरू समावेश गरिएका लोककथाहरू नै सामाजिक लोककथा हुन् । यस्ता सामाजिक लोककथामा सामाजिक चालचलन, रीतिरिवाज, रहनसहन, उठ्बस, आदिसँग सम्बन्धित कुराहरू व्यक्त भएका हुन्छन् । यसर्थ लोककथा समाजको सिङ्गो इतिहास हो, पहिचान हो र परिचायक पनि हो । समाजको यथार्थलाई बुझ्न लोककथाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सामाजिक लोककथामा सामाजिक जनजीवनको हाँसो, आँसु, पीडा, व्यथा, प्रेम, मिलन, विछोड आदिको झलक पाइन्छ । सामाजिक लोककथामा कान्छी आमाले गरेको अन्याय-अत्याचार, शोषण-दमन, दाजुभाईबीचको डाह, छरछिमेकको झगडा आदि विषयवस्तु समेटिने गर्दछन् । दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित यस्ता कथाहरूमा जानपातेको कथा, लिखाटोकेनीको कथा, फटिङ्ग्रे जैसीको कथा, भावीको लेखोट, बालाराम बाउन, बूढा र बूढी, बाउनीका आमाछोरा, आदि पर्दछन् ।

## ४.२ धार्मिक तथा सांस्कृतिक लोककथा

लोकजीवनमा प्रचलित धर्म कर्म र सांस्कृतिक विषयवस्तु समावेश भएका लोककथाहरू नै धार्मिक तथा सांस्कृतिक लोककथाहरू हुन् । समाज धार्मिक विश्वासमा अडेको हुन्छ । धार्मिक लोककथामा पूजाआजा गर्ने, मठमन्दिर जाने जस्ता अनुष्ठानसँग सम्बन्धित विषयवस्तु समेटिएका हुन्छन् । यसै गरी समाजमा विद्यमान जन्मदेखि मृत्युसम्मका संस्कारसँग सम्बन्धित विषयवस्तु साँस्कृतिक लोककथामा समेटिएका हुन्छन् । यहाँ सङ्कलित लोककथाहरूमा शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा, कर्म खोज्न हिँडेको मानिस, धार्मिक तथा साँस्कृतिक लोककथा अन्तर्गत पर्दछन् ।

## ४.३ रिस-डाहका लोककथा

रिस-डाहका लोककथाहरूमा पारिवारिक षड्यन्त्र, साथीसङ्गी प्रतिको डाह, कसैको उन्नति, प्रगतिप्रति डाह, भाइभाइमा हुने रिस आदि विषयवस्तु समेटिएका हुन्छन् । यस्ता कथाहरूमा जसले अरुको रिस गर्छ ऊ दुःखको भुमरीमा फस्नुपर्छ भन्ने खालको सन्देश दिइएको हुन्छ । सङ्कलित लोककथाहरूमा लिखाटोकेनीको कथा, पापीनी भाउजु, आदि कथाहरू रिस-डाहका लोककथाहरू अन्तर्गत पर्दछन् ।

## ४.४ उपदेशात्मक लोककथा

अर्ती-उपदेश, शिक्षा-दीक्षा दिने विषयवस्तु समावेश भएका लोककथाहरू उपदेशात्मक लोककथा अन्तर्गत पर्दछन् । समाजमा के गर्न हुने र के गर्न नहुने भन्ने कुराहरू यस्ता लोककथामा स्पष्ट छुट्याइएको हुन्छ । कसैको हानी नोक्सानी नगर्नु, कसैलाई अनाहकमा दुःख नदिनु, अरुको कुभलो नचिताउनु, सँधै अरुको भलो हुने काम गर्नु भन्ने जस्ता कुराहरू लोकसमाजमा विद्यमान हुन्छन् । तिनै भावनाहरू उपदेशात्मक लोककथाहरूमा पाउन सकिन्छ । यहाँ सङ्कलित लोककथाहरूमा लिखाटोकेनीको कथा, शृङग ऋषि र भृङग ऋषिको कथा, मख्खीचुस राजा आदि उपदेशात्मक लोककथा अन्तर्गत पर्दछन् ।

## ४.५ अतिरञ्जित लोककथा

यथार्थ भन्दा पर गएर बढाइचढाइ गरी अतिरञ्जित तरिकाले समावेश भएका विषयवस्तु नै अतिरञ्जित लोककथा अन्तर्गत पर्दछन् । यस्ता कथाहरूमा पात्रलाई काल्पनिक संसारमा विचरण गराएर यथार्थ भन्दा परको कुरा देखाइएको हुन्छ । यस्ता कथाहरूको मूल उद्देश्य मनोरञ्जन दिनु हो, आनन्दित तुल्याउनु हो । यहाँ सङ्कलित लोककथाहरूमा फर्सीको ब्या, धनकमाउन जानलागेका चार जना वैज्ञानिकहरू आदि अतिरञ्जित लोककथा अन्तर्गत पर्दछन् ।

## ४.६ पशुपंछी सम्बन्धी लोककथा

मान्छेदेखि बाहेकका प्राणीहरूका कथाहरू पशुपंछी सम्बन्धी लोककथा अन्तर्गत पर्दछन् । यस्ता कथाहरूमा पशुपंछीहरूले एक आपसमा मानवीय भाषामा कुराकानी गर्दछन् । यस्ता कथाहरूमा पशुपंछीहरूलाई मानवको जस्तो व्यवहार गरेको देखाइएको हुन्छ । पशुपंछी सम्बन्धी यस्ता कथाका पात्रहरूमा गाई, गोरु, बिरालो, भंगेरा, स्याल बाघ, हात्ती, गिद्ध, आदि पर्दछन् । यहाँ सङ्कलित लोककथाहरूमा मनको माले गोरु, गिद्ध र फौजहरू, छट्टु स्याल, स्याल र खरायो, आदि पशुपंछी सम्बन्धी लोककथा अन्तर्गत पर्दछन् ।

## ४.७ विविध लोककथा

उपयुक्त वर्गीकरण भित्र नपरेका विभिन्न धर्म, संस्कृति, चालचलन, रीतिस्थिति अनुसारका लोककथालाई विविध लोककथा अन्तर्गत राख्न सकिन्छ । विविध लोककथा अन्तर्गतका कतिपय लोककथाहरू मनोरञ्जन गराउने उद्देश्यमा मात्र केन्द्रित हुन्छन् भने

कतिपय कौतुहल जगाउने उद्देश्यमा मात्र केन्द्रित हुन्छन् । यस्तै कतिपय लोककथाहरू बालबालिकालाई रोमाञ्चित गराउने खालका मात्र हुन्छन् ।

## ४.८ सङ्कलित लोककथाहरूको विश्लेषण

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधा हो । लोककथा लोक अथवा जनमानसको कथा भएको हुनाले यस्ता कथाहरू सरल, सहज र बोधगम्य भाषामा प्रस्तुत गरिएका हुन्छन् । दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र धेरैजसो सामाजिक लोककथाहरू बढी प्रचलित छन् । यस्ता लोककथाहरूमा समाजको प्रतिबिम्व आएको हुन्छ । यसका साथै यी लोककथाहरूमा रहस्य, कौतुहलता जगाउने, नैतिक शिक्षा र अर्ती-उपदेश दिने पक्षहरू रहेका हुन्छन् । यहाँ सङ्कलित लोककथाहरूलाई तत्वका आधारमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ, जुन यसप्रकार छ-

## १. मख्खीचुस राजा लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा लोकतत्वको उपयोग भएको छ । ठुलाबडाले सानातिना जनतालाई कसरी सताउँदा रहेछन् भन्ने कुराले लोकतत्वलाई संकेत गरेको छ । यस लोककथामा राजाले जनतालाई सताउनु, जनताद्वारा ईश्वरको पुकारा गर्नु, ईश्वर प्रकट भएर राजाको परीक्षा गर्नु, राजा परीक्षामा अनुत्तीर्ण भएपछि ईश्वर रूपी महात्माले अब त्यसरी जनता नसताई उनीहरूको धन दौलत जसरी लिएका थिए, त्यसै गरी ज-जसको हो उनीहरूलाई नै फिर्ता दिई सन्तोषपूर्वक बस्ने सल्लाह दिनु र राजाले पनि त्यसै गरी धन दौलत फिर्ता दिई सन्तोषपूर्वक रहनु आदि घटनाक्रमहरू लोक विश्वास अन्तर्गत पर्दछन् । यसरी लोककथामा यिनै विभिन्न लोकतत्वको उपयोग भएको छ ।

**कथावस्तु**

यस लोककथामा ऐतिहासिक विषयवस्तुको उपयोग भएको छ । राजाले जनतालाई सताएर भएपनि ढुकुटी बनाउन पुगेको र जनता आजित भएर ईश्वर पुकारा गरेको कुरा प्रस्तुत गरिएको छ । राजाले जनतालाई धेरै सताएका छन् । जनता माथि शोषण गरेका छन् जसको फलस्वरूप अकूत सम्पत्ति जोरेका छन् । जनताको छाकबासै उठ्न लागेपछि ईश्वरको पुकारा गरेका छन् । जनताको पुकारादेखि ईश्वर प्रसन्न भएर महात्माका रूपमा प्रकट भएर राजाको

परीक्षा गरे । परीक्षामा राजा असफल भएपछि महात्माले राजालाई भने जसरी मैले स्वर्गमा लैजान भनेको चिज लैजान नसकेर परीक्षामा असफल भयौ । यो संसारमा नित्य भन्ने केही छैन । सबै अनित्य मात्रै छन् । मरीजाँदा लैजाने केही पनि छैन । त्यसैले तिमीले जोरेको यत्रो श्रीसम्पत्ति पनि तिमीसँग जाँदैन । त्यसकारण यो सम्पत्ति जसरी सञ्चित गर्‍यौ त्यसै गरी सबै जनतालाई फिर्ता गर भनी महात्मा अन्तर्ध्यान भएको प्रसङ्ग कथावस्तुको रूपमा आएको छ ।

**चरित्र**

प्रस्तुत मख्खीचुस राजा लोककथामा मानवीय चरित्रहरूको मात्र उपस्थिति देखिन्छ । यस लोकथामा पुलिङ्गी पात्रको मात्र प्रयोग भएको छ जसमा मख्खीचु राजा, शिकारीहरु र महात्मा पर्दछन् । मुख्य पात्रका रुपमा मख्खीचुस राजा, सहायकमा माहात्मा र शिकारीहरु र गौण पात्रको रुमा जनताहरु रहेका छन् । महात्मा र जनताहरु अनुकूल पात्र हुन् भने शिकारीहरु र राजा चाहि प्रतिकूल पात्र हुन् । महात्मा र जनता वर्गीय पात्र हुन् भने राजा र शिकारीहरु व्यक्तिगत पात्र हुन् । यिनै विभिन्न खालका चरित्रहरूको केन्द्रीयतामा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**परिवेश**

यस मख्खीचुस राजा लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत पनि दरबारिया परिवेशको चित्रण गरिएको छ । राजाले शिकारीहरूलाई शिकार खेल्न पठाउनु, जनताबाट कर उठाउनु, ढुकुटी बनाउनु आदि प्रसङ्गले दरबारिया परिवेशलाई सङ्केत गर्दछ । यिनै दरबारिया परिवेशमा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**उद्देश्य**

यस मख्खीचुस राजा लोककथामा अरुलाई सताउने, दुःख दिने काम गर्नु हुदैन । यस्तो कियाकलापले कसैको पनि हित हुँदैन , मरिजाँदा कसैले पनि केही लैजाँदैन भन्ने जस्ता नैतिक शिक्षा दिन खोजिएको छ । यस कथामा राजाले जनतालाई सताएको देखेर महात्मा प्रकट भई परीक्षा लिंदा राजा असफल भएको र राजालाई त्यसो नगर्ने सल्लाह दिई अन्तर्ध्यान भएको कुरा उल्लेख छ त्यसैले यस कथामा नैतिक शिक्षा दिनुका अतिरिक्त मनोरञ्जन समेत प्रदान गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**संवाद**

यस मख्खीचुस राजा लोककथामा मानवीय र अतिमानवीय पात्रहरूको बीचमा संवाद भएको छ । राजा र शिकारीहरूका बीचको संवाद, शिकारीहरू र महात्मा बीचको संवादका साथै राजा र महात्मा बीचको संवादमा महात्मा र मख्खीचुराजाका बीचको सेवामा महात्माले भने "सानो भन्दा सानो चीज गह्रुङ्गो पनि छैन, तिमीले नै उहाँ पौँचाईदिनु पऱ्यो ।" यस्ता संवादले प्रस्तुत कथालाई रोचकता प्रदान गर्नुका साथै गति पनि प्रदान गरेको छ ।

**भाषाशैली**

यस मख्खीचुस राजा लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको छ । यसमा वर्णनात्मक शैलीको उपयोग भए पनि भाषा सरल, सहज र बोधगम्य छ । यस कथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरूको विवरण यस प्रकार छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| इरादा | मनसाय |
| खानि | खाने |
| बस्नि | बस्ने |
| सक्तैनौ | सक्दैनौ |
| हुकुम | आज्ञा |
| पौचाइँदिनु पऱ्यो | पुऱ्याइ दिनु पऱ्यो |
| फासो | फसाद |

**अभिप्राय**

यस मख्खीचुस राजा लोककथामा राजा अत्यन्तै लोभी मख्खीचुस हुनु, सताइएका जनताको पुकाराबाट ईश्वर महात्माको रूपमा प्रकट हुनु, राजाको परीक्षा लिनु आदि अभिप्रायको रूपमा प्रयोग भएका छन् । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई रोचक बनाएका छन् ।

## २. धनकमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथा

### लोकतत्व

यस लोककथामा लोकतत्वको उपयोग भएको छ । धनकमाउन घर छोडेर जानु पर्ने परम्परित चिन्तनले लोक विश्वासलाई संकेत गर्दछ । यस लोककथामा अतिकल्पनाको समेत प्रयोग भएको छ । चार जना वैज्ञानिकहरू धनकमाउन जान लाग्दा चउरमा एउटा हड्डीको टुक्रा भेटाउनु, त्यस हड्डीको टुक्राबाट नेपाल सुन्दरी बन्नु, त्यस नेपाल सुन्दरीलाई एउटाले स्वीकार्नु र अरुलाई धन दिएर सबै धन र जन प्राप्त गर्ने वैज्ञानिकहरू घर फर्कनु आदि घटना क्रमहरू लोक विश्वास अन्तर्गत पर्दछन् । यसरी प्रस्तुत लोककथामा विभिन्न लोकतत्वको उपयोग भएको छ ।

### कथावस्तु

यस लोककथामा ऐतिहासिक विषयवस्तुको उपयोग भएको छ । प्रस्तुत कथामा कमाइ कजाइ गर्न मुग्लान पस्नुपर्ने परम्पराको बारेमा पनि चित्रण गर्न खोजिएको छ । यस कथामा चार जना वैज्ञानिकहरू धन कमाउन भन्दै घरबाट निस्कन्छन् । जाँदा जाँदै तिनीहरू एउटा ठुलो चउरमा बिसाइ मार्छन् । त्यहाँ एकजना वैज्ञानिकले हड्डीको टुक्रा भेट्टाउँछ । त्यही हड्डीको टुक्रालाई कसैले मासु नसाले परिपूर्ण पार्छन् । कसैले प्राण भर्छन् भने कसैले वस्त्र अलङ्कारले सुसज्जित बनाउँछन् । त्यसको नाम पनि नेपाल सुन्दरी राख्छन् । ती नेपाल सुन्दरीको जिम्मा कसले लिने त भन्दा एउटाले त्यसको जिम्मा लियो र अरुलाई धन दिइ पठायो । कसैले धन लिएर घर गएभने कसैले जन लिएर घरमा गए । यिनै घटनाहरूको संयोजनले प्रस्तुत कथा पूर्ण र रोचक बनेको छ ।

### चरित्र

प्रस्तुत धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथामा मानवीय पात्रहरूको मात्र उपस्थिति छ । धनकाउन जान लागेका चारजना वैज्ञानिकहरु पुलिङ्गीको रुपमा चारजना वैज्ञानिकहरु र स्त्रीलिङ्गीको रुपमा नेपाल सुन्दरीको प्रयोग भएको पाइन्छ । प्रमुख पात्रहरुको रुपमा चारजना वैज्ञानिकहरु र सहायक पात्रको रुपमा नेपाल सुन्दरी रहेकी छिन् । यस कथाका सम्पूर्ण पात्रहरु अनुकूल पात्रको रुपमा रहेका छन् । यस लोककथामा नेपाल सुन्दरी

वर्गीय पात्र र चारजना वैज्ञानिकहरु व्यक्तिगत पात्रको रुपमा आएका छन् । यिनै पात्रहरूको क्रियाकलापले प्रस्तुत कथालाई कुशलताका साथ अगाडि पढाएको छ ।

**परिवेश**

यस धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथामा लौकिक परिवेशको चित्रण भएको पाइन्छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको चित्रण भएको छ । चार जना वैज्ञानिकहरू धन कमाउन जानु, जाँदाजाँदै थाकेर चउरमा बस्नु आदि प्रङ्गले यस कथालाई ग्रामीण परिवेशको झल्को दिन्छ । यही परिवेशको जीवन्त चित्रणले प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**उद्देश्य**

यस धन कमाउन जान लागेका चारजना वैज्ञानिकहरू लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । यस कथामा चार जना वैज्ञानिकहरू धन कमाउन भन्दै जाँदा चउरमा बसेको प्रसङ्ग र नेपाल सुन्दरीको रचना गरेको प्रसङ्गले मनोरञ्ज प्रदान गरेको छ । यिनै प्रसङ्गहरूले प्रस्तुत कथाको कथानक रोमाञ्चक पनि बनाएको छ ।

**संवाद**

यस धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथामा मानवीय पात्रको बीचमा संवाद भएको छ । चार जना वैज्ञानिकहरूको एक आपसमा कुराकानी भएको छ । एउटाले हड्डीका तारतम्य बनाएको देखेर अर्को वैज्ञानिकले भनेछ- “तिमीले यस्तो तारतम्य गरायौ भने मैले पनि आफ्नो पराक्रम देखाउँछु ।” यी र यस्तै संवादले यस कथालाई रोचकता प्रदान गर्नुका साथै कथानकलाई अगाडि बढाएको छ ।

**भाषाशैली**

यस धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथामा सरल, सहज र बोधगम्य भाषाका साथै वर्णनात्मक शैलीमा लेखिएको छ ।

**अभिप्राय**

यस धन कमाउन जान लागेका चार जना वैज्ञानिकहरू लोककथामा वैज्ञानिकहरू धन कमाउन जानु, चउरमा बसेको वेला नेपाल सुन्दरीको निर्माण गर्नु, नेपाल सुन्दरी बोल्नु आदि प्रसङ्गहरू यस कथामा अभिप्रायको रूपमा आएका छन् । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई गति दिनुका साथै रोचकता समेत प्रदान गरेका छन् ।

## ३. मनको माले गोरु

**लोकतत्व**

प्रस्तुत  लोककथामा लोकतत्वको उपयोग भएको छ । यस लोककथामा प्रयुक्त प्रदर्शनी मेला लाग्नुले लोकरीतिरिवाजलाई संकेत गर्दछ । यस लोककथामा अतिकल्पनाको समेत उपयोग भएको छ । प्रदर्शनी मेला लाग्नु, मेलामा चौपाय लगेर देखाउनु, पशुले पनि मानव भाषा बुझ्नु, आदि घटनाक्रमहरू लोकतत्वका रूपमा आएका छन् । यसरी यस लोककथामा विभिन्न किसिमका लोकतत्वको उपयोग भएको छ ।

**कथावस्तु**

प्रस्तुत लोककथाम गोरुले मान्छेको भाषा बुझी सोही अनुसार क्रियाकलाप गर्ने कुरा उल्लेख गरिएको छ । त्यसैले यो कथा अतिरञ्जित लोककथाभित्र पर्दछ । यस लोककथामा एउटा मान्छेको अतिराम्रो मालेगोरु रहेछ । त्यो गोरुले मानव भाषा बुझ्दो रहेछ । त्यो गोरु नाच्न पनि जान्दो रहेछ । गोरुको गोसाँले मेरो जस्तो राम्रो गोरु कसैको पनि छैन भन्ने वित्तिकै त्यो गोरु मर्छ । गोरुको चिन्ता गर्दा गर्दा भगवान् प्रसन्न भएर गोरु उत्पन्न हुन्छ । त्यसको पिरले गोसाँको मानसिक विचलन हुन्छ र प्राण समेत जान्छ । यिनै घटनाक्रमहरूले प्रस्तुत कथा रोचक र आकर्षण पनि बनेको छ ।

**चरित्र**

प्रस्तुत मनको माले गोरु लोककथामा मानवीय र मानवेतर पशुपात्रको पनि उपस्थिति छ । यस लोककथामा पुलिङ्गको मात्र प्रयोग भएको छ । प्रमुख पात्रको रुपमा मालिक, सहायक पात्रको रुपमा मालेगोरु र गौण पात्रको रुपमा मेला हेर्ने मान्छे र गाउँघर वरपरका मान्छे रहेका छन् । प्रवृत्तिका आधारमा अनुकूल पात्रको मात्र प्रयोग भएको छ । जीवनचेतका आधारमा

भगवान वर्गीय पात्रको रुपमा आएका छन् भने अरु सबै व्यक्तिगत पात्रको रुपमा आएका छन् । यिनै पात्रहरूको संयोजनले प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

## परिवेश

यस मनको माले गोरु लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत पनि विशुद्ध ग्रामीण परिवेशको चित्रण भएको छ । पशुपालन सम्बन्धी प्रसङ्ग, खेतिपातीको प्रसङ्ग र हाटबजार मेला लाग्ने प्रसङ्गले झल्काउछ । यिनै परिवेशको चित्रणले प्रस्तुत कथालाई अगाडि बढाएको छ ।

## उद्देश्य

यस मनको माले गोरु लोककथामा प्रमुख उद्देश्य मनोरञ्ज प्रदान गर्नु रहेको छ भने गौंण उद्देश्य शिक्षा प्रदान गर्नु पनि रहेको छ । यस कथामा हाट बजार मेला लाग्नु , प्रदर्शनीमा पशु चौपाया लगेर देखाउनु आदि प्रसङ्ग मनोरञ्जन प्रदान गर्न आएका छन भने गोरुको रटनामा ज्यान गएको प्रसङ्गले शिक्षा प्रदान गरेको छ । त्यसैले यस कथाको उद्देश्य मनोरञ्ज प्रदान गर्नु र शिक्षा दिनु रहेको छ ।

## संवाद

यस मनको माले गोरु लोककथामा मानवीय र मानवेतर पात्रको संवाद भएको छ । मान्छेले गोरुलाई नाच गोरु नाच भनेको र गोरु नाचेको प्रसङ्ग आएको छ । गोरुका गोसाँले अरु हेरिरहेका मान्छेको नजिकमा आएर भनेछ- “यस्तो मनको मालेगोरु अरु कसैसित छैन, मेरो मात्रै हो । यस्तो मनको माले गोरुको सबैले मनको मूल्य गरौं ।” यी र यस्तै प्रसङ्गहरूले प्रस्तुत कथालाई अत्यन्तै रोचक बनाएको छ ।

## भाषाशैली

यस मनको माले गोरु लोककथामा सरल, सहज र बोधगम्य भाषाका साथै वर्णनात्मक शैलीको उपयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूपका शब्दहरूलाई लेख्य रूपमा यस प्रकार देखाइएको छ ।

| **कथ्य रूप** | **लेख्यरूप (मानक रूप)** |
|---|---|
| मन्टो | मुन्टो |
| गोसाँ | गोरुको मालिक |

**अभिप्राय**

यस मनको माले गोरु लोककथामा गोरुले मानव भाषा बुझ्नु, गोरु नाच्नु र पुरस्कार पाउनु, गोरुको चिन्ताले मालिक मर्नु, मरेको गोरु पुनः उत्पन्न हुनु आदि प्रसङ्गहरू अभिप्रायको रूपमा आएका छन् । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई रोचकता प्रदान गर्नुका साथै गति समेत प्रदान गरेको छ ।

## ४. फटिङ्ग्रे जैसीको कथा लोककथा

**लोकतत्व**

यस लोककथामा लोकतत्वको उपयोग भएको छ । प्रस्तुत लोककथामा हात हेराउनु, हात हेरेको भरमा विगत र वर्तमानको बारेमा समेत बताउन सक्नु आदि घटनाक्रमहरू लोक विश्वास अन्तर्गत पर्दछन । यस लोककथामा भाग्यवादी प्रवृत्ति पनि अभिव्यक्त भएको छ । हिराकञ्चनको माला हराएको विषयसँग सम्बन्धीत संयोग र घोडासँग सम्बन्धीत संयोग आदि घटनाहरू लोक विश्वास अन्तर्गत पर्दछन् । यसरी यस लोककथामा विभिन्न किसिमका लोकतत्वको उपयोगले प्रस्तुत कथालाई रोचक बनाएको छ ।

**कथावस्तु**

प्रस्तुत फटिङ्ग्रे जैसीको कथा लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । यस लोककथामा फटिङ्ग्रेले आफूलाई ज्योतिष सम्बन्धी ज्ञाज नहुँदा नहुँदै पनि उसको चतुऱ्याइँ र भाग्इका कारण आफूलाई सम्मानित बनाउन सकेको तथ्यलाई प्रस्तुत कथामा शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको आदि, मध्य र अन्त्य मिलेको छ । यस कथाको आदि भागमा फटिङ्ग्रे ससुराली जाँदा बाटामा हिरा-कञ्चनको माला लुकाएको देख्नु र ससुरालीमा रोटी गनेर सिद्ध कहलाउनु हो । मध्य भागमा हिरा-कञ्चनको माला हराएर हेराउन आएको व्यक्तिलाई हिरा-कञ्चनको माला भएको ठाउँ बताइदिनु र घोडा हराएको व्यक्तिलाई पनि घोडा

भएको ठाउँ बताइदिनु हो । अन्त्य भाग राजा हेराउन भन्दै आउँदा यो मठ्ठीमा के छ ज्योतिष भन भन्दा फटिङ्ग्रो भएको कुरा जाहेर गरी सिद्ध जैसीको रूपमा आफूलाई स्थापित गर्नु हो । यिनै घटनाहरूको संयोगले प्रस्तुत कथा पूर्ण र रोचक पनि बनेको छ ।

**चरित्र**

प्रस्तुत फटिङ्ग्रे जैसीको कथा लोककथामा मानवीय पात्रहरूको उपस्थिति छ । यसमा स्त्रीलिङ्ग र पुलिङ्ग दुबै पात्रको प्रयोग भएको छ । प्रमुख पात्रको रुपमा फटिङ्ग्रे जैसी, सहायक पात्रको रुपमा आमा छोरी र गौण पात्रको रुपमा राजा, हिराकञ्चनको माला हराउने र चोर्ने, घोडा हराउने आदि । हिराकञ्चनको माला चोर्ने पात्र बाहेक अन्य सम्पूर्ण पात्रहरु अनुकूल पात्रका रुपमा आएका छन् । राजा वर्गीय पात्र हुन् भने अन्य सबै व्यक्तिगत पात्र हुन् । यस कथामा यिनै पात्रहरूको क्रियाकलापको संयोजनले प्रस्तुत कथा अगाडि बढेको छ ।

**परिवेश**

यस फटिङ्ग्रे जैसीको कथा लोककथामा ग्रामीण परिवेशको चित्रण भएको छ । फटिङ्ग्रे जैसी ससुराली जानु, ढिकी कुटेको, घोडा हराएको, उसुवारी, खोलानाला आदिको प्रसङ्ग, हेराइकोराइको प्रसङ्ग आदि प्रसङ्गले ग्रामीण परिवेशको झल्को दिन्छ । यिनै परिवेशको जीवन्त चित्रणले प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**उद्देश्य**

यस फटिङ्ग्रे जैसीको कथा लोककथाको उद्देश्य मनोरञ्ज प्रदान गर्नु रहेको छ । यस लोककथामा भाग्यवादी प्रवृति पनि दर्शिएको छ । भाग्यले साथ दियो भने मान्छे आफ्नो उद्देश्यमा सफल हुन्छ भन्ने कुरा यस कथामा आएको छ । यस कथाको फटिङ्ग्रे जैसीलाई पनि भाग्यले साथ दिएकोले सिद्ध जैसी बनेको प्रसङ्ग आएको छ । यिनै घटनाक्रमहरूले प्रस्तुत कथालाई रोमाञ्चक बनाएका छन ।

**संवाद**

यस फटिङ्ग्रे जैसीको कथा लोककथामा मानवीय पात्रहरूका बीचमा मात्र संवाद भएको छ । फटिङ्ग्रे जैसी र सासूका बीचको संवाद, फटिङ्ग्रे जैसी र हिराकञ्चनको माला हराउने व्यक्तिका बीचको संवाद, त्यस्तै घोडा हराउने व्यक्तिका बीचको संवाद भएको छ । यसका साथै

फटिङ्ग्रे जैसी र राजाका बीचको संवादले त झनै मनोञ्जकता प्रदान गरेको छ । एकदिन केटाकी आमाले भनिन्- “बाबु अब बुहारी पनि ठूली भइसकी होली लिन जा ।” यिनै संवादहरूका बीच प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**भाषाशैली**

यस फटिङ्ग्रे जैसीको कथा लोककथामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक शैलीको उपयोग भएको छ । यस कथामा उपयोग भएका कथ्य रूपका शब्दहरूलाई लेख्य रूपमा यस प्रकार दिइएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| रैचन् | रहेछन् |
| रैच | रहेछ |
| जैसी | ज्योतिषि |
| कहाएँ | कहलिएँ |

**अभिप्राय**

यस फटिङ्ग्रे जैसीको कथा लोककथामा रोटी पकाएको पत्ता लगाउनु, हिराकञ्चनको माला भेट्टाइदिनु, राजाको मुठीमा भएको फटिङ्ग्रो समेत भन्न सक्नु आदि प्रसङ्ग अभिप्रायको रूपमा आएका छन् । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई पूर्ण र रोचक समेत बनाएका छन् ।

## ५. फर्सीको ब्या

**लोकतत्व**

प्रस्तुत लोककथामा उपयोग भएको लोकतत्वले यस लोककथालाई रोचक बनाएको छ । यस लोककथामा लोकजीवनमा विद्यमान रहेका लोकरीतिरिवाज र आत्मशीलता सम्बन्धी धारणाहरू आएका छन् । फर्सीले बूढाबूढीसँग कुराकानी गर्नु, केटीको बाबुसँग कुराकानी हुनु, बूढालाई फर्सीले खेतमा नास्ता लगिदिनु, खेत जोत्नु, केटीलाई विवाह गरेर घरमा ल्याउनु जस्ता क्रियाकलापले आत्मशीलतालाई संकेत गर्दछन् । यसै गरी मादल लिएर केटी फकाउन गएको प्रसङ्गले लोकरीतिरिवाजलाई संकेत गर्दछ । लोक विश्वास अन्तर्गत रीतिरिवाज पनि पर्दछ ।

**कथावस्तु**

यो फर्सीको ब्या लोककथा अतिरञ्जित लोककथा अन्तर्गत पर्दछ । यो लोककथा आदि, मध्य र अन्त्यको शृङ्खलामा उनिएको छ । यस कथाको आदि भागमा फर्सीले बूढाबूढीलाई धर्मे आमा-बुबा बनाएर काममा सघाउनु हो, मध्य भाग फर्सी केटी माग्न जानु हो भने अन्त्य भाग केटीलाई विवाह गरी आमा-बुबालाई सुखसँग पालन पोषण गर्नु हो । यिनै घटनाहरूको शृङ्खलाभित्र प्रस्तुत कथा रोचक र आकर्षक पनि बनेको छ ।

**चरित्र**

यस फर्सीको ब्या लोककथामा मानवेतर पदार्थ पात्र फर्सी र मानवीय पात्र बड्डा र बड्डी रहेका छन् । यस कथामा पुलिङ्गको रुपमा बड्डाहरु र फर्सी, स्त्रीलिङ्गको रुपमा बड्डीहरु र बड्डाका छोरीहरु रहेका छन् । फर्सी प्रमुख पात्र बड्डाहरु, बड्डी सहायक पात्र र गौण पात्रहरुका बड्डका छोरीहरु रहेका छन् । यस कथामा सबै पात्रहरु अनुकूल पात्रका रुपमा रहेका छन् । यस लोककथामा सम्पूर्ण पात्रहरु व्यक्तिगत पात्रका रुपमा आएका छन् । अनुकूल पात्रहरुको मात्र उपस्थितिले यो कथाको अन्त्य पनि सुखान्त बनेको छ । यिनै पात्रहरूको क्रियाशीलताले प्रस्तुत कथालाई गतिशील बनाएको छ ।

**परिवेश**

यस फर्सीको ब्या लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत विशुद्ध ग्रामीण परिवेश आएको छ । किसानका बूढाबूढी खेती किसानी गरेर बस्नु, फर्सीले बूढाबूढीलाई खेती किसानीको काममा सघाउनु, खेत जोतेको प्रसङ्ग र केटी माग्न जाँदा मादल लिएर गएको प्रसङ्गले नितान्त ग्रामीण परिवेशको झल्को दिन्छ । यिनै परिवेशको चित्रणले प्रस्तुत कथालाई जीवन्त बनाउनुका साथै रोचक र आकर्षक पनि बनाएको छ ।

**उद्देश्य**

यस फर्सीको ब्या लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । यस कथाको पदार्थ चरित्र फर्सीले गरेको मानवीय क्रियाकलाप निकै रोचक छ । फर्सीले बूढाबूढीलाई काममा सघाउनु , केटी माग्न जानु आदि जस्ता प्रसङ्गले यस कथालाई रोचक बनाएको छ ।

फर्सीले बूढा बूढीलाई सहयोग गरेको देखाएर अरुले पनि बूढाबूढी , आमा बुबालाई सहयोग गर्नु पर्छ भन्ने व्यवहारिक शिक्षा समेत प्रस्तुत कथाले दिएको छ ।

**संवाद**

यस फर्सीको ब्या लोककथामा मानवीय र पदार्थ पात्रको बीच संवाद भएको छ । बूढाबूढीको फर्सीसँगको संवाद निकै रोचक छ । एकदिन फर्सीले बड्डोलाई भनेछ- “बा म अब ब्या गर्छु । त्यै भएर आज छोरी बस्न जान्छु ।” यी र यस्तै अपत्यारिला संवादका कारण यस कथाको रोचकता बढेको छ । यिनै रोचक संवादहरूले नै यस कथालाई मनोरञ्जक बनाउनुका साथै गति समेत प्रदान गरेको छ ।

**भाषाशैली**

यस फर्सीको ब्या लोककथामा वर्णनात्मक शैलीका साथै सरल, सहज र बोधगम्य भाषामा लेखिएको छ । यस कथामा प्रयोग भएका कथ्य रूपका शब्द र लेख्य रूपका शब्दलाई यस प्रकार दिइएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप(मानक रूप)** |
|---|---|
| अर्नी | नास्ता, खाजा |
| ब्या | विवाह |
| त्यई | त्यही |
| ह्याँ | यहाँ |

**अभिप्राय**

यस फर्सीको ब्या लोककथामा फर्सी बूढाबूढीको छोरा बन्नु, फर्सीले मान्छेलाई विवाह गर्नु, फर्सीले मादल बजाउनु आदि जस्ता प्रसङ्ग अभिप्रायको रूपमा आएका छन् । प्रस्तुत कथामा पदार्थ चरित्र फर्सीले मान्छेले जस्तै गरी घरको कामकाज गरेको कुरा आएको छ । यिनै प्रसङ्गहरू यस कथामा अभिप्रायका रूपमा आएका छन् । यिनै अभिप्रायहरूले प्रस्तुत कथालाई रोचक बनाएका छन् ।

## ६. भावीको लेखोट लोककथा

### लोकतत्व

प्रस्तुत लोककथाको शीर्षकबाटै लोकसमाजमा भावीले लेखेको मेटिदैँन भन्ने कुराको संकेत पाइन्छ । यस कथामा भावीले किसानको कान्छो छोराको कर्म लेखिदिएको छ । भावीले किसानको कान्छो छोराले राजाको सम्पत्ति खाने भन्ने कर्म लेखेको राजाले थाहा पाएपछि उसलाई मार्न अनेक उपाय गर्छ तर विफल भएपछि किसानको कान्छो छोराले राजाको सम्पत्ति खाएरै छोडेको प्रसङ्ग आएको छ । यसै गरी यस कथामा जातपातको प्रसङ्गले समाज सम्बन्धी विश्वासलाई संकेत गर्दछ ।

### कथावस्तु

यस लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । प्रस्तुत लोककथामा भावीले मान्छेको भाग्यको निर्धारण गरिदिएको हुन्छ त्यो भाग्य कुनै पनि हालतमा मेटिँदैन भन्ने कुरालाई देखाउन खोजिएको छ । यसै मान्यता अनुरूप यस लोककथामा भावीले किसानको कान्छो छोराको भाग्य लेखेकोले राजाले सम्पत्ति नदिनको लागि जति प्रयास गरे पनि उसलाई सम्पत्ति दिन बाध्य भएको कुरा उल्लेख छ । यस कथाको आदि भागमा राजाले किसानको कान्छो छोरालाई फकाएर लगेर नदीमा फाल्नु हो । मध्य भागमा राजाले किसानको कान्छो छोरालाई चिठ्ठी दिएर आफ्नो घरमा पठाउनु हो । अन्त्य भाग राजाको छोरा मर्नु हो । यिनै घटनाहरूको शृङ्खलित संयोजनले यस कथालाई आकर्षक र पूर्णता समेत प्रदान गरेको छ ।

### चरित्र

यस भावीको लेखोट लोककथामा मानवीय तथा अतिमानवीय पात्रको उपस्थिति छ । यस कथाका मानवीय पात्रमा किसान, राजा वीरमान, किसानकी श्रीमती, सार्की, वीरमान राजाको छोरो, छोरी र श्रीमती पर्दछन् । अतिमानवीय पात्रमा भावी पर्दछ । यस लोककथामा किसानकी स्वास्नी, राजकी छोरी आदि स्त्रीलिङ्गी पात्र र किसान, किसानका छोराहरु, राजा, राजाको छोरो, सार्की आदि पुलिङ्गी पात्रको रुपमा प्रयोग भएका छन् । मुख्य पात्र राजा र किसानको कान्छो छोरो, सहायक पात्रमा किसान, राजाकी छोरी र छोरो गौण पात्रका रुपमा किसानकी स्वास्नी, अन्य छोरा, भावी, ग्वालाहरु र सार्की रहेका छन् । यस कथामा राजा र सार्की प्रतिकूल पात्रको रुपमा र अन्य सम्पूर्ण पात्रहरु अनुकूल पात्रको रुपमा रहेका छन् । किसान, किसानका छोराहरु र

ग्वालाहरु वर्गीय पात्रका रुपमा पर्दछन् भने वीरमान राजा र सार्की व्यक्तिगत पात्रको रुपमा पर्दछन् । यिनै विविध पात्रको उपस्थितिले यस कथाको निर्माण भएको छ ।

**परिवेश**

यस भावीको लेखोट लोककथामा लौकिक परिवेशको चित्रण छ । लौकिक परिवेश अन्तर्गत प्रमुख रूपमा ग्रामीण परिवेश र गौण रूपमा दरबारिया परिवेशको चित्रण गरिएको छ । किसानको कान्छो छोरालाई राजाले नदीमा फाल्नु र गोठालाहरूले भेट्टाएको जस्ता प्रसङ्गले ग्रामीण परिवेश दर्शाएको छ । किसानको कान्छो छोराको राजाकी छोरीसँग विवाह भएको प्रसङ्गले दरबारिया परिवेशको चित्रण भएको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाको निर्माण भएको छ ।

**उद्देश्य**

यस भावीको लेखोट लोककथाको प्रमुख उद्देश्य नैतिक शिक्षा दिनु रहेको छ भने गौंण उद्देश्य मनोरञ्जन दिनु रहेको छ । यस कथामा किसानको कान्छो छोराको ज्यान लिन खोज्ने राजाले उल्टै आफ्नो छोरो गुमाउनु परेको छ । त्यसैले यस कथामा कसैको पनि हानी नोक्सानी पुग्ने काम गर्नु हुँदैन यदि गरेमा उल्टै आफ्नो क्षति हुन्छ भन्ने नैतिक शिक्षा प्रस्तुत कथाले दिन खोजेको छ ।

**संवाद**

यस भावीको लेखोट लोककथामा मानवीय तथा अतिमानवीय पात्रहरूका बीच संवाद भएको छ । यस्ता संवादहरूमा भावी र राजाका बीचको संवाद, राजा र किसानका बीचको संवाद, राजाको छोरो र किसानको कान्छो छोरो बीचको संवाद, राजा र सार्कीका बीचको संवादमा राजाले सार्की हुनी गएर भने- “म एउटा मान्छेलाई जुत्ता लिन पठाउँछु जो भएपनि त्यसलाई दतौराले हानेर मार्नु, म तँलाई इनाम दिम्ला” । यी र यस्तै संवादहरूले प्रस्तुत कथालाई गति दिनुका साथै मनोरञ्जन समेत प्रदान गरेका छन् ।

**भाषाशैली**

यस भावीको लेखोट लोककथामा सरल, सहज र बोधगम्य भाषामा लेखिएको छ । यस लोककथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार लेखिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| थे | थिएँ |
| भयाथ्यो | भएको थियो |
| त्यई | त्यहीँ |
| आया | आएका |
| रैचन् | रहेछन् |
| बस्याबेला | बसेकाबेला |
| आहुँ | आएको हुँ |
| लेख्यो छ | लेखेछ |
| भन्यो छ | भनेछ |
| बनायो छ | बनाएछ |
| आयोछ | आएछ |
| ग्वाला | गोठाला |
| चिनिनछ | चिनेनछ |
| भन्दारी | भन्दाखेरी |
| ल्याइन | ल्याइकन |
| भयाछ | भएकोछ |
| लग्दे | लगिदे |
| पऱ्योछ | परेछ |
| ब्या | विवाह |
| सार्की हुनी | सार्कीसँग |
| हतौरा | हथौडा |
| दिम्ला | दिउँला |
| फर्किनु भो | फर्किनु भयो |
| उऱ्यो | उड्यो |
| छाऱ्यो छ | छोडेछ |

**अभिप्राय**

यस भावीको लेखोट लोककथामा भावी, किसानको कान्छो छोराको राजाकी छोरीसँग विवाह हुनु जस्ता प्रसङ्गहरू अभिप्रायको रूपमा आएका छन् । भावीले किसानको कान्छो छोराको कर्म लेख्न आएको वेला राजा किसानको घरमा पुगेका छन् । यसै गरी राजाकी छोरीको बेइमानीका कारण किसानको कान्छो छोराको राजाकी छोरीसँग विवाह भएको छ । यी अभिप्रायहरूले गर्दा प्रस्तुत कथालाई रोचक बनाएका छन् ।

## ७. स्याल र खरायो लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा स्याल र खरायोले मीत लगाएको प्रसङ्ग आएको छ । यसले लोक समाजको रीतिरिवाजलाई झल्काएको छ । समाजमा एउटाले अर्को व्यक्तिसँग मीत लगाएर नाता-सम्बन्ध जोड्ने प्रचलन रहेको पाइन्छ । यसै गरी यस कथामा खरायोले स्याललाई मारेको प्रसङ्गले वर्गसंघर्षको कुरालाई संकेत गरेको छ । समाजमा एक वर्गले अर्को वर्गलाई थिचोमिचो गरेको पाइन्छ । यस दृष्टिले समाज सम्बन्धी चिन्तन यस कथामा आएको छ । यसैले यस कथामा मार्क्सवादी चिन्तन पनि भेटिन्छ ।

**कथावस्तु**

यो स्याल र खरायो लोककथामा दुइ मीतको कथालाई प्रस्तुत गरिएको छ । यस लोककथामा आफूलाई दिसा खुवाउने स्याललाई खरायोले चलाखीपूर्ण तरिकाले मारेको कुरा प्रस्तुत गरिएको छ । यस कथाको कथावस्त आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छ । आदि भागमा स्यालले आफ्नो हातखुट्टा खानु हो । मध्यभागमा स्याल चुकवारीमा जानु हो । अन्त्य भागमा चाहिँ कुवामा हाम फालेर मर्नु हो । यिनै घटनाहरूको शृङ्खलाले प्रस्तुत कथालाई पूर्ण र रोमाञ्चक समेत बनाएको छ ।

**चरित्र**

यस स्याल र खरायो लोककथामा मानवेतर पशु पात्रको मात्र उपस्थिति छ । ती चरित्रहरूमा स्याल र खरायो पर्दछन् । यस लोककथामा स्याल र खरायोको बराबर भूमिका छ । यिनै दुई पात्रको कुराकानीले कथालाई आकर्षक र रोचक पनि बनेको छ । यस लोककथामा

पुलिङ्गी पात्रको मात्र प्रयोग भएको छ । प्रमुख पात्र स्याल र खरायो दुबै रहेका छन् । सहायक र गौण पात्रको प्रयोग भएको देखिंदैन । स्याल पहिले प्रतिूकल र पछि अनुकूल पात्रको रुपमा देखापरेको छ भने खरायो चाहिँ पहिले अनुकूल र पछि गएर प्रतिकूल पात्रको रुपमा देखापरेको छ । यसमा व्यक्तिगत पात्रको मात्र प्रयोग भएको छ । यिनै दुई पात्रको उपस्थितिमा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**परिवेश**

यस स्याल र खरायो लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको प्रस्तुति छ । स्यालले खरको घाँस खाएको प्रसङ्ग र स्याल चुकबारीमा गएको आदि प्रसङ्गले ग्रामीण परिवेशको झल्को दिन्छ । यिनै परिवेशमा प्रस्तुत कथाको कथानक निर्माण हुन पुगेको छ ।

**उद्देश्य**

यस स्याल र खरायो लोककथाको उद्देश्य मनोरञ्ज प्रदान गर्नु हो । यस कथाका स्याल र खरायोको क्रियाकलापले प्रस्तुत कथालाई रोचक बनाएको छ । स्याल र खरायोले खीर पकाएर खाएको प्रसङ्ग ,स्याल ईनारमा हाम फालेको प्रसङ्गले यस कथालाई रोचक बनाएको छन । यसका साथै अकारण कसैलाई पनि दुःख दिनु हुँदैन भन्ने नैतिक शिक्षा समेत यस कथाले दिएको छ ।

**संवाद**

यस स्याल र खरायो लोककथामा मानवेतर पात्रको मात्र उपस्थिति छ । यस्ता चरित्रहरूमा स्याल र खरायो रहेका छन् । यिनीहरूमा एउटाले अर्कालाई दुःख दिएर आफूले आनन्द लिने चाहनाले संवाद भएको छ । स्यालले खरायोलाई भनेछ- “मीत अब खीर पाक्न लाग्यो तपाइँ चाल्नो लगिन पानी ल्याउन जानुस् ।” यिनै संवादहरूले कथालाई रोचक बनाउनुका साथै अगाडि बढाउन समेत सहयोग गरेको छ ।

**भाषाशैली**

यस स्याल र खरायो लोककथामा वर्णनात्मक शैली साथै सरल, सहज र बोधगम्य भाषाको प्रयोग भएको छ । यस कथामा प्रयुक्त कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार दिइएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| रैचन् | रहेछन् |
| पकाइन | पकाएर |
| भन्योछ | भनेछ |
| लगिन | लगेर |
| जानुस् | जानुहोस् |
| गयोछ | गएछ |
| भाँरा | भाँडा |
| द्योछ | दियोछ |
| त्याँ | त्यहाँ |
| खानुस् तो | खानुहोस् त |
| अच्चली | अति |
| त्याँ | त्यहाँ |
| व्कावामा | इनारमा |
| ख्वाउन | खुवाउन |

**अभिप्राय**

यस स्याल र खरायो लोककथामा चाल्नो, खरको जरा, चुकबारी, उखुबारी जस्ता अभिप्रायको प्रयोग भएको पाइन्छ । यस कथामा स्यालले खरायोलाई दुःख दिन चाल्नोमा पानी लिन पठाएको प्रसङ्ग आएको छ । त्यसै गरी आफूलाई दुःख दिने मीतलाई समाप्त पार्न अनेक जुक्ति रचेको सन्दर्भ पनि निकै रोचक छ । यिनै अभिप्रायहरूको प्रयोगले प्रस्तुत कथा रोचक बनेको छ ।

## ८. बालाराम बाउन लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा धर्म, आस्था, धार्मिक व्यक्तित्व जस्ता लोकतत्वको उपयोग भएको पाइन्छ । यस लोककथामा ब्राह्मणको प्रसङ्गले कर्मकाण्ड सम्बन्धी लोकमान्यतालाई संकेत

गर्दछ । कर्मकाण्डले मानव जीवनमा भलो गर्ने विश्वास समाजमा रहेको पाइन्छ । यसै गरी धार्मिक व्यक्तित्वको रूपमा लोकसमाजले ब्राह्मणलाई लिने गर्दछ । त्यस्तै जौँ को प्रसङ्गले अक्षयतृतीयाका दिन जौँ को सातु खाएमा फलिफाप हुन्छ । भन्ने लोक आस्था पनि समाजमा व्याप्त छ । यिनै लोक आस्थाहरूले लोकतत्वहरूलाई संकेत गर्दछन् ।

**कथावस्तु**

यस बालाराम बाउन लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । यस लोककथामा समाजमा घट्ने घटनाहरूलाई समेटेर कथा निर्माण भएको छ । प्रस्तुत लोककथामा बालाराम ब्राह्मणको जौँको सातु र मोइ खाने सपना परा हुन नसकेको कुरालाई शृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । यो लोककथा आदि, मध्य र अन्त्यको शृङ्खलामा आधारित छ । आदि भागमा बालाराम ब्राह्मणकी स्वास्नी माइत जानु मध्य भाग बालाराम ब्राह्मणकी स्वास्नी भुर्की लिएर घर आउनु र अन्त्य भाग चाहिँ बालाराम ब्राह्मणले स्वास्नीलाई पिट्नु हो । यिनै घटनाहरूको शृङ्खलित संयोजनले प्रस्तुत कथा पूर्ण र रोचक पनि बनेको छ ।

**चरित्र**

यस बालाराम बाउन लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । यिनै मानवीय चरित्रको उपस्थितिमा प्रस्तुत कथाको कथानक अगि बढेको छ । यस लोककथामा पुलिङ्गीको रुपमा बालाराम बाउनकी स्वास्नी र सासु रहेका छन् । प्रमुख पात्र बालाराम बाउन, सहायक पात्रको रुपमा बालाराम बाउनकी स्वास्नी र गौण पात्रको रुपमा बालाराम बाउनकी सासु रहेकी छन् । बालाराम बाउन प्रतिकूल पात्रको रुपमा प्रयोग भएको छ भने बालाराम बाउनकी स्वास्नी र सासु अनुकूल पात्रको रुपमा आएका छन् । यसमा सबै व्यक्तिगत पात्रको मात्र प्रयोग भएको छ । यिनै पात्रहरूको क्रियाशीलतामा प्रस्तुत कथाको निर्माण भएको छ ।

**परिवेश**

यस बालाराम बाउन लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण र पारिवारिक परिवेश झल्किएको छ । किसानको परिवारको घटना उल्लेख गर्नाले पारिवारिक परिवेशको उल्लेख भएको छ । यसै गरी जौँ छर्ने, भैँसी पाल्ने, सातु र मोइ खाने किसान बूढाका विचारले ग्रामीण परिवेशलाई सङ्केत गर्दछ । यिनै परिवेशभित्र प्रस्तुत कथाको कथानक निर्माण भएको छ ।

**उद्देश्य**

यस बालाराम बाउन लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । यस कथाका बालाराम ब्राह्मणको जौंउको सातु र मोही खाने योजना निकै रोचक छ । यिनै प्रसङ्गहरूमा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ । अन्त्यमा बालाराम ब्राह्मणले स्वास्नी कुटेर माइत पठाएपछि एक्लै टोलाएर बस्नु परेको अवस्था अझै रोचक बनेको छ । यिनै घटनाक्रमहरूले यस कथालाई मनोरञ्जक बनाएको छ ।

**संवाद**

यस बालाराम बाउन लोककथामा मानवीय पात्रहरूका बीचमा मात्र संवाद भएको छ । आमा र छोरीका बीच तथा बालाराम ब्राह्मण र उसकी स्वास्नीका बीच संवाद भएको छ । बालाराम बाउनकी श्रीमतीले घिउ सँगाल्दिन भन्दै माइतबाट ल्याएको भुर्की देखर भन्यो छ- “मेरो पारो मारी मारी तेरो जेइलाई घिउँ ।” यिनै संवादहरूले प्रस्तुत कथालाई रोचकता प्रदान गर्नुका साथै गतिशीलता समेत प्रदान गरेको छ ।

**भाषाशैली**

यस बालाराम बाउन लोककथामा वर्णनात्मक शैलीका साथै सरल, सहज र बोधगम्य भाषामा लेखिएको छ । यस कथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| गऱ्योछ | गरेछ |
| मोइ | मोही |
| थे | थिए |
| त्यइ | त्यही |
| गयोछ | गएछ |
| हाम्ले | हामीले |
| पोइ | पति |
| पारो | पाडो |
| जोइ | श्रीमती |

**अभिप्राय**

यस बालाराम बाउन लोककथामा भुर्की अभिप्रायको रूपमा आएको छ। यस कथाको बालाराम ब्राह्मणले भैँसी पालेर जौँको सातु र मोही खाने विचार छ। यो कुरा उसकी स्वास्नीले माइतमा गएर भन्दा उसकी आमाले यसमा घ्यू संगाल्देस् भनेर भुर्की दिएको प्रसङ्ग आएको छ। यी अभिप्रायहरूले प्रस्तुत कथालाई रोचक बनाएको छ।

## ९. बूढा र बूढी लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा परीक्षा सम्बन्धी लोक विश्वास आएको छ। बूढा र बूढीले दुःख गरेर कमाएको पैसाले चिल्ला रोटी बनाएर खाने भनी तीनवटा रोटी पकाएका छन्। यिनीहरू आफुले दुईवटा खान पाउनु पर्ने कुराम विवाद भएपछि ढिलो उठ्नेले दुईवटा खान पाउने निर्णय भएपछि। सुतेका हुन्छन्। अर्को दिन अबेलासम्म पनि नउठेपछि गाउँलेहरूले मरेको ठानी घाटमा लगेर चितामा राख्दा बल्ल बूढाले म एउटै खान्छु भन्न पुग्दा बूढो परीक्षामा फेल भएको छ भने बूढी पास भएकी छ। यसै गरी बूढाबूढीलाई घाटमा लगेको प्रङ्गले समाजको रीतिरिवाज संकेत गर्दछ। यिनै लोकतत्वको उपयोगले प्रस्तुत लोककथालाई रोचक बनाएको छ।

**कथावस्तु**

प्रस्तुत बूढा र बूढी लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ। यस लोककथामा बूढा र बूढीको चिल्ला रोटी खाने विवादका कारण चितासम्म पुगेको कुरालाई रोमाञ्चक र हास्यास्पद रूपमा प्रस्तुत गरिएको छ। यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित छ। आदि भागमा बूढा र बूढीकोबीचमा विवाद भएको कुरा उल्लेख छ। मध्य भागमा गाउँलेहरूले बूढा र बूढी अवेलासम्म नउठे पछि मरेको ठानी चितासम्म पुऱ्याएको कुरा उल्लेख छ भने अन्त्य भागमा चाहिँ बूढा र बूढी चिताबाट ब्यूँझेर घर फर्कनु हो। यिनै घटनाहरूको शृङ्खलामा प्रस्तुत कथा पूर्ण र रोचक पनि बनेको छ।

**चरित्र**

यस बूढा र बूढी लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ। यस्ता पात्रहरूमा बूढाबूढी र गाउँलेहरू रहेका छन्। यस कथामा थोरै पात्रको उपस्थिति छ। यस लोककथामा

स्त्रीलिङ्गी र पुलिङ्गीको रुपमा बूढो पात्रको उपस्थिति छ भने स्त्रीलिङ्गीको रुपमा बूढी मुख्य पात्र र गाउँलेहरु सहायक पात्रको रुपमा आएका छन् । बूढा र बूढी प्रतिकूल पात्र हुन् भने गाउँलेहरु अनुकूल पात्र हुन् । यसमा बूढा र बूढी व्यक्तिगत पात्र र गाउँलेहरु वर्गीय पात्रको रुपमा आएका छन् । यस कथामा बूढा र बूढीको विवादित कुराकानी र चितामा पुगी ब्यूँझेको वर्णनको कथालाई रोचक र आकर्षक पनि बनाएको छ । यिनै पात्रहरूको उपस्थितिमा प्रस्तुत कथाको निर्माण भएको छ ।

**परिवेश**

यस लोककथामा ग्रामीणको चित्रण भएको छ । बूढा र बूढी अवेलासम्म नउठेपछि मरेको ठानी गाउँलेहरूले उनीहरूलाई चितामा लगेको प्रसङ्गले ग्रामीण परिवेशलाई सङ्केत गरेको छ । गाउँघरमा कुनै विपत्ति आइपऱ्यो भने सबै गाउँलेहरू एकजुट हुने प्रवृत्तिले ग्रामीण परिवेशलाई नै सङ्केत गरेको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**उद्देश्य**

यस बूढा र बूढी लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यस कथाका पात्रहरू बूढा र बूढीको क्रियाकलापले निकै रोचक बनाएको छ । बूढा र बूढीको रोटी खाने विवाद निकै रोचक छ । बूढा र बूढीले धेरै राटी खाने लोभले गाउँलेहरूले चितामा लैजादा समेत व्यूँझिएका छैनन् । यी र यस्तै किसिमका घटनाक्रमको उपस्थितिले प्रस्तुत कथाले भरमग्दुर मनोरञ्ज दिन सफल भएको छ ।

**संवाद**

यस बूढा र बूढी  लोककथामा मानवीय पात्रहरूका बीच संवाद भएको छ । यिनै संवादहरूले यस कथालाई ज्वलन्त बनाएको छ । यस कथाका प्रमुख पात्रहरू बूढा र बूढीले आफूले धेरै चिल्ला रोटी खान पाउनु पर्ने कुरामा संवाद भएको छ । संवाद अत्यन्त रोचक किसिमका छन् । गाउँलेहरुले बुढाबुढीलाई मरेको ठानी चितामा राखी आगो बाल्दा बुढाले भन्योछ- “भो भो म एउटै खान्छु ।” यिनै संवादहरूले प्रस्तुत कथालाई मनोरञ्जन प्रदान गर्नुका साथै पूर्ण समेत बनाएका छन् ।

**भाषाशैली**

यस बूढा र बूढी लोककथामा वर्णनात्मक शैली साथै सरल, सहज र बोधगम्य भाषाको प्रयोग भएको छ । यस कथामा प्रयुक्त कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार दिइएको छ :

| कथ्य रूप | लेख्य रूप (मानक रूप) |
|---|---|
| भया | भएको |
| पान्नथे | पाउन्नथे |
| कमाको | कमाएको |
| हाल्योछ | हालेछ |
| दुईटा | दुई वटा |
| नतरी | नत्रभने |
| ब्यान | बिहान |
| बार | बाह्र |

**अभिप्राय**

यस बूढा र बूढी लोककथामा चिल्ला रोटी र जिउँदो मानिसलाई चितामा राख्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथाका बूढा र बूढीले दुःख गरी आर्जेको पैसाले चिल्ला रोटी खाने विचार गरेका छन् । पकाएका तिनवटा रोटी मध्ये आफूले दुईवटा खान पाउनु पर्ने विवादमा ढिलो उठ्नेले दुईवटा खाने निर्णय भएपछि बूढाबूढी अवेलासम्म उठेनछन् र गाउँलेहरूले मरेको ठानी चितामा राखेर आगो लगाएको प्रसङ्ग आएको छ । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई रोचक र महत्वपूर्ण पनि बनाएको छ ।

## १०. पापीनी सासू लोककथा

**लोकतत्व**

यस लोककथामा श्राप जस्ता लोकतत्वको उपयोग भएको छ । लोकसमाजमा रूपान्तरण सम्बन्धी विश्वासका धारणाहरू रहेको पाइन्छ । यस कथामा पनि नानीले दूध खान नपाउदा ऊ न्याउली चरो बनेर उडेको प्रसङ्ग भेटिन्छ । यसै गरी बुहारीले आफुमाथि अन्याय र अत्याचार गर्ने सासूलाई श्राप दिएकी छ । प्रस्तुत कथामा बुहारी सासूको दमनमा पर्दा बच्चाको ज्यानै

गएको र सो पीडा खप्न नसकी बुहारीले सासूलाई श्रापेको प्रसङ्ग निकै कारुणीक छ । यस्तो कारुणीक अवस्था समाजमा अझै पनि देखिन्छ । यिनै लोक विश्वास नै लोकतत्व अन्तर्गत पर्दछन् ।

**कथावस्तु**

प्रस्तुत यस पापिनी सासू लोककथामा सामाजिक विषयवस्तुको प्रयोग भएको छ । प्रस्तुत लोककथामा एउटी सासूले बुहारी मागि कतिसम्म अन्याय, अत्याचार, शोषण र दमन गर्दछन् भन्ने कुरालाई शृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । विभिन्न कथावस्तुबाट निर्माण भएको यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा रचिएको छ । कथानकको आदि भागमा बुहारीको नानी न्याउली चरी बनेर उड्नु हो । मध्य भागमा त्यो बुहारीको नानी तिमिला र दुधिलाको दुध खाएर मर्नु हो भने अन्त्य भाग चाहिँ बूढीको छोरा-बुहारी दुबै मर्नु हो । यिनै घटनाहरूको शृङ्खलामा प्रस्तुत लोककथा पूर्ण र आकर्षक पनि बनेको छ ।

**चरित्र**

यस पापिनी सासू लोककथामा मानवीय तथा मानवेतर पात्रको उपस्थिति छ । यस लोककथामा मानवीय पात्रहरूमा सासू, बुहारी र छोरो पर्दछन् भने मानवेतर पात्रमा पंक्षी न्याउली चरी पर्दछ । लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्गको प्रयोग भएको छ । यसमा सासु मुख्य पात्र बुहारी सहायक पात्र र छोरो, नानी, चरो आदि गौण पात्रको रुपमा आएका छन् । सासु प्रतिकूल पात्रको रुपमा आएकी छ भने अरु सबै अनुकूल पात्रको रुपमा आएका छन् । सासु वर्गीय पात्रको रुपमा आएकी छ भने अरु सबै व्यक्तिगत पात्रको रुपमा आएका छन् । यिनी पात्रहरूको उपस्थितिमा प्रस्तुत कथाको कथानक निर्माण भएको छ ।

**परिवेश**

यस पापिनी सासू लोककथामा लौकिक परिवेश पाइन्छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण र पारिवारिक परिवेशको चित्रण छ । सासूले बुहारी माथि गरेको अन्याय, अत्याचारबाट पारिवारिक परिवेश झल्किएको छ भने सासू बुहारी बारीमा काम गर्नु जानु, सासूले बुहारीलाई दबाबमा राख्नु जस्ता प्रसङ्गको उल्लेख हुनुले ग्रामीण परिवेशको झल्को दिन्छ । यिनै परिवेशभित्र प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**उद्देश्य**

यस पापिनी सासू लोककथाको उद्देश्य नैतिक शिक्षा दिनु रहेको छ । यस लोककथामा कारुणिक विषयवस्तुको प्रयोग भएको छ । समाजमा सासूले बुहारीलाई गर्ने शोषणको कारुणिक

यथार्थ यस कथमा पाईन्छ । त्यसैले कसैमाथि पनि शोषण दमन, अन्याय, अत्याचार गर्नु हुँदैन भन्ने अर्ती उपदेश दिनुनै प्रस्तुत कथाको उद्देश्य हो । यस कथामा सासूले बुहारीमाथि गरेको दमनले बुहारीले आफ्नो बच्चा गुमाउनु परेको छ भने अन्त्यमा त्यही पीरले छोरा बुहारीको पनि ज्यान गएको छ । यिनै प्रसङ्गहरूले प्रस्तुत कथाको विषयवस्तु कारुणिक बनेको छ ।

**संवाद**

यस पापिनी सासू लोककथामा मानवीय पात्रहरूका बीच मात्र संवाद भएको छ । यसको विषयवस्तु कारुणिक खालको छ । यस कथामा  दयाको नाम निसानै नभएकी सासू र सधैं अन्याय, अत्याचारको भुमरीमा पिल्सिएकी बुहारीका बीचमा संवाद भएको छ । ब्वारीले नानी रोई बज्यै दूध ख्वाउन जान्छु भन्दा सासुले- “यो मेलो सकेर जालिस” भनिन्छ । यिनै संवादहरूले प्रस्तुत कथालाई पूर्णता दिन समेत सफल भएको छ ।

**भाषाशैली**

यस पापिनी सासू लोककथामा सरल भाषाशैलीको प्रयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरू यस प्रकार छन् ।

| **कथ्य रूप** | **लेख्य रूप ( मानक रूप)** |
|---|---|
| बड्डी | बूढी |
| रैच | रहेछ |
| बर्दै | बढ्दै |
| ब्या | विवाह |
| लाउर | लाहुर |
| ब्वारी | बुहारी |
| भया | भएको |
| ल्याइन | ल्याएर |
| लगिन | लगेर |
| उरिछ | उडेछ |
| उरेर | उडेर |

**अभिप्राय**

यस पापिनी सासू लोककथामा मान्छे न्याउली चरो बनेर उड्नु, रुखको चोप खाएर मान्छे मर्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथामा सासूले बुहारी माथि गरेको अन्याय, अत्याचारको प्रसङ्ग आएको छ । सासूले बुहारीलाई बच्चालाई दुध खुवाउन नदिदा बच्चा न्याउली चरी बनेर उडेको छ र भोकले अति भएपछि रुखको चोप खान बाध्य भई ज्यान गएको प्रसङ्ग आएको छ । यसरी यस कथामा यिनै अभिप्रायको प्रयोगले महत्वपूर्ण बनेको छ ।

## ११. पापीनी भाउजु लोककथा

**लोकतत्व**

यस लोककथामा लोकतत्वको उपयोग भएको छ । प्रस्तुत लोककथामा लोकपरम्परा सम्बन्धी विश्वास, पुर्नजन्मप्रतिको विश्वास, स्वैरकल्पनाप्रतिको विश्वास आदि लोकतत्वको उपयोग भएको छ । यस लोककथामा लोकपरम्परालाई संकेत गर्न नन्द मेला भर्न गएको प्रसङ्ग उल्लेख छ । यसै गरी समाजमा मान्छे एक पटक मरेपछि फेरी अर्को जन्म प्राप्त गर्दछ भन्ने मान्यता रहेको पाइन्छ । सोही अनुरूप यस कथामा पनि नन्दले अर्को जन्म प्राप्त गरेकी छ । यस कथामा स्वैरकल्पनाको पनि प्रयोग भएको छ । बाँसको मुरलीले मान्छेले जस्तै गरी घरको सम्पूर्ण कामकाज गर्नुले स्वैरकल्पनालाई संकेत गर्दछ ।

**कथावस्तु**

प्रस्तुत पापिनी भाउजू लोककथामा सामाजिक विषयवस्तुको प्रयोग भएको छ । यस लोककथामा एउटी पापिनी भाउजूले सोझी नन्दलाई मृत्युको मुखमा पुऱ्याएको घटनालाई क्रमिक रूपमा वर्णन गरिएको छ । यस लोककथामा विभिन्न घटनाहरूको संयोजन भई कथावस्तु निर्माण भएको छ । यस लोककथाको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । यस कथाको आदि भागमा नन्दलाई नदीमा पम्फाको फूल खोज्न पठाइएको कुरा उल्लेख छ । मध्य भागमा नन्द पम्फाको फूल खोज्न नदीमा गएको वेला डुवेर मृत्यु भएको कुरा उल्लेख गरिएको छ । अन्त्य भागमा बाँस भएर जागेकी त्यस नन्दको पहिलेको आफ्नो श्रीमानसँग भेट भएको कुरा उल्लेख छ । यिनै घटनाहरूको संयोजनले प्रस्तुत कथा पूर्ण, रोचक र आकर्षक पनि बनेको छ ।

### चरित्र

यस पापिनी भाउजू लोककथामा मानवीय र पदार्थ पात्रको समेत उपस्थिति छ । मानवीय पात्रहरूमा ६ भाइ राजा, नन्द, जेठी भाउजू, छिमेकी मान्छे र बाँस काट्ने मान्छे पर्दछन् । पदार्थ पात्रमा बाँसुरी पर्दछ । यस लोककथामा स्त्रीलिङ्गको रुपमा नन्द र भाउजु रहेका छन् भने पुलिङ्गको रुपमा ६ भाइ, दाजु, छिमेकी र बाटामा हिड्ने बटुवा रहेका छन् । प्रमुख पात्रको रुपमा नन्द, सहायक पात्रको रुपमा भाउजु, ६ भाइ दाजुहरु, मुरली बनाउने मान्छे र गौण पात्रको रुपमा बाटामा हिड्ने मान्छेहरु, छिमेकी रहेका छन् । भाउजु, ६ भाइ दाजुहरु प्रतिकूल पात्रको रुपमा आएका छन् भने अन्य सबै अनुकूल पात्रको रुपमा आएका छन् । यसमा बटुवा, बाटामा हिड्ने मान्छे वर्गीय पात्र हुन् भने अरु सबै व्यक्तिगत पात्रको रुपमा आएका छन् । यिनै विविध खालका पात्रको उपस्थितिमा प्रस्तुत कथाको निर्माण भएको छ ।

### परिवेश

यस लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको चित्रण छ । गाउँघरमा मेला लाग्नु, नन्द मेला मान्न जानु, नदीमा फूल खोज्न जानु, गोठालो जानु आदि प्रसङ्गले ग्रामीण परिवेशलाई सङ्केत गरेको छ । त्यसैले यस कथामा ग्रामीण परिवेश आएको छ भन्न सकिन्छ । यिनै ग्रामीण परिवेशभित्र प्रस्तुत कथाको संरचना भएको छ ।

### उद्देश्य

यस पापिनी भाउजू लोककथाको प्रमुख उद्देश्य नैतिक शिक्षा दिनु हो भने गौंण उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यस कथाकी पात्र भाउजूले नन्दलाई अन्याय अत्याचार गरेकी छ । परिवारमा यस्तो हुनु राम्रो होइन । परिवारमा भएको यस्तो कार्यले दुर्घटना निम्त्याउँछ भन्ने सन्देश यस कथाले दिएको छ । मान्छेले खराव प्रवृत्तिलाई त्यागी नीतिवान बन्नुपर्छ भन्ने सन्देश पनि यस कथाले दिएको छ । भाउजूले बर्की भित्र कुकुरको दिसा राखी नन्दलाई दिएको प्रसङ्गले कथालाई रोमाञ्चक बनाएको छ । यिनै घटनाक्रमले प्रस्तुत कथालाई पूर्णता समेत दिएको छ ।

**संवाद**

यस पापिनी भाउजू लोककथामा मानवीय पात्रहरूका बीच संवाद भएको छ । भाउजूले नन्दलाई दुःख दिने सन्दर्भमा यी दुईका बीचमा संवाद भएको छ । नदीको बीचमा पुगेपछि नन्दलाई डुबाउन लाग्दा धौ भएर भनिन्छ- पानीले ज्यान लग्न लाग्यो छ भाइ, दाजु, भेट्दैन पम्फा फूल ।" यिनै संवादहरूले प्रस्तुत कथालाई कारुणिक बनाउनुका साथै पूर्णता दिने काम समेत गरेको छ ।

**भाषाशैली**

यस लोककथामा सरल भाषाको साथै वर्णनात्मक शैलीको उपयोग भएको छ । यस कथामा भएका कथ्य रूप र लेख्य रूपका शब्दलाई यसरी लेखिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
| --- | --- |
| रैच | रहेछ |
| जानेस् | जाने मन |
| लाग्योछ | लागेछ |
| जारो | जाडो |
| भया | भएको |
| फोर | फोहोर |
| भन्दारी | भन्दाखेरी |
| भइन | भएन |
| धुनारी | धुँदाखेरी |
| हारखोर | हाडखोर |
| गार्‍योछ | गाड्योछ |

**अभिप्राय**

यस पापिनी भाउजू लोककथामा मान्छेले मान्छेको मासु खानु, मान्छे बाँस भएर उम्रनु अनि मुरली मान्छे बन्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस लोककथामा भाउजूले

नन्दलाई गरेको अत्याचारको प्रसङ्गमा यी माथिका अभिप्रायहरूको प्रयोग भएको छ । यिनै अभिप्रायको प्रयोगले कथालाई मनोरञ्जक बनाएको छ ।

## १२. छट्टु स्याल लोककथा

### लोकतत्व

प्रस्तुत लोककथामा आत्मशीलता सम्बन्धी विश्वास समाज सम्बन्धी विश्वास जस्ता लोकतत्वको उपयोग भएको पाइन्छ । यस लोककथामा मानवेतर प्राणीहरू स्याल र बघिनी मानवीय भाषामा संवाद गरेको पाइनुले आत्मशीलता सम्बन्धी विश्वासलाई सङ्केत गर्दछ । हरेक पदार्थ र प्राणीमा चेतना र विवेक हुन्छ । यी जीव-पदार्थहरू मान्छेले झैँ बोल्न र अनुभव गर्न सक्छन् भन्ने मान्यतालाई आत्मशीलता भनिन्छ । सोही अनुरूप यस कथामा स्यालले आफ्नो बुद्धि विवेकले बघिनीलाई बशमा लिन सफल भएको छ । यसै गरी स्याल र बघिनीको विवाहको प्रसङ्गले समाज सम्बन्धी विश्वास र रीतिरिवाज पनि लोकविश्वास अन्तर्गत पर्दछन् ।

### कथावस्तु

यस छट्टु स्याल लोककथामा स्यालको चतुर्‍याँई सम्बन्धी विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यस लोककथामा स्यालले चतुर्‍याँईपूर्वक आफू भन्दा बलियो बघिनीलाई आफ्नो बशमा पार्दै उसलाई समेत जिल्ल पारेको कुरालाई यस कथामा क्रमिक रूपले वर्णन गरिएको छ । यस लोककथाको कथावस्तु क्रमिक रूपले आदि, मध्य र अन्त्यको शृङ्खलामा संयोजन भएको छ । आदि भागमा बघिनीलाई लखेटेको कुरा छ । मध्य भागमा स्यालले बघिनीलाई विवाह गरेको कुरा छ भने अन्त्य भागमा स्यालका बयान देखेपछि बघिनी जिल्ल परेको कुरा छ । यिनै विविध कथावस्तुको संयोजनले प्रस्तुतको निर्माण भएको छ ।

### चरित्र

यस छट्टु स्याल लोककथामा मानवेतर पात्रहरूको मात्र उपस्थिति छ । यस कथामा स्याल, बघिनी र बघिनीका बच्चाहरू मानवेतर पात्रको रूपमा आएका छन् । यस कथामा स्याल, बघिनीका बच्चाहरु र बाच्छो पुलिङ्गका रुपमा आएका छन् भने बघिनी स्त्रीलिङ्गको रुपमा आएकी छ । यस लोककथामा प्रमुख पात्र स्याल, सहायक पात्र बघिनी र गौण पात्रका रुपमा बघिनीका बच्चाहरु र स्यालका बगाल पर्दछन् । स्याल प्रतिकूल पात्रको रुपमा आएको छ भने

अन्य सबै अनुकूल पात्रको रुपमा आएका छन् । यसमा प्रयोग भएका सम्पूर्ण पात्रहरु व्यक्तिगत रुपमा प्रयोग भएका छन् । प्रस्तुत कथाको प्रमुख पात्र स्यालले आफ्नो चतुऱ्याइँले बघिनीलाई आफ्नो अधिनमा राख्न सफल भएको छ । यिनै पात्रहरूको उपस्थितिले प्रस्तुत कथालाई गतिशील बनाउनुका साथै रोचक र आकर्षक पनि बनाएको छ ।

## परिवेश

यस छट्टु स्याल लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत पनि ग्रामीण परिवेशको चित्रण छ । यस कथामा स्याल बघिनीको खोरमा जानु, स्याल र बघिनीको गुफामा लडाइँ हुनु, स्याल र बघिनी जङ्गलमा गएर गाई मार्नु जस्ता प्रसङ्गले ग्रामीण परिवेशको झल्को दिएको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाको कथावस्तुको निर्माण भएको छ ।

## उद्देश्य

यस छट्टु स्याल लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यस कथाका पात्रहरू स्याल र बघिनीको कुराकानीको प्रसङ्गले निकै रोचक बनाएको छ । स्यालले आफ्नो चतुऱ्याइँले बघिनीलाई जिल्ल पारेको छ । बघिनीले स्याललाई लखेटेको प्रसङ्ग, बघिनी र स्यालले गाई मारी मासु बोकेको प्रसङ्ग आदि प्रसङ्गले प्रस्तुत कथालाई रोमाञ्चक बनाएको छ । त्यसैले मनोरञ्जन दिनु नै यस कथाको मुख्य उद्देश्य हो ।

## संवाद

यस छट्टु स्याल लोककथामा मानवेतर पात्रहरूका बीच मात्र संवाद भएको छ । यस्ता संवादहरूमा स्याल र बघिनीका बच्चाहरूका बीचको संवाद तथा स्याल र बघिनीका बीचको संवाद पर्दछन् । बघिनीले स्याललाई लखेट्दै जाँदा स्याल झ्याङमा अल्झेर बघिनीले स्यालको खुट्टा समातेको बेला स्यालले बाठो हुँदै भन्योछ- “खुब मेरो खुट्टा समातैं भन्या होलास् त्यो त रुखको जरा हो ।” यस्ता संवादहरूले कथालाई मनोरञ्जन प्रदान गरेका छन् । यिनै संवादहरूको शृङ्खलित संयोजनले प्रस्तुत कथालाई पूर्ण बनाएका छन् ।

## भाषाशैली

यस लोककथामा सरल भाषाशैलीको प्रयोग भएको छ । यसमा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार दिइएको छ ।

| कथ्य रूप | लेख्य रूप(मानक रूप) |
|---|---|
| रैच | रहेछ |
| भया | भएको |
| तिमुरको | तिमीहरूको |
| त्याँ | त्यहाँ |
| चार्न | चहार्न |
| लरा | लहरा |
| छोद्र्योछ | छोडिद्योछ |
| ब्या | विवाह |
| होतो | होत |
| खाको | खाएको |
| बल्ल | गोरु |
| काँराको | काँडाको |

**अभिप्राय**

यस छट्टु स्याल लोककथामा स्यालले बघिनीसँग विवाह गर्नु, स्यालले बघिनीलाई कुट्नु, बाच्छाले हानेर स्यालको मुखबाट रगत बग्नु, स्यालले फोक्सो बोक्नु, जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथाको स्यालले चतुऱ्याइँका कारण बघिनीलाई आफ्नो बशमा राख्न सफल भएको कुरा यी अभिप्रायहरूले स्पष्ट पारेका छन् । यिनै अभिप्रायहरूको प्रयोगले प्रस्तुत कथालाई रोचक बनाएको छ ।

## १३. लिखाटोकेनीको कथा

**लोकतत्व**

प्रस्तुत लोककथामा आत्मशीलता, रीतिरिवाज, भाग्य, झारफुक सम्बन्धी विश्वास जस्ता लोकतत्वको उपयोग भएको पाइन्छ । यस कथामा बाख्राले लिखाटोकेनीलाई विवेकपूर्ण तरिकाले सहयोग गर्नुले आत्मशीलतालाई सङ्केत गर्दछ । यहाँ बाख्रा मानवेतर प्राणी भएर पनि मानवको स्वभाव देखाएको छ । यसै गरी लिखाटोकेनीको बाबुको विवाहको प्रसङ् र चाडपर्वको प्रसङ्गले लोकरीतिरिवाजलाई सङ्केत गर्दछन् । त्यस्तै लिखाटोकेनीको भाग्य सप्रिएको सन्दर्भले भाग्य

सम्बन्धी विश्वासलाई जनाउँदछ । यसै गरी झारफुक सम्बन्धी विश्वास पनि यस कथामा पाइन्छ । यहाँ लिखाटोकेनीकी कान्छी आमा विरामी पर्दा धामी बसालेको प्रसङ्गले उक्त तथ्यलाई पुष्टि गर्दछ ।

**कथावस्तु**

यस लिखाटोकेनीको कथा लोककथामा सामाजिक र पारिवारिक विषयवस्तुको प्रयोग भएको छ । यस लोककथामा टुहुराको पनि दिन आउँछ भन्ने कुरालाई शृङ्खलाबद्धरूपमा प्रस्तुत गरिएको छ । यस लोककथाको कथावस्तु आदि,मध्य र अन्त्यको क्रममा मिलेर बनेको छ । यस कथाको आदि भागमा लिखाटोकेनीकी कान्छी आमा घरमा भित्रीएको विषयवस्तुको उल्लेख छ । मध्य भागमा कान्छी आमा विरामी भएको बहाना गरी बाख्रो काट्न लगाएको कुरा उल्लेख छ । अन्त्य भागमा चाहिँ लिखाटोकेनीले कसैले उखेल्न नसकेको सुनको खाँबो उखेल्न सफल भई दरवार भित्रिएको कुरा उल्लेख छ । यिनै विभिन्न वस्तुहरूको संयोजनले यस कथाको कथावस्तु निर्माण भएको छ ।

**चरित्र**

यस लिखाटोकेनीको कथा लोककथामा मानवीय पात्रका साथै मानवेतर पात्रको समेत उपस्थिति छ । मानवेतर पात्रमा लिखाटोकेनी उसको बाबु, कान्छी आमा, बहिनी, धामी र राजा रहेका छन् । मानवेतर पात्रमा पशु पात्र बाख्रो रहेको छ । यस लोककथामा लिखाटोकेनीको बाबु, गाउँलेहरु, राजा, राजाको छोरो पुलिङ्गको रुपमा आएका छन् भने लिखाटोकेनीकी आमा, कान्छी आमा, बैनीहरु र टोकेनी बाख्री आदि स्त्रीलिङ्गको रुपमा आएका छन् । प्रमुख पात्र लिखाटोकेनी, सहायक पात्र लिखाटोकेनीकी कान्छी आमा, बाबु, राजाको छोरो आएका छन् भने गौण पात्रको रुपमा बैनीहरु, गाउँलेहरु आदि रहेका छन् । लिखाटोकेनीकी कान्छी आमा प्रतिकूल पात्रको रुपमा आएकी छ भने अन्य सबै अनुकूल पात्रको रुपमा आएका छन् । राजा, राजाको छोरो र लिखाटोकेनी वर्गीय पात्र हुन् भने अन्य सबै व्यक्तिगत पात्रको रुपमा प्रयोग भएका छन् । यस कथाको कथावस्तु यिनै पात्रहरूको क्रियाशीलता अगाडि बढेको छ ।

**परिवेश**

यस लिखाटोकेनीको कथा लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत पनि ग्रामीण परिवेशको चित्रण भएको छ । यस लोककथामा लिखाटोकेनी बाखा

चराउन वनपाखामा जानु, पशुपंछी पाल्ने चलन, धामी-झाँक्री, झारफुक गर्ने चलन आदि घटनाक्रमले ग्रामीण परिवेश झल्काएको छ भने सौतेनी आमाले लिखाटोकेनीलाई दु:ख दिएको प्रसङ्गले पारिवारिक परिवेशको पनि झल्को पाइन्छ । यिनै परिवेश भित्र प्रस्तुत कथाको कथानक उनिएको छ ।

### उद्देश्य

यस लिखाटोकेनीको कथा लोककथाको उद्देश्य नैतिक ज्ञान र मनोरञ्जन प्रदान गर्नु हो । यस लोककथामा भाग्यवादी धारणा पनि रहेको छ । भाग्यकै कारण एउटी टुहुरी केटी पछि राजकुमारी बन्न पुगेकी छ । त्यसैले टुहुरा-टुहुरीलाई हेला गर्नु हुँदैन । तिनीहरूलाई हेला गरेमा आफूलाई नै पश्चातापको भुमरीमा पर्नुपर्छ भन्ने कुरा लिखाटोकेनीकी सौतेनी आमाले लिखाटोकेनीलाई राजकुमारी भएको देखेपछिको अवस्थाबाट थाहा हुन्छ । यसका साथै मनोरञ्जन दिनु पनि यस कथाको उद्देश्य हो ।

### संवाद

यस लिखाटोकेनीको कथा लोककथामा मानवीय र मानवेतर पात्रका बीचमा संवाद भएको छ । यस कथामा आएका मानवीय पात्रहरूमा लिखाटोकेनी, उसको बाबु, बहिनी, सौतेनी आमा आदिका बीचमा संवाद भएको छ भने मानवेतर पात्रमा बाख्रोका बीचमा संवाद भएको छ । बाख्रोलाई काट्ने भएपछि लिखाटोकेनीले रुँदै गएर बाख्रोलाई भन्यो छ- "हेर अब तिमलाई काट्ने भए, म कसरी बाँच्ने ? अब यो संसारमा मेरो कोही पनि हुन्न ।" यस्तै संवादहरूले प्रस्तुत कथालाई रोचकता प्रदान गर्नुका साथै पूर्णता दिने काम समेत गरेको छ ।

### भाषाशैली

यस लोककथामा वर्णनात्मक शैलीका साथै सरल भाषाको प्रयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरू यस प्रकार छन् ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| थे | थिए |
| ब्या | विवाह |
| रैचन् | रहेछन् |
| थ्यो | थियो |

| | |
|---|---|
| गरिऱ्या रैचन् | गरिरहेका रहेछन् |
| था | थाहा |
| बाउ | बाबु |
| अच्चली | अचम्म गरी |
| त्यई | त्यही |
| रैचम् | रहेछम् |
| तिमलाई | तिमीलाई |
| ह्याँ | यहाँ |
| आइन | आएर |
| बाना | बाहना |
| दिम्ला | दिउँला |
| हारखोर | हाड्खोर |
| ब्वारी | बुहारी |
| भयाको | भएको |
| थापाएपछि | थाहापाएपछि |

**अभिप्राय**

यस लिखाटोकेनीको कथा लोककथामा सौतेनी आमा, बाखाले मान्छेसँग कुरा गर्नु, बाखाको शरीरबाट चिल्ला रोटा झरिदिनु, सुनको खाँबो उम्रनु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथामा लिखाटोकेनीलाई सौतेनी आमाले अन्याय अत्याचार गरेको प्रसङ्ग आएको छ । त्यस्तै बाखाले लिखाटोकेनीलाई सहयोग गरेको प्रसङ्ग आएको छ । त्यस्तै सुनको खाँबो लिखाटोकेनीले मात्र उखेल्न सक्दा उसको फलिफाप भएको प्रसङ्ग आएको छ । यिनै विविध प्रासङ्गिक अभिप्रायहरूको प्रयोगले प्रस्तुत कथालाई रोचक बनाएको छ ।

## १४. गिद्ध र फौजहरू लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा आत्मशीलता, स्वैरकल्पना जस्ता लोकतत्वको उपयोग भएको छ । यस लोककथामा राजाका फौजहरूको गिद्धसँग संवाद हुनुले आत्मशीलतालाई सङ्केत गर्दछ ।

यस तथ्यले मानवेतर प्राणीहरूमा आत्मशीलता रहेको कुरा स्पष्ट पार्दछ । यसै गरी गिद्धको प्वाँखलाई मान्छे चिन्ने साधन बनाउनुले स्वैरकल्पनालाई सङ्केत गर्दछ । यस कथामा राजाका फौजहरूले प्वाँख मार्फत आफ्ना राजालाई राँगाको रूपमा देखेका छन् । त्यसै मार्फत आफ्ना राजालाई राँगाको रूपमा देखेका छन् ।त्यस्तै केटीले आफ्नी आमालाई कुकुर्नीको रूपामा देखेकी छ ।

**कथावस्तु**

यस गिद्ध र फौजहरू लोककथामा ऐतिहासिक विषयवस्तुको उपयोग भएको छ । साथै सामाजिक विषयवस्तुको पनि झल्को पाइन्छ । राजा र फौजहरूको प्रसङ्गले ऐतिहासिक विषयवस्तुलाई सङ्केत गर्दछ भने आमाछोरीको प्रसङ्गले सामाजिक विषयवस्तुको सङ्केत गरेको छ । यस लोककथामा फौजहरूको वीर भावनालाई प्रस्तुत गरिएको छ । यो कथाको कथावस्तु विभिन्न घटनाहरूको शृङ्खलामा अगाडि बढेको छ । यस कथाको शृङ्खलामा मिलेर बनेको छ । यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेर बनेको छ । यस कथाको आदि भागमा फौजहरूको गिद्धसँग भेट हुनु हो मध्य भागमा फौजहरूले लडाइँमा विजय प्राप्त गर्नु हो भने अन्त्य भाग फौजहरूले गिद्धलाई प्वाँख बुझाएर दरवारतिर लाग्नु हो । यिनै घटनाहरूको संयोजनले प्रस्तुत कथा पूर्ण र रोचक बनेको छ ।

**चरित्र**

यस गिद्ध र फौजहरू लोककथामा मानवीय र मानवेतर पात्रको उपस्थिति छ । मानवीय पात्रमा राजाका फौजहरू र केटी पर्दछन् । मानवेतर पात्रहरूमा भने पंक्षी पात्र गिद्ध पर्दछ । यस लोककथामा गिद्धकी स्वास्नी, केटा, केटीकी आमा, स्त्रीलिङ्ग हुन् भने फौजहरु, गिद्ध, गिद्धको छोरो, राजा लडाइँमा लडेका मान्छेहरु पुलिङ्गको रुपमा आएका छन् । प्रमुख पात्र राजाका फौजहरु, सहायक पंक्षी पात्र गिद्ध र गौण पात्रका रुपमा गिद्धकी स्वास्नी, छोरो, केटी, केटीकी आमा, राजा, लडाइमा मारिने मान्छे, गौण पात्रका रुपमा आएका छन् । यसमा राजा र केटीकी आमा प्रतिकूल पात्रको रुपमा प्रयोग भएका छन् । राजा र राजाका फौजहरु वर्गीय पात्र हुन् भने अन्य सबै व्यक्तिगत पात्र हुन् । यिनै पात्रहरूको उपस्थितिले प्रस्तुत कथालाई अगाडि बढाएको छ ।

**परिवेश**

यस गिद्ध र फौजहरू लोककथाका सबै घटनाक्रमहरू लौकिक परिवेश भैआएका छन् । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको चित्रण भएको छ । यस कथामा फौजहरूको गिद्धसँग भेट हुन आदि प्रसङ्गले ग्रामीण झल्को दिन्छ भने राजा र दरबारको कुरा उल्लेख हुनुले दरबारिया परिवेशको केही झल्को दिएको छ । यिनै परिवेशको चित्रणले प्रस्तुत कथालाई पूर्ण र रोचक पनि बनाएको छ ।

**उद्देश्य**

यस गिद्ध र फौजहरू लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । राजाका फौजहरूको दुश्मनसँग लडाइँ हुनु, गिद्धको प्वाँखलाई मान्छे चिन्ने साधन बनाउनु, गिद्ध र फौजहरूको कुराकानी हुनु आदि जस्ता प्रसङ्गले यस कथालाई रोचक बनाएको छ । यसका साथै वीर, साहसी बन्नुपर्छ भन्ने सन्देश पनि यस कथाले दिएको छ ।

**संवाद**

यस गिद्ध र फौजहरू लोककथामा मानवीय पात्रका साथै मानवेतर पंछी पात्रका बीचमा संवाद भएको छ । यस्तो संवाद गिद्ध र फौजहरूका बीच तथा फौजहरू र केटीका बीच संवाद भएको छ । गिद्धले मान्छेको जन्म लिएर मरेना मान्छे ल्याइदिनु भन्दा फौजहरुले कसरी चिन्ने त भन्दा गिद्धेले आफ्नो प्वाँख दिँदै भन्यो छ- “यी यो प्वाँखबाट हेर्नुहोला अनि त्यस्तो मान्छे चिनिन्छ ।” यिनै संवादहरूले गर्दा यस कथालाई मनोरञ्जन प्रदान गर्नुका साथै कथालाई पूर्ण र सार्थक पनि बनाएको छ ।

**भाषाशैली**

यस गिद्ध र फौजहरू लोककथाको भाषाशैली सरल, सहज र बोधगम्य छ । यसको शैली वर्णनात्मक छ । यस लोककथामा प्रयोग भएका कथ्य रूपका शब्दलाई लेख्य रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| लराई | लडाइँ |
| भर्कर | भर्खर |

| | |
|---|---|
| भन्योछ | भनेछ |
| भइम् | भयौँ |
| ब्यान | बिहान |
| उठम् | उठौँ |
| गिद्ध हुनी | गिद्धका छेऊ |

**अभिप्राय**

यस गिद्ध र फौजहरू लोककथामा गिद्धले फौजहरूसँग कुराकानी गर्नु, गिद्धको प्वाँखलाई मान्छे चिन्ने साधन बनाउनु, राजा राँगाको रूपमा देखिनु जस्ता अभिप्रायहरू यस कथामा प्रयोग भएका छन् । यस कथामा फौजहरू लडाइँमा जाँदै गर्दा गिद्धसँग भेट भई कुराकानी भएको र गिद्धले मान्छे चिन्ने प्वाँख दिएको करा आएको छ । फौजहरूले त्यही प्वाँखले आफ्ना राजालाई हेर्दा राँगाको रूपमा देखेका छन् । यिनै अभिप्रायहरूको प्रयोगले प्रस्तुत कथा सार्थक र मनोरञ्जक समेत बनेको छ ।

## १५. बाउनीका आमाछोरा लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा अतिकल्पनाप्रति विश्वास, धर्मप्रति विश्वास, समाज सम्बन्धी विश्वास, रीतिरिवाज सम्बन्धी विश्वास, जस्ता लोकतत्वको उपयोग भएको पाइन्छ । यस लोककथामा सरस्वती र विष्णु नामका देवीदेवताले ब्राह्मणका आमाछोरालाई सहयोग गर्नुले अतिकल्पनालाई सङ्केत गर्दछ । देवताको शक्तिले ब्राह्मणी उड्नुले पनि अतिकल्पनालाई नै सङ्केत गर्दछ । यसै गरी अरुलाई धर्म गरेमा आफूलाई पनि फलिफाप हुन्छ भन्ने मान्यताको पुष्टि ब्राह्मणीका आमाछोराले देवतालाई खान बस्न दिएको प्रसङ्गबाट थाहा पाइन्छ । यसै गरी पाहुनालाई सेवा सत्कार गर्नुपर्छ भन्ने समाज सम्बन्धी विश्वास पनि प्रस्तुत कथामा पाइन्छ । त्यस्तै विवाहको प्रसङ्गले लोकरीतिरिवालाई सङ्केत गरेको छ ।

**कथावस्तु**

प्रस्तुत बाउनीका आमाछोरा लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । यस लोककथामा स्वर्गका देवता विष्णु र सरस्वतीको अलौकिक शक्तिले ब्राह्मणीका आमाछोराको

भाग्य सप्रिएको तथ्यलाई प्रस्तुत गरिएको छ । प्रस्तुत लोककथाको विषयवस्तु आदि, मध्य र अन्त्यमा विभाजन भएर रहेको छ । आदि भागमा ब्राह्मणीलाई स्वर्गका देवता विष्णु र सरस्वतीले शक्ति प्रदान गरेका छन् । मध्य भागमा छोराको विवाहका लागि ब्राह्मणीले केटी पाएको कुरा छ भने अन्त्य भागमा छोराको विवाह गरिदिएको कुरा उल्लेख छ । यिनै घटनाहरूको शृङ्खलाबद्ध संयोजनले प्रस्तुत कथालाई अगाडि बढाएको छ ।

### चरित्र

यस बाउनीका आमाछोरा लोककथामा मानवीय तथा अतिमानवीय पात्रको उपस्थिति छ । मानवीय पात्रमा बाउनीका आमाछोरा छन् भने अतिमानवीय पात्रमा विष्णु भगवान् र सरस्वती देवी रहेका छन् । यस लोककथामा बाउनी, सरस्वतीदेवी र बाउनीको छोरो, भगवान् विष्णु आदि पुलिङ्गी पात्र हुन् । प्रमुख पात्रको रुपमा बाउनी, सहायक पात्रको रुपमा बाउनीको छोरा, भगवान विष्णु, सरस्वतीदेवी पर्दछन् भने गौण पात्रको रुपमा बाउनीको बुहारी आएकी छ । यसमा गाउँलेहरु प्रतिकूल पात्रका रुपमा आएका छन् भने अन्य सबै अनुकूल पात्रको रुपमा आएका छन् । सरस्वतीदेवी, विष्णु भगवान वर्गीय पात्र हुन् भने अन्य सबै व्यक्तिगत पात्र हुन् । यिनै पात्रहरूको भूमिकामा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

### परिवेश

यस बाउनी आमाछोरा लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको चित्रण भएको छ । हुन त विष्णु भगवान् र सरस्वती देवीको प्रसङ्गले अलौकिक परिवेश जस्तो लागे तापनि ती पात्रहरूलाई लौकिक जगतमा ल्याइएकोले लौकिक परिवेश छ । ब्राह्मणीका आमाछोराको पराले झुपडी, ब्राह्मणीका छोरालाई केटी माग्न गाउँ गएको प्रसङ्गले ग्रामीण परिवेशलाई झल्काएको छ ।  यिनै परिवेशभित्र प्रस्तुत कथाको कथानक उनिएकोले रोचक र आकर्षक पनि छ ।

### उद्देश्य

यस बाउनीका आमाछोरा लोककथाको प्रमुख उद्देश्य धार्मिक शिक्षा दिनु रहेको छ भने गौण उद्देश्य मनोरञ्जन दिनु रहेको छ । अरुको सेवा गरेमा आफ्नो पनि फलिफाप हुन्छ भन्ने मान्यता यस लोककथामा पाइन्छ । यस कथाका ब्राह्मणीका आमाछोराले देवतालाई सम्मानपूर्वक

खानपिन गराउँदा देवताहरूले उनीहरूलाई सहयोग गरेका छन् । यिनै विषयवस्तुको उपस्थितिमा कथाले पूर्णता पाएको छ ।

**संवाद**

यस बाउनीका आमाछोरा लोककथामा मानवीय पात्र र  अतिमानवीय पात्रका बीच संवाद भएको छ । यस कथामा मानवीय पात्र आमा र अतिमानवीय पात्र देवताहरूका बीचमा संवाद भएको छ । छोराको विवाह गरि दिने प्रसङ्गमा आमाको  र देवताहरूको बीचमा संवाद भएको छ । यिनै संवादहरूले यस कथालाई गति दिनुका साथै रोचक समेत बनाएको छ ।

**भाषाशैली**

यस लोककथामा वर्णनात्मक भाषाशैलीको उपयोग भएको छ भने सरल भाषाको प्रयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूपका शब्दलाई लेख्य रूपमा यसरी प्रस्तुत गरिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| थे | थिए |
| जान्नथे | जाँदैनथे |
| थ्यो | थियो |
| देउता | देवता |
| ब्या | विवाह |
| हउ | होउ |
| थापाएपछि | थाहापाएपछि |
| बाउन | ब्राह्मण |

**अभिप्राय**

यस बाउनीका आमाछोरा लोककथामा देवता पृथ्वीमा आउनु, मान्छे उड्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस लोककथामा ब्राह्मणीका आमाछोराले विष्णु र सरस्वती नामका देवीदेवता आफ्नो झुपडीमा आएको वेला उनीहरूलाई सहयोग गरेको प्रसङ्ग आएको छ । त्यस्तै गरी ब्राह्मणीलाई देवताहरूले उड्ने शक्ति दिएको प्रसङ्ग पनि आएको छ । यिनै अभिप्रायहरूको प्रयोगले गर्दा प्रस्तुत कथा महत्वपूर्ण बनेको छ ।

## १६. भैरा भैरीको कथा लोककथा

### लोकतत्व

प्रस्तुत लोककथामा लोकसमाजमा विद्यमान सानाले ठूलालाई आदर भाव देखाउनुपर्छ भन्ने श्रद्धासम्बन्धी मान्यतालाई अघि सारिएको छ । प्रस्तुत लोककथामा बहिरा बहिरीहरूको संवाद हुने क्रममा छोरीले बाबुप्रति श्रद्धा देखाउँदै बाबुले आफूलाई जुन ठाउँमा विवाह गरेर पठाउँछन् त्यही ठाउँमा जाने कुरा गरेकी छ । यसै गरी बहिराले गोरुलाई आमाको माइतबाट ल्याएको हो भनेर बटुवालाई जानकारी दिएको प्रसङ्गले सोही कुरालाई जनाउँछ ।

### कथावस्तु

यस भैराभैरीको कथा लोककथामा सामाजिक र पारिवारिक विषयवस्तुको समेत उपयोग भएको छ । प्रस्तुत लोककथामा भैराभैरीको कुराकानीलाई क्रमिकरूपले प्रस्तुत गरिएको छ । भैराभैरीहरूले आपसमा कुराकानी गर्दा हुने हास्यास्पद प्रस्तुतिलाई यस कथामा प्रस्तुत गरिएको छ । कथाको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा संयोजन भएको छ । आदि भागमा बाटो हिँड्दै गरेको बटुवाले भैरालाई बाटो सोध्नु हो । मध्य भागमा भैरा र स्वास्नीबीचको कुराकानी हो भने अन्त्य भागमा बूढा र छोरीबीचको कुराकानी हो । यिनै घटनाहरूको शृङ्खलामा प्रस्तुत कथाको रचना भएको छ ।

### चरित्र

यस भैराभैरीको कथा लोककथामा मानवीय पात्रहरूको मात्र उपस्थिति छ । यस कथामा थोरै पात्रहरू रहेका छन् । यस कथामा प्रयुक्त पात्रहरूमा बहिराबहिरीका बूढाबूढी, उनीहरूको एउटो छोरो र एउटी छोरी हुन् । यस लोककथामा भैरी, भैराभैरीको छोरीबुहारी, स्त्रीलिङ्गी पात्र हुन् भने भैरो, भैराको छोरो, बाटामा हिड्ने मान्छे, पुलिङ्गी पात्रको रुपमा प्रयोग भएका छन् । भैराभैरी प्रमुख पात्र, भैराभैरीको छोरो, बुहारी, छोरी सहायक पात्र र बाटामा हिड्ने मान्छे गौण पात्रको रुपमा प्रयोग भएका छन् । प्रवृत्तिका आधारमा सबै पात्र अनुकूल छन् । जीवनचेतनका आधारमा बटुवा व्यक्तिगत पात्र हो भने अन्य सबै वर्गीय पात्र हुन् । यिनै पात्रहरूको क्रियाशीलतामा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ ।

**परिवेश**

यस भैराभैरीको लोककथामा लौकिक परिवेशको प्रस्तुति छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण र पारिवारिक परिवेश आएको छ । बहिराबहिरीहरूको एकआपसको कुराकानीले पारिवारिक परिवेश दर्शिएको छ भने बारी जोतेको, बटुवाले गोरुको बारेमा सोधेको आदि प्रसङ्गले ग्रामीण परिवेशलाई सङ्केत गरेको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाको कथावस्तु निर्माण भएको छ ।

**उद्देश्य**

यस भैराभैरीको कथा लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । भैराभैरीको कुराकानीले श्रोतालाई हसाउँछ, प्रफुल्लित बनाउँछ । त्यसैले यस कथाको उद्देश्य पनि मनोरञ्जन प्रदान गर्नु नै हो ।

**संवाद**

यस भैराभैरीको कथा लोककथामा मानवीय पात्रहरूको बीच मात्र संवाद भएको छ । यस कथामा संवादको धेरै प्रयोग भएको छ जसले गर्दा कथालाई रोचक बनाएको छ । यस कथाका संवादहरूमा बटुवा र छोरा चाहिँको संवाद, छोराचाहिँ र उसकी स्वास्नी बीचको संवाद, सासू र बुहारी बीचको संवाद, बूढा र बूढी बीचको संवाद र बाबुछोरी बीचको संवाद आदि संवादहरू देखिन्छन् । एकदिन छोराहोनेले जोतिरहेकोबेला बटुवाले दाइ यो बाटो कता जान्छ भनी सोधेनो प्रश्नको जवाफमा भैराले भन्योछ- “यो बल्ल जेइनो माइतबाट ल्यानो हो र यो होने बल्ल जोइनो माइतबाट ल्यानो हो ।” यिनै बहिराबहिरीको संवादले गर्दा यस कथाले पूर्णता पाएको छ ।

**भाषाशैली**

यस भैराभैरीको कथा लोककथामा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ भने वर्णनात्मक शैलीको उपयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूपका शब्दहरूलाई लेख्य रूपमा यस प्रकार उल्लेख गरिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| रैचन् | रहेछन् |

| | |
|---|---|
| छोरा होनेले | छोरा चाहिँले |
| जोतिऱ्या | जोतिरहेका |
| बल्ल | गोरु |
| जेइ | आमा |
| जोइ | स्वास्नी |
| अर्नी | नास्ता, खाजा |
| ब्वारी | बुहारी |
| काँ | कहाँ |
| झिकिन | झिकेर |
| खाया | खाएको |
| जाँ | जहाँ |
| तीँ | त्यहीँ |
| जाना | जानु |

**अभिप्राय**

यस भैराभैरीको कथा लोककथामा भार, कनिकाको रोटी जस्ता अभिप्रायको प्रयोग भएको छ । प्रस्तुत कथामा बहिराबहिरीको संवादका क्रममा यी अभिप्रायहरूको प्रयोग भएको छ । बूढाले बूढीको कुरा नबुझ्दा भारमामाथिको कनिकाको रोटी आफूले नखाएको कुरा भनेको छ । यस कथामा प्रयोग भएका अभिप्रायहरूले कथालाई पूर्णता दिनुका साथै रोमाञ्चक समेत बनाएको छ ।

## १७. शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा

**लोकतत्व**

प्रस्तुत लोककथामा धर्म, भविष्यवाणी, आत्मशीलता, श्राप, रूपान्तरण जस्ता लोकतत्वको उपयोग भएको छ । ऋषि धार्मिक व्यक्तित्व हुन् । यस कथामा दुई ऋषिहरू धर्म कमाउनलाई नदीको किनारमा तपस्यामा बसेका छन् । यसै गरी तपस्यामा बसेका ऋषिले राजालाई श्राप दिँदै तक्ष्यनागले टोकेर मरेस भन्ने भविष्यवाणी गरेको छ । यसरी राजा आफू मर्ने जानकारी पाएपछि कालबाट बच्न सप्ताह लगाउनुले अनुष्ठानलाई सङ्केत गर्दछ । यसै गरी पीपलको रुखको

प्रसङ्गले आत्मशीलतालाई जनाउँदछ । समाजमा पीपलको रुखलाई देवताको प्रतीकको रूपामा लिने गरिन्छ । त्यस्तै नाग भुसुनामा रूपान्तरण हुनुले रूपान्तरण सम्बन्धी विश्वासलाई सङ्केत गर्दछ ।

**कथावस्तु**

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा धार्मिक विषयवस्तुको उपयोग भएको छ । प्रस्तुत कथामा ऋषिका बाबुछोराको तपस्या देखि नसहने राजाको अन्त्य भएको कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यमा विभक्त छ । कथावस्तुको आदि भागमा शृङ्ग ऋषिले राजालाई श्राप दिनु हो । मध्य भागमा तक्ष्य नाग र वैद्यको भेट हुनु हो । यिनै घटनाहरूको शृङ्खलाले कथालाई गति दिनुका साथै रोचक र आकर्षक पनि बनेको छ ।

**चरित्र**

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा मानवीय र मानवेतर चरित्रको उपस्थिति छ । यस कथाका मानवीय चरित्रमा शृङ्ग ऋषि र भृङ्ग ऋषि पर्दछन् भने मानवेतर चरित्रमा सर्प पर्दछ । यस लोककथामा पुलिङ्गी पात्रको मात्र प्रयोग भएको छ । प्रमुख पात्रसँग ऋषि र भृङ्ग ऋषि, सहायक पात्र राजा र गौण पात्र लक्ष्य नाग, वैद्य, सप्ताह हेर्न आएका मान्छे आदि प्रयोग भएका छन् । राजा र तक्ष्य नाग प्रतिकूल पात्रको रुपमा आएका छन् भने अन्य सबै अनुकूल पात्रको रुपमा आएका छन् । शृङ्ग ऋषि र भृङ्ग ऋषि वर्गीय पात्र हुन् भने अन्य सम्पूर्ण व्यक्तिगत पात्र हुन् । यिनै पात्रहरूको उपस्थितिमा प्रस्तुत कथाको कथानक अगाडि बढ्नुका साथै रोचक र आकर्षक पनि बनाएको छ ।

**परिवेश**

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत पनि ग्रामीण परिवेशको चित्रण भएको छ । शृङ्ग ऋषिका दुई भाई नदीको किनारमा तपस्या गरेको, वैद्य र नागको भेट भएको आदि प्रसङ्गले ग्रामीण परिवेशलाई झल्काएको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाले पूर्णता पाएको छ ।

## उद्देश्य

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथाको प्रमुख उद्देश्य नैतिक शिक्षा दिनु हो भने गौण उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यस लोककथामा हामीले कसैप्रति पनि नराम्रो भावना राख्न हुँदैन त्यसले उल्टै हानी नोक्सानी गर्दछ भन्ने कुरा राजाको क्रियाकलापले थाहा हुन्छ । राजाले ब्राह्मणलाई सर्पको माला लगाइ दिएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । यिनै घटना क्रमहरूले यस कथाको निर्माण भएको छ ।

## संवाद

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा मानवीय पात्र र मानवेतर पात्रका बीच संवाद भएको छ । यिनै संवादहरूले यस कथालाई मनोरञ्जन प्रदान गरेको छ । यस कथाका मानवीय पात्रमा वैद्य र मानवेतर पात्रमा सर्पका बीच संवाद भएको छ। वैद्यले राजालाई सूर्यबाट बचाउन जान लागेको कुरा थाहा पाएपछि मान्छेको भेषमा आएको सर्पले पनि भन्यो छ- "म शृङ्ग ऋषिले सराप दिएको राजालाई डसेर मार्न जान लाग्छु । यिनै संवादहरूको प्रस्तुतिले यस कथाको कथावस्तुलाई अगाडि बढाउन सहयोग गरेको छ ।

## भाषाशैली

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा सरल भाषाका साथै वर्णनात्मक शैलीको प्रयोग भएको छ । यस कथामा प्रयोग भएका कथ्य रूपका शब्दहरूलाई लेख्य रूपमा यसरी प्रस्तुत गरिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| बाउ | बाबु |
| भयाको | भएको |
| काठा | ब्राह्मण |
| गुठाइदेछन् | गुठाइदिएछन् |
| था | थाहा |
| छोराहुनी | छोरासँग |
| कोले | कस्ले |

| | |
|---|---|
| देएपछि | दिएपछि |
| भेट भयोछ | भेट भएछ |
| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
| भन्योछ | भनेछ |
| इति | यति |
| बाउन | ब्राह्मण |
| लोवी | लोभी |
| अछेता | अक्षेता |
| त्याँ | त्यहाँ |
| गयाको | गएको |

### अभिप्राय

यस शृङ्ग ऋषि र भृङ्ग ऋषिको कथा लोककथामा श्राप दिनु, सर्पले मान्छेको रूप धारण गर्नु, सर्पको मुख भएको लट्ठी, अक्षताको थाली जस्ता अभिप्रायको प्रयोग भएको छ । यिनै अभिप्रायको प्रयोगले प्रस्तुत कथालाई उत्कृष्ट बनाउनुका साथै रोचक र महत्वपूर्ण समेत बनाएको छ ।

## १८. धर्मे छोरो लोककथा

### लोकतत्व

प्रस्तुत लोककथामा समाजसँग सम्बन्धी विश्वास, पदार्थ सम्बन्धी विश्वास, आत्मशीलताप्रतिको विश्वास, धर्मप्रतिको विश्वास जस्ता लोकतत्वको उपयोग भएको पाइन्छ । यस लोककथामा सन्तान भएमा बूढेसकालमा साहारा मिल्छ भन्ने विश्वासलाई अघि सारिएको छ । सोही अनुरूप यस कथामा बूढाबूढीले आफ्नो सन्तान नभए पनि अर्काको छोरोलाई धर्मे छोरो बनाएर पालेका छन् । यसै गरी छोराले ल्याएको औँठी बूढीले लगाउँदा बूढी जवान हुनु र बूढोले लगाउँदा बूढो जवान हुनुले पदार्थ सम्बन्धी विश्वासलाई सङ्केत गर्दछ । त्यस्तै माछाले बूढाबूढीको धर्मे छोरालाई मर्न लाग्दा बचाउनुले आत्मशीलताप्रतिको विश्वासलाई जनाउँदछ ।

यसै गरी माछाले धर्मे छोरालाई कैलाशमा लगेर बसालेको प्रसङ्गले धर्मप्रतिको विश्वासलाई सङ्केत गर्दछ । हिन्दु धर्म अनुसार कैलाशलाई शिवजीको बासस्थान मानिन्छ ।

**कथावस्तु**

यस धर्मे छोरो लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । समाजमा बस्ने व्यक्तिले आफ्नो छोराछोरी नभएमा अर्काको छोराछोरीलाई धर्मे छोरा बनाएर पालेमा धर्म हुन्छ, बढेस्कालको सहारा पनि हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । यिनै मान्यता अनुरूप प्रस्तुत कथामा बूढाबूढीले पनि धर्मे छोरो बनाएर पालेको छन् तर छोरो नै वेपत्ता भएपछि बूढाबूढीको जीवन दुःखद अवस्थामा पुगी अन्त्यमा मृत्यु समेत भएको घटनाक्रमलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा उनिएको छ । आदि भागमा बूढाबूढीको छोराले बाटो खर्च भन्दै लगेको चामल माछालाई दिएर फर्कनु हो । मध्य भागमा माछाको राजाले औँठी दिनु र त्यो औँठी लिएर घरमा गई फेरी औँठी लिन पठाउँदा छोरो नदीमा हाम फाल्नु हो । अन्त्य भागमा छोराको चिन्ताले बूढाबूढीको मृत्यु हुनु हो । यिनै घटनाहरूको संयोजनले प्रस्तुत कथाले पूर्णता पाएको छ ।

**चरित्र**

यस धर्मे छोरो लोककथामा मानवीय तथा मानवेतर पात्रको उपस्थिति छ । मानवीय पात्रहरूमा बूढाबूढी र धर्मे छोरो रहेका छन् भने मानवेतर पात्रको रूपमा माछाका राजा रहेका छन् । यस कथामा बुढो, धर्मे छोरो, माछा, माछाको राजा पुलिङ्गको रुपमा आएका छन् भने बुढी चाहिँ स्त्रीलिङ्गको रुपमा आएकी छ । मुख्य पात्र बुढाबुढी, सहायक पात्र धर्मे छोरो, माछाको राजा र गौण पात्रको रुपमा माछाहरु रहेका छन् । यसमा अनुकूल पात्रको मात्र प्रयोग भएको छ । माछाको राजा र धर्मे छोरो वर्गीय पात्र हुन् भने बुढो, बुढी र माछाहरु व्यक्तिगत पात्र हुन् । प्रस्तुत कथा पनि यिनै सीमित पात्रहरूको भूमिकामा निर्माण भएको छ ।

**परिवेश**

यस धर्मे छोरा लोककथामा लौकिक र अलौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको प्रस्तुति छ । बूढाबूढीको धर्मे छोरो धन कमाउन भन्दै जानु, नदीका तीरमा गएर माछालाई चारो हाल्नु आदि प्रसङ्गले ग्रामीण परिवेशलाई दर्शाएको छ भने अलौकिक परिवेश अन्तर्गत कैलाशको प्रसङ्ग आएको छ । बूढाबूढीको धर्मे छोरालाई माछाको

राजाले कैलाशमा लगेर आरामसँग राख्नुले अलौकिक परिवेशलाई दर्शाएको छ । यिनै परिवेशभित्र प्रस्तुत कथाले पूर्णता पाएको छ ।

**उद्देश्य**

यस धर्मे छोरो लोककथाको उद्देश्य व्यवहारिक शिक्षाका साथै मनोरञ्जन प्रदान गर्नु हो । यस लोककथामा अरुको सेवा गरेमा आफ्नो पनि हित हुन्छ भन्ने कुराको प्रस्तुतिले व्यवहारिक शिक्षा दिएको छ । यस लोककथामा बूढाबूढीको धर्मे छोराले माछाको सेवा गरेकाले माछाको राजाले आफू मर्न लाग्दा बचाएको छ । त्यस्तै कमाउन भनी गएको धर्मे छोराले बाटो खर्च भन्दै लगेको चामल माछालाई दिएर घर फर्केको प्रसङ्गले रोचकता प्रदान गरेको छ । त्यसैले यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु पनि हो ।

**संवाद**

यस धर्मे छोरो लोककथामा मानवीय चरित्रहरूका बीच संवाद भएको छ । यस कथामा भएका संवादहरूमा बूढा र बूढीका बीचमा भएको संवाद, बूढाबूढीको धर्मे छोरासँग भएको संवाद आदि संवादहरू रहेका छन् । यिनै संवादहरूले यस कथालाई अगाडि बढाउनुका साथै रोचक समेत बनाएको छ ।

**भाषाशैली**

यस धर्मे छोरो लोककथामा वर्णनात्मक शैली साथै सरल भाषाशैलीको प्रयोग भएको छ । यसमा प्रयोग भएका कथ्य रूप र लेख्य रूपलाई यस प्रकार लेखिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| पाल्यारैचन् | पालेका रहेछन् |
| भयोछ | भएछ |
| ल्याको | ल्याएको |
| सम्झायोछ | सम्झाएछ |
| गयोछ | गएछ |

**अभिप्राय**

यस धर्मे छोरो लोककथामा मान्छेलाई माछाले सुनको औँठी दिनु, औँठी लगाउँदा बूढाबूढी जवान हुनु, माछाले मान्छेलाई कैलाशमा लैजानु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथामा बूढाबूढीको धर्मे छोराले कमाउन जाँदा लगेको बाटो खर्च वापतको चामल माछालाई दिएर फर्केको छ । माछाले पनि उसलाई सुनको औँठी दिएको र मर्न लाग्दा उतारेर कैलाशमा समेत लगेको कुरा आएको छ । यिनै अभिप्रायहरूको प्रयोग प्रस्तुत कथालाई महत्वपूर्ण बनाएको छ ।

## १९. कर्म खोज्ने मानिस लोककथा

**लोकतत्व**

प्रस्तुत लोककथामा लोकतत्वको उपयोग भएको पाइन्छ । लोकसमाजमा विद्यमान यस्ता तत्वले कथालाई आजिलो बनाउँदछन् । कल्पना गर्न नसकिने कुरालाई यस कथामा आएका छन्, जसलाई अतिकल्पना भनिन्छ । कर्म खोज्ने मानिसले एक ठाउँको मान्छेसँग वास माग्दा उसले आफू घरमै नअटाउने गरी रातमा फुल्लिन्छु भनेको प्रसङ्गले अतिकल्पनालाई सङ्केत गर्दछ । यसै गरी कर्म खोज्ने मानिसको भगवान्सँग प्रत्यक्ष कुराकानी हुनु पनि कतिकल्पना नै हो । त्यस्तै पीपलको रुख र कर्म खोज्ने मानिसकोबीचमा कुराकानी हुनुले आत्मशीलता सम्बन्धी धारणालाई सङ्केत गर्दछ । लोकतत्वको उपयोगले प्रस्तुत कथा रोचक बनेको छ ।

**कथावस्तु**

यस कर्म खोज्ने मानिस लोककथामा सामाजिक तथा अतिरञ्जित विषयवस्तुको उपयोग भएको छ । प्रस्तुत लोककथामा बूढाबूढीको जेठो छोरो आमाबुबाबाट भिन्न हुनु पर्दा अभागी ठानेको छ । उसले भाग्य विग्रेको वा कर्मखोटी भएकोमा चिन्तित भएको छ । यस्तैमा ऊ कर्मको खोजीमा भगवान्सम्म पुग्दा उसको कर्म सप्रिएको कुरालाई क्रमिक रूपमा वर्णन गरिएको छ । यो कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित छ । यस कथाको आदि भागमा जेठो छोरो कर्म खोज्ने क्रममा शरीर फुल्ने मानिस र पीपलबाट पनि सहयोग नपाएपछि भगवानकहाँ गएको कुरा उल्लेख छ । मध्य भागमा भगवान्को सहयोगले शरीर फुल्लिने मानिसबाट विद्या र पीपलबाट धन पाएर कर्म सुध्रिएको कुरा उल्लेख छ । अन्त्य भागमा चाहिँ सुखपूर्वक घरमा

बसेको कुरा उल्लेख छ । यी घटनाहरूको क्रमिक संयोजनले प्रस्तुत कथा पूर्ण, लोकप्रिय र आकर्षक पनि बनेको छ ।

### चरित्र

यस कर्म खोज्ने मानिस लोककथामा मानवीय, अतिमानवीय तथा पदार्थ पात्रको समेत उपस्थिति छ । यस कथामा बड्डी स्त्रीलिङ्गको रुपमा आएकी छ भने बड्डो, दुई भाइ छोरा, रातिमा फुल्लिने मानिस, रातिमा सुक्ने पिपल आदि पुलिङ्गको रुपमा प्रयोग भएका छन् । मुख्य पात्रको रुपमा कर्मखोज्ने मानिस, सहायक रुपमा रातमा पुल्लिने मान्छे, रातमा सुक्ने पिपल र कान्छो छोरो रहेका छन् । बड्डाबड्डी प्रतिकूल पात्रको रुपमा रहेका छन् भने अन्य सम्पूर्ण अनुकूल पात्रको रुपमा रहेका छन् । भगवान वर्गीय पात्र हुन् भने अन्य सम्पूर्ण व्यक्तिगत पात्र हुन् । यस कथामा अतिमानवीय र पदार्थ पात्रको उपस्थितिले कथालाई गतिशीलता प्रदान गर्नुका साथै रोचकता समेत प्रदान गरेको छ ।

### परिवेश

यस कर्म खोज्ने मानिस लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशको चित्रण भएको छ । यस कथाको कर्म खोज्ने मानिस घरबाट निस्केपछि बीच बाटोमा वास मागेको प्रसङ्ग, कर्म खोज्न जाँदा र आउँदाका घटनाक्रमहरूले ग्रामीण परिवेशलाई सङ्केत गर्दछ । प्रस्तुत कथालाई यिनै परिवेशले पूर्णता प्रदान गरेको छ ।

### उद्देश्य

यस कर्म खोज्ने मानिस लोककथाको उद्देश्य व्यवहारिक शिक्षा दिनु र मनोरञ्जन प्रदान गर्नु रहेको छ । यस कथामा अरुको भलाई गरेमा आफ्नो पनि भलाई हुन्छ भन्ने कुरा देखाएको छ । यस कथाको कर्म खोज्ने मानिसलाई सहयोग गरेकोले पीपल र शरीर फुल्लिने मानिसले पनि आफ्नो समस्याबाट छुट्कारा पाएका छन् । त्यस्तै यस कथामा मानवीय पात्रको अतिमानवीय र पदार्थ पात्रसँग कुराकानी भएको देखाएर मनोरञ्जकता प्रदान गरिएको छ ।

### संवाद

यस कर्म खोज्ने मानिस लोककथामा मानवीय पात्र, अतिमानवीय पात्र र पदार्थ पात्रका बीच संवाद भएको छ । यस्ता संवादहरूमा कर्म खोज्ने मानिसको शरीर फुल्लिने मानिससँगको

संवाद, पीपल र भगवान्सँगको संवाद आदि संवादहरू भएका छन् । कर्म खोज्ने मान्छे कर्मको खोजीमा निस्केको बेला बास माग्ने क्रममा उसले शरीर फुल्लिने मान्छेलाई भन्यो छ- “हजुर मलाई बास दिनुपऱ्यो । म कर्मको खोजीमा हिँडेको मान्छे हुँ ।” यिनै संवादहरूले यस कथालाई पूर्णता समेत दिने काम गरेको छ ।

**भाषाशैली**

यस लोककथामा सरल भाषाका साथै वर्णनात्मक शैली छ । यस कथामा प्रयोग भएका कथ्य रूप र लेख्य रूपहरू यस प्रकार छन् ।

| **कथ्य रूप** | **लेख्य रूप(मानक रूप)** |
|---|---|
| बड्डाबड्डी | बूढाबूढी |
| रैचन् | रहेछन् |
| बस्योछ | बसेछ |
| जेठोहोने | जेठोचाहिँ |
| भयोछ | भएछ |
| भ्याहुनाले | भएको हुनाले |
| हिँरेको | हिँडेको |
| तिमलाई | तिमीलाई |
| रातपर्च | रातपर्छ |
| शरील | शरीर |
| आम्नै | अटाउनै |
| बाइर | बाहिर |
| त्याँ | त्यहाँ |
| थैँ | थिएँ |
| ह्याँ | यहाँ |
| कौरी | कौडी |
| हरान्च | हराउँछ |

### अभिप्राय

यस कर्म खोज्ने मानिस लोककथामा कर्मको खोजीमा घर छोड्नु, शरीर फुल्लिएर घरमा नअटाउनु, पीपलको रुख रातमा सुक्नु, भगवान्लाई भेट्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यस कथाका बूढाबूढीको जेठो छोरो आफ्नो कर्म खोटी भयो भनेर घर छोडेको छ । ऊ कर्मको खोजीमा घर छोडेर जाने क्रममा शरीर फुल्लिने मानिस र रातमा सुक्ने पीपलसँग बास माग्न पुगेको प्रसङ्ग पनि रोचक छ । साथै भगवान्ले सबैको समस्या समाधान गरेको प्रसङ्ग पनि बडो रमाइलो छ । यिनै अभिप्रायहरूको प्रयोगले प्रस्तुत कथालाई रोचक बनाएको छ ।

## २०. जानपातेको कथा लोककथा

### लोकतत्व

प्रस्तुत लोककथामा तन्त्रमन्त्र, परीक्षा, आत्मशीलता सम्बन्धी विश्वास जस्ता लोकतत्वको उपयोग भएको छ । यस लोककथामा जानपातेकी आमाले आफ्नो छोरो तन्त्रमन्त्र गर्न सिपालु भएको जानकारी दिएकी छ । त्यसपछि जानपातेलाई गाउँलेहरूले औँठी पत्ता लगाइदिने, हात्ती मार्ने जस्ता काममा लगाएका छन् । यस तथ्यले लोकजीवनमा विद्यमान तन्त्रमन्त्र सम्बन्धी विश्वासलाई सङ्केत गर्दछ । यसै गरी गाउँलेहरूलाई जानपाते ज्योतिष भएको कुराप्रति विश्वास नहुँदा उसलाई परीक्षामा राखिएको छ तर जानपाते उक्त परीक्षामा उत्तीर्ण भएको छ । लोकविश्वास अन्तर्गत परीक्षा पनि पर्दछ । त्यस्तै गँगटोले जानपातेसँग वार्तालाप हुनु जानपातेलाई गँगटोले सहयोग गर्नु जस्ता प्रसङ्गले आत्मशीलतालाई सङ्केत गर्दछ ।

### कथावस्तु

यस जानपातेको कथा लोककथामा सामाजिक विषयवस्तुको उपयोग भएको छ । जानपातेलाई ज्योतिष सम्बन्धी कुनै ज्ञान नभए पनि उसको चतुऱ्याइँ का कारण कसरी आफूलाई सम्मानित बनाउन सक्यो भन्ने तथ्यलाई यस कथामा शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस लोककथाको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा संयोजन भएको छ । आदि भागमा जानपातेकी आमाले उसलाई ज्योतिष भएको थाहा पाउनु हो । मध्य भागमा जानपातेले औँठी भेटाउनु र पानी पर्ने कुरामा निश्चित गर्नु हो । अन्त्य भागमा भने हात्ती पनि सफल भएकोमा जानपातेलाई सम्मान सहित विदाई गर्नु हो । यिनै घटनाहरूको शृङ्खलित संयोजनले प्रस्तुत कथा पूर्ण बनेको छ ।

## चरित्र

यस जानपातेको कथा लोककथामा मानवीय तथा मानवेतर पात्रको उपस्थिति छ । यस कथामा मानवीय पात्रको रूपमा जानपातेका आमाछोरा रहेका छन् भने मानवेतर पात्रको रूपमा गङ्गटो र हात्ती रहेका छन् । यस कथामा जानपातेकी आमा, नोकर्नी आदि स्त्रीलिङ्ग र जानपाते, औँठी खोज्न लगाउने मान्छे, गाउँलेहरु आदि पुलिङ्गको रुपमा प्रयोग भएका छन् । मुख्य पात्र जानपाते, सहायक पात्र जानपातेकी आमा र गाउँलेहरु, गौण पात्रको रुपमा गङ्गटो, हात्ती र नोकर्नी रहेका छन् । जानपातेकी आमा प्रतिकूल पात्र हो भने अन्य सम्पूर्ण पात्रहरु अनुकूल पात्र हुन् । जानपाते वर्गीय पात्रको रुपमा आएको छ भने अन्य व्यक्तिगत पात्रको रुपमा आएका छन् । यिनै पात्रहरूको क्रियाकलापले प्रस्तुत कथालाई पूर्ण र रोचक पनि बनाएको छ ।

## परिवेश

यस जानपातेको कथा लोककथामा लौकिक परिवेश आएको छ । लौकिक परिवेश अन्तर्गत पारिवारिक तथा सामाजिक परिवेशको चित्रण गरिएको छ । जानपातेका आमाछोराको क्रियाकलापले पारिवारिक परिवेशलाई जनाएको छ भने जानपातेलाई ज्योतिष मानेर सभामा बसाएको प्रसङ्गले ग्रामीण सामाजिक परिवेशलाई सङ्केत गरेको छ । यस कथाका सबै घटनाहरू गाउँले परिवेशमा घटेका छन् । यिनै ग्रामीण परिवेशको केन्द्रियतामा प्रस्तुत कथाले पूर्णता पाएको छ ।

## उद्देश्य

यस जानपातेको कथा लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यस कथाको जानपाते आफूले केही पनि नजान्दा नजान्दै पनि उसको भाग्यको कारणले गर्दा सँधै सफल भएको देखाएर भाग्यवादी प्रवृत्तिलाई पनि सङ्केत गर्न खोजिएको छ । जानपातेले रोटीको सङ्ख्या थाहापाएको प्रसङ्ग र ज्योतिष बनेर सभामा सम्मान पूर्वक राखेको प्रसङ्गले यस कथालाई मनोरञ्जन प्रदान गरेको छ ।

## संवाद

यस जानपातेको कथा लोककथामा मानवीय पात्रहरूको बीचको संवादका साथै मानवीय र मानवेतर पात्रका बीचमा संवाद भएको छ । मानवीय पात्रहरूको संवादमा जानपाते र उसकी

आमाका बीचको संवाद, मानवीय र मानवेतर पात्रका बीचको संवादमा जानपाते र गङ्गटोका बीचको संवाद आदि संवादहरू पर्दछन् । औँठी हराएको मान्छेले जानपातेलाई हेराउन बोलाएको बेला उसलाई नीद लाग्यो छ र आफ्नो आखलाई भन्यो छ- "ऐले त सुत् आँखे भोलि था पाउलास् ।" यिनै संवादहरूले प्रस्तुत कथालाई मनोरञ्जन दिनुका साथै गति समेत दिएको छ ।

**भाषाशैली**

यस जानपातेको कथा लोककथामा वर्णनात्मक शैलीका साथै सरल भाषा छ । यस प्रयोग भएका कथ्य रूप र लेख्य रूपका शब्दहरूलाई यस प्रकार लेखिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप (मानक रूप)** |
|---|---|
| त्यई | त्यहीँ |
| भयाको | भएको |
| झाने रोटा | चिल्ला रोटी |
| रैचन् | रहेछन् |
| काँ | कहाँ |
| थापाएको | थाहा पाएको |
| ल्याई | ल्याएर |
| पत्तालाने | पत्ता लगाउने |
| ऐल | अहिले |
| था | थाहा |
| ब्यान | बिहान |
| त्योहुनी | त्योसँग |
| भागिऱ्याछौ | भागिरहेकाछौ |
| त्यै | त्यहीँ |
| गर्द्योछ | गरिदियोछ |
| साप | सर्प |
| रोटा | रोटी |
| मार्देला | मारिदिएला |

| | |
|---|---|
| थ्यो | थियो |
| अर्नी | खाजा |

**अभिप्राय**

यस जानपातेको कथा लोककथामा झाने रोटा, सामान्य मानिस ज्योतिष बन्नु, गङ्गटोले मान्छेसँग कुराकानी गर्नु, पिठो पिस्दा सर्प पिसिनु, रोटी खाएर सर्प मर्नु जस्ता अभिप्रायको प्रयोग भएको छ । यी लोकजीवनसँग सम्बद्ध अभिप्रायहरूको प्रयोगले यस कथालाई रोचक बनाएको छ ।

## ४.९ निष्कर्ष

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधाको रूपमा रहेको छ । लोकमानसमा लोकप्रिय विधाको रूपमा रहेको यो लोककथा भन्ने र सुन्ने परम्परा प्राचीनकालदेखि नै चल्दै आएको पाइन्छ । श्रुति परम्परामा हुर्किदैं आएका यस्ता लोककथाहरू समय र स्थान अनुसार फरक-फरक हुन्छन् । त्यसैले विभिन्न विद्वानहरूले लोककथालाई आ-आफ्नो तरिकाले वर्गीकरण र विश्लेषण गर्ने गरेको पाइन्छ । सङ्कलन गरिएका लोककथाहरू पनि विभिन्न प्रकारका हुन्छन् । यस्ता लोककथाहरूलाई सामाजिक लोककथा, धार्मिक तथा साँस्कृतिक लोककथा, रिस-डाहका लोककथा, उपदेशात्मक लोककथा, अतिरञ्जित लोककथा, पशुपंछी सम्बन्धी लोककथा र विविध लोककथा गरी सात प्रकारमा वर्गीरकण गरिएको छ । यहाँ सङ्कलित लोककथाहरूमा लोककथाका सबै तत्वहरू समाविष्ट भएका छन् । त्यसैले यस परिच्छेदमा ती लोककथाका तत्वहरू- लोकतत्व, कथावस्त, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्रायका आधारमा सङ्कलन गरिएका लोककथाहरूको विश्लेषण गरिएको छ ।

# पाँचौ परिच्छेद

# उपसंहार

दाङ जिल्ला नेपालका पाँच विकास क्षेत्रमध्ये मध्यपश्चिामाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलको पाँच जिल्ला मध्येको  एक हो । तिनै राप्ती अञ्चल अन्तर्गत पर्ने दाङ जिल्लामा घोराही नगरपालिका र तुलसीपुर नगरपालिकासहित दुईवटा नगरपालिकाका साथै उनन्चालिस् गाउँ विकास समिति  रहेका छन ।  यो दाङ जिल्ला ऐतिहासिक महत्वका साथै साँस्कृतिक विविधता बोकेको जिल्ला हो । यहाँ लोकगीत, लोककथा, लोकगाथा, उखान टुक्का, गाउँखानेकथा आदि सामग्रीहरू पाइन्छन । यस शोधपत्रमा दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूको अध्ययन गर्ने उद्देश्य लिएर प्रस्तुत शोधपत्र तयार गरिएको हो । यस क्रममा प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी बिषयवस्तुको अध्ययन गरिएको छ ।

## ५.१ सारांश

यस शोधपत्रमा दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्रभित्र प्रचलित लोककथाहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ । यस शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय छ । यस परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

दोश्रो परिच्छेदमा लोककथाको सैद्धान्तिक परिचय, नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा रहेको छ । लोककथाको सैद्धान्तिक परिचय अन्तर्गत लोककथाको परिचय, परिभाषा, लोककथाको स्वरूप, लोककथाका तत्वहरू, लोककथाका विशेषता, लोककथाको वर्गीकरण, लोककथा र आधुनिक कथा बीचको अन्तर रहेको छ भने नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा अन्तर्गत नेपाली लोककथाको  सङ्कलन र अध्ययन परम्परा दिइएको छ । तेस्रो परिच्छेदमा तुलसीपुर नगरपालिकाको सामान्य परिचय दिँदै त्यस क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । यस परिच्छेदमा त्यस क्षेत्रभित्रका बिसवटा लोककथाहरू समेटिएको छ । चौथो परिच्छेदमा सङ्कलित लोककथाहरूको वर्गीकरण र

विश्लेषण गरिएको छ । वर्गीकरण गर्दा पूर्वीय एवं पाश्चात्य विद्वानहरूका वर्गीकरणलाई आधार मानिएको छ । यसका साथै सङ्कलित लोककथाहरूको विश्लेषण पनि गरिएको छ । विश्लेषण गर्दा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय जस्ता तत्वहरूको आधारमा गरिएको छ । पाँचौं परिच्छेदमा उपसंहार खण्ड रहेको छ । यस अन्तर्गत सारांश, निष्कर्ष र भावी अनुसन्धानका लागि केही सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

लोकसमाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्तिलाई नै लोककथा भनिन्छ । यसको विकास मानव सभ्यताको सँगसँगै भएको पाइन्छ । लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्यविधा अन्तर्गत पर्दछ । आफ्नै विशेषताहरू बोकेको यो लोककथा एक महत्वपूर्ण र लोकप्रिय विधाको रूपमा स्थापित भएको छ । यो एउटा सिंगो संरचना हो । त्यसैले यो विभिन्न तत्वहरूको संयोजनबाट निर्माण भएको हुन्छ । लोककथाका तत्वहरूमा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय पर्दछन । त्यसैले यस शोधपत्रमा सङ्कलन गरिएका लोककथाहरूलाई पनि यिनै तत्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

यस शोधपत्रमा सङ्कलन गरिएका लोककथाहरू तुलसीपुर नगरपालिका क्षेत्रभित्रबाट लिएर तिनीहरूको विश्लेषण गरिएको छ । त्यहाँका लोककथाहरूमा त्यस क्षेत्रको स्थानीय लोकधारणा, सामाजिक सांस्कृतिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, भाषिक अवस्था आदिको चित्रण भएको पाइन्छ । यहाँ संकलित लोककथाहरूमा धेरै जसो सामाजिक लोककथाहरू पाइन्छन् । उद्देश्यका दृष्टिकोणबाट नियाल्दा यहाँ संकलित लोककथाहरू धेरैजसो मनोरञ्जन प्रदान गर्ने र नैतिक शिक्षा दिने खालका पनि छन् ।

## ५.३ भावी अनुसन्धानका लागि केही सुझावहरू

यस दाङ जिल्लामा प्रशस्त लोकसाहित्यिक सामग्रीहरू रहेका छन् र भावी अनुसन्धाताले निम्न लिखित विषयमा अनुसन्धान गर्न सक्ने छन्-

क) दाङ जिल्लामा प्रचलित लोकगाथाको अध्ययन ।

ख) दाङ जिल्लामा प्रचलित लोकनाटकको अध्ययन ।

## सन्दर्भग्रन्थसूची


- उपाध्याय, कृष्णदेव, लोकसाहित्यकी भूमिका, तृ.सं., इलाहावादः साहित्य भवन प्रा.लि., सन् १९७७ ।
- कोइराला, शम्भुप्रसाद, लोकसाहित्यः सिद्धान्त र प्रयोग, विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।
- गिरी, जीवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, काठमाडौँः एकता प्रकाशन, २०५७ ।
- ________________ , हाम्रा लोकगाथा, काठमाडौँः एकता प्रकाशन, २०५७ ।
- ________________, नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन, भक्तपुरः विश्वविद्यालय अनुसन्धान आयोग, २०६५ ।
- घिमिरे, कपिल, (सम्पा) मधुपर्क, वर्ष ३५, अङ्क ४, २०५९ भदौ ।
- थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँः पा. वि. के. त्रि.वि., २०४१ ।
- दिवस तुलसी, (सम्पा), नेपाली लोककथा, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०३२ ।
- नेपाल 'यात्री' पूर्णप्रकाश, भेरी लोकसाहित्य, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०४१ ।
- पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौँः वीणा प्रकाशन, २०५७ ।
- पराजुली, मोतीलाल, नेपाली लोकगाथा, पोखराः श्रीमती तारादेवी पराजुली, २०४९ ।
- ________________, नेपाली लोककथाहरूका अभिप्रायहरूको अध्ययन, विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., २०५४ ।
- ________________ , सोरठी नृत्यनाटिका, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०६३ ।
- बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, काठमाडौँः एकता बुक्स, २०५८ ।

- भारती, सरिता, रोल्पा जिल्लाका साहित्यिक गतिविधिहरूको सर्वेक्षणात्मक अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६२ ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।
- शर्मा, श्रीराम, लोकसाहित्य सिद्धान्त और प्रयोग, तृ.सं., आगरा : विनोद पुस्तक मन्दिर, सन् १९९२ ।
- सत्येन्द्र, लोकसाहित्य विज्ञान, आगराः शिवलाल र कम्पनी, १९७१ ।
- सापकोटा, माधवप्रसाद, लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन, काठमाडौँः सुजाता प्रकाशन, २०६६ ।
- सुवेदी, केशव, नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा, काठमाडौँः अनुसन्धान प्रतिवेदन ने.सं.वि., २०५५ ।